



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)



» मंगलबार, असोज ३, २०७४ » Tuesday, September 19, 2017 » www.newsofnepal.com » नेसं ११३७ ञला गा: १४ » वर्ष २३, अंक २५२ » पृष्ठ १२ » मूल्य रू. १०/–



२ { प्रदेश नं. २ को चुनावी तस्वीरका झलक

५ { नयाँ संविधान कार्यान्वयन अन्तिम चरणमा : रेग्मी

८ { रोहिंग्या मुसलमान नरसंहार रोक्ने अधिकार सेना प्रमुखसँग

१० { १० प्रतिशत कमिसनमा सडकमै नयाँ नोट


# मधेसको संयम सन्देश

## उत्साहजनक सहभागिता

बीपी साह, जनकपुरधाम

तेस्रो मधेस आन्दोलनका कारण स्थगित हुँदै आएको स्थानीय तहको सम्पूर्ण निर्वाचन सम्पन्न भएको छ।

मधेसको मुख्य ८ जिल्लामा भएको आन्दोलनले समग्र देशकै निर्वाचन प्रभावित हुँदा तीन चरणमा निर्वाचन गर्नुपरेको हो। आन्दोलनका कारण अशान्त रहँदै आएको मधेस तेस्रो चरणको निर्वाचनसँगै संयम देखिएको छ।

तेस्रो एवम् अन्तिम चरणमा २ नम्बर प्रदेशको ८ जिल्लाका १ सय ३६ स्थानीय निकायका लागि भएको निर्वाचन शान्तिपूर्ण तवरले सम्पन्न भएको छ।

यसअघिका दुई चरणको निर्वाचनका क्रममा झडप हुँदा ५ जनाको मृत्युसमेत भएको थियो। तर तेस्रो चरणको निर्वाचन निकै संयमितरूपमा सम्पन्न भएको छ।

सप्तरी र सर्लाहीमा सामान्य विवाद भए पनि अन्य जिल्लामा शान्तिपूर्णरूपले मतदान सम्पन्न भएको छ। मधेसले लोकतन्त्रमा विश्वास गरेको र निर्वाचनको



पक्षमा रहेको डा. राजेन्द्र विमलले बताउनुभयो। उहाँले निर्वाचन बहिष्कारबाट लोकतन्त्र कमजोर हुने टिप्पणीसमेत गर्नुभयो।

मधेसका सशस्त्र समूह तथा निर्वाचन विरोधी समूहको गतिविधि शून्य रहेकाले कुनै अप्रिय घटना नभएको वरिष्ठ अधिवक्ता सुरेन्द्र महतोले बताउनुभयो।

उहाँले भन्नुभयो- 'राजपा निर्वाचनमा सहभागी भएको छ। मधेसका सशस्त्र समूह अस्तित्वमा छैन। सबभन्दा ठूलो डर मानिएको सीके राउतको समूह निर्वाचनमा सहभागी भएको छ। त्यसकारण कुनै अप्रिय घटना भएन र समग्र मधेसको निर्वाचन शान्तिपूर्ण भएको छ।'

### मधेसको चुनाव केन्द्रमा जे देखियो

बिहान सात बजेदेखि लगभग सबै मतदान केन्द्रमा मतदान शुरू भइसकेको थियो। मधेसमा अहिले पनि निकै गर्मी रहेकाले सर्वसाधारण बिहानकै शीतल अवस्थामा मतदान गर्न पुगेका थिए।

निर्वाचनमा मौसमले पनि साथ दिएको थियो। सोमबार अघिल्ला दिनको तुलनामा गर्मी कम थियो। जसकारण उल्लेखनीयरूपमा मतदाता मतदान केन्द्रका लाइनमा धैर्य गरेर बसेका थिए। मधेसका अधिकांश मतदान स्थलहरूमा महिलाको उपस्थिति उल्लेख्य रहेको थियो। युवाहरू बिदेसिएकाले मतदान केन्द्र महिलाहरूको उपस्थिति उल्लेख्य थियो।

धनुषाको सपही मतदान केन्द्रमा बिहान ८ बजे मत खसाल्न आउनेमध्ये ८० प्रतिशत महिला नै थिए।

(क्रमशः पृष्ठ ९ मा)

# २ नम्बर प्रदेशमा ७३ प्रतिशत मतदान

सुनील महर्जन, काठमाडौं

प्रदेश नम्बर २ का आठ जिल्लाका १ सय ३६ स्थानीय तहमा सोमबार भएको निर्वाचनमा ७३ प्रतिशत मत खसेको पाइएको छ।

एकाध छिटपुट घटनाबाहेक अधिकांश स्थानमा शान्तिपूर्णरूपमा भएको मतदानमा आयोगले ७३ प्रतिशत मत खसेको प्रारम्भिक अनुमान गरेको हो। यसअघि वैशाख ३१ गते भएको स्थानीय तहको पहिलो चरणको निर्वाचनमा पनि ७३ प्रतिशत मत खसेको थियो।

२ हजार १ सय ६४ मतदानस्थलका ३ हजार ५ सय ७५ मतदान केन्द्रमा मतदान सम्पन्न भएको छ। शान्तिपूर्ण, उत्साहजनक र मतदाताको व्यापक सहभागितामा निर्वाचन सम्पन्न भएको आयोगले जनाएको छ। निर्वाचनबाट ६ हजार ६ सय २७ जनप्रतिनिधि निर्वाचित हुनेछन्।

मधेस आन्दोलनको मुख्य केन्द्रबिन्दु रहेको प्रदेश नम्बर २ मा पछिल्लोपटक बाढी र डुबानमा परी अत्यधिक धनजनको क्षति भएको थियो। यसका बाबजुद शान्तिपूर्ण र उत्साहजनकरूपमा मतदान भएको प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले पत्रकार सम्मेलनमा जानकारी दिनुभयो।

पटक-पटक सर्दै राजनीतिक सहमति र समझदारीका साथ प्रदेश नम्बर २ मा स्थानीय तह निर्वाचन भएको हो। यसबाट संविधानले परिकल्पना गरेको स्थानीय तह संरचनाको आधार तय भएको प्रमुख निर्वाचन आयुक्त डा. यादवले दाबी गर्नुभयो।

मतगणना शुरू भएको पाँच दिनभित्र सबै परिणाम सार्वजनिक गरिसक्ने आयोगले जनाएको छ। अहिले मतपेटिका मुख्य निर्वाचन अधिकृत र

**पाँच दिनभित्रै मतपरिणाम आउने आयोगको दाबी**

निर्वाचन अधिकृतको कार्यालयमा लैजाने काम भइरहेको छ।

मतदान कार्य सम्पन्न भई मतपेटिका सम्बन्धित स्थानीय तहको मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भएपछि मतगणना प्रक्रिया अगाडि बढाइने भएको छ।

मतपेटिका प्राप्त भएपछि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतले मतगणना गर्ने विषयमा राजनीतिक दलसँग समन्वय गरी मतगणनाको मिति र समय तोक्ने आयोगले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# सातै प्रदेशलाई उत्तरसँग जोड्ने तयारी

टीका बन्धन, काठमाडौं

छिमेकी मुलुक चीनसँग सीमा जोडिएका विभिन्न नाका खुलाउन दुवै मुलुकका उच्च अधिकारी संलग्न बैठक भोलि बुधबार राजधानीमा शुरू हुँदै छ। बैठकमा सहभागी हुन सह-सचिवस्तरका चिनियाँ अधिकारी सोमबार साँझ काठमाडौं आइपुगेका छन्।

भूकम्पले क्षति पुऱ्याएको तातोपानीसहित उत्तरतर्फका नाका खुलाउने विभिन्न विकल्पका बारेमा बैठकमा विस्तृत छलफल हुने भौतिक पूर्वाधार तथा यातायातमन्त्री वीरबहादुर बलायरले जानकारी दिनुभयो। उहाँका अनुसार नेपालले पूर्व-पश्चिम सबै क्षेत्रलाई समेट्ने गरी उत्तरतर्फका विभिन्न ९ नाका खुलाउन प्रस्ताव गर्नेछ।

'पूर्वको ताप्लेजुङ-ओलाङचुङ गोलादेखि सुदूरपश्चिमको बझाङ-ताक्लाकोटसम्मका ९ वटा नाका खुलाउन हामीले तयारी गरेका छौं, सातवटै प्रदेशलाई समेट्ने गरी नाका खुलाउने प्रयास गरिनेछ।' -मन्त्री बलायरले *नेपाल समाचारपत्र*सँग भन्नुभयो।

दुवै मुलुकका सीमा नाका जटिल भौगोलिक बनावट र अधिकांश समय हिमपातले अवरुद्ध रहने भएकाले आवश्यकताअनुसार सुरुङमार्ग र फ्लाइओभरसहितका विकल्प प्रस्ताव गर्ने उहाँले जानकारी दिनुभयो।

मन्त्री बलायरले प्रस्टयाउँदै भन्नुभयो- 'दुवैतर्फ बाह्रै महिना सडक सुचारु होस् भन्ने नेपालको चाहना हो, त्यसका लागि टनेल र फ्लाइओभर विकल्प हुन सक्छ, यसमा चिनियाँ पक्षसमेत सकारात्मक बन्ने हाम्रो विश्वास छ।'

यही बैठकको तयारीका सिलसिलामा मन्त्री बलायरले सोमबार नेपालका लागि चिनियाँ राजदूत यू होङसँग भेटवार्ता गर्नुभएको थियो।

भोलिको बैठकमा चीनको बेइजिङ र ल्हासाबाट १३ जना चिनियाँ अधिकारी सहभागी हुनेछन् भने काठमाडौंस्थित चिनियाँ दूतावासबाट अन्य अधिकारी पनि संलग्न हुनेछन्।

नेपालबाट भौतिक पूर्वाधारसहित, परराष्ट्र, अर्थ, कानुन, ऊर्जा, शहरी विकास मन्त्रालयका अधिकारी बैठकमा सहभागी हुने बताइएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# अन्ततः खड्का बर्खास्त

नेपाल समाचारपत्र

काठमाडौं

सरकारले नेपाल आयल नियमका कार्यकारी निर्देशक गोपाल खड्कालाई बर्खास्त गर्ने निर्णय गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले निगमका कार्यकारी निर्देशक खड्कालाई बर्खास्त गर्ने निर्णय गरेको हो।

सरकारले निर्देशक खड्काले काममा असहयोग गरेको र निगमले इन्धन डिपो सञ्चालन गर्न जग्गा खरिद गर्दा अनियमितता गरेको आरोप लगाउँदै बर्खास्त गर्ने निर्यण गरेको हो।

खड्का २०७१ साल माघ १४ गतेको मन्त्रिपरिषद्को निर्णयबाट निगमको कार्यकारी निर्देशकमा नियुक्त हुनुभएको थियो। सुनीलबहादुर थापा आपूर्तिमन्त्री हुँदा खड्कालाई मन्त्रिपरिषद्को निर्यणबाटै निगमको जिम्मेवारी दिइएको थियो भने अहिले



पनि मन्त्रिपरिषद्को निर्यणबाटै पदमुक्त गराइएको छ।

पेट्रोलियम भण्डारण क्षमता विस्तार गर्न निगमको जग्गा खरिदमा आर्थिक अनियमितता भएको भन्दै विभिन्न संसदीय समितिले खड्कालाई कारबाही गर्न मन्त्रिपरिषद्लाई सिफारिस गरेको थियो।

घाटामा चलिरहेको निगमका कर्मचारीलाई बोनस बाँडेको विषयमा तत्कालीन कार्यकारी निर्देशक सुरेशकुमार अग्रवालसहित कर्मचारीलाई जेल हालेको अख्तियारले करोडौं रुपियाँ बराबरको घोटाला गरेको प्रमाण छताछुल्ल हुँदा पनि खड्कालाई कारबाही गर्न हिचकिचाउँदै आएका बेला मन्त्रिपरिषद्ले उक्त निर्णय गरेको हो।

भारतले लगाएको नाकाबन्दीका बेला निजीक्षेत्रको कम्पनी विराट पेट्रोलियमलाई पेट्रोल र डिजेल आयात एवम् ढुवानीको जिम्मा दिने र हवाई इन्धनका लागि अर्को कम्पनी पेट्रोम्याक्सलाई जिम्मा दिने निर्णय गरेपछि ठूलै खैलाबैला मच्चिएको थियो।

त्यतिमात्र होइन, नाकाबन्दीताका सर्वसाधारणले इन्धन नपाएका बेला कालोबजारीलाई प्रश्रय दिई ठूला व्यापारीलाई इन्धन उपलब्ध गराउने वातावरण सृजना गरेको भन्दै खड्का आलोचित भएका थिए।

(क्रमशः पृष्ठ ९ मा)

# 'पिछडिएको क्षेत्र' र 'अल्पसंख्यक' जातिको परिभाषा

नेपाल समाचारपत्र

काठमाडौं

मन्त्रिपरिषद्को बैठकले प्रदेशसभाको चुनावी प्रयोजनका लागि 'पिछडिएको क्षेत्र' र 'अल्पसंख्यक' जातिको परिभाषा निर्धारण गरेको छ।

सोमबार बसेको बैठकले पिछडिएको क्षेत्र तोकी राजपत्रमा सूचना प्रकाशित गर्ने निर्णय गरेको हो। राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न बनेको विधेयक बैठकबाट पारित भएको छ। सो बैठकले विधेयक पारित गरी संसद्मा पठाउने निर्णय गरेको हो।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिक्षण अस्पतालका लागि दाङको घोराहीस्थित राप्ती उपक्षेत्रीय अस्पताललाई ३ सय शय्यामा स्तरोन्नति गर्ने निर्णय पनि भएको छ। बैठकले आठौं गैरआवासीय नेपाली विश्व सम्मेलन उच्चस्तरीय आयोजक समिति गठन गर्ने निर्णय गरेको छ। सो सम्मेलन असोज २८ गतेदेखि ३० गतेसम्म राजधानीमा आयोजना हुनेछ।

संयुक्त राष्ट्र संघ सुधारसम्बन्धी राजनीतिक घोषणा-पत्रमा हस्ताक्षर गर्न र राष्ट्र संघ नियोगका प्रमुख दुर्गा भण्डारीलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरेको छ। त्यस्तै बैठकले आणविक अस्त्र निषेधसम्बन्धी सन्धिमा हस्ताक्षर गर्न उपप्रधान तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महरालाई अधिकार प्रत्यायोजन गरेको छ। बैठकले सञ्चार मन्त्रालयमा सञ्चार विज्ञका रूपमा छक्कबहादुर खड्कालाई नियुक्त गर्ने निर्णय गरेको छ।



# प्रदेश नं २ को चुनावी झलक














LET ME DANCE NEPAL
SEASON 2

राष्ट्रव्यापी नृत्य प्रतियोगिता Let Me Dance Season 2 को विजेताहरुलाई

हार्दिक बधाई




| अभिषेक महर्जन | सिमा कौचा मगर | विष्णु मगर | योगेश श्रेष्ठ |
|---|---|---|---|
| 3rd Runner UP | 1st Runner UP | Winner | 2nd Runner UP |

यहाँहरुबाट नेपालको नृत्य क्षेत्रले महत्वपुर्ण योगदानप्राप्तगर्ने विश्वास गर्दछौं ।

Sponsored By
DC Diamonds
ECO TANK
nayan INTERCONTINENTAL PVT. LTD.
MAYUR

Organized By
TRIKAL ART ACADEMY
MEETING POINT
Communication with a difference


GAJABKO
OFFERS FOR YOU
OFFER Rs. 7,000 Cash Back & much more...
SAMSUNG S8
Rs. 88,900
SAMSUNG GALAXY S7 EDGE
Rs. 76,900
HTC U Play
Rs. 49,999
HTC DESIRE 630
Rs. 24,519
MI MIX
Rs. 94,999
MI 6
Rs. 54,999
COLORS PRIDE P-85 SELFIE PRO
Rs. 14,995
COLORS PRIDE P-5 CHAMP
Rs. 3,895
BALTRA LUNCH BOX
Rs. 750- Rs.3,250
CG 1800W VACUUM CLEANER
Rs. 6,990
CG 2.8 LTR RICE COOKER
Rs. 2,764
CG ELECTRIC OVEN
Rs. 6,253
BALTRA FRESCO AIR FRIER
Rs. 16,500
BALTRA MAGICCOOK ROTI MAKER
Rs. 3,125
BALTRA CRUNCHY 2+ SLICE TOASTER
Rs. 1,600
BALTRA INDUCTION COOKER
Rs. 4,025-5,750
GoldStar
Our Price Rs. 1000
Market Rate Rs.1100
Our Price Rs. 1600
Market Rate Rs.1800
GoldStar
Our Price Rs. 750
Market Rate Rs.850
Our Price Rs. 750
Market Rate Rs.850
www.facebook.com/gajabko
www.twitter.com/gajabko
www.instagram.com/gajabko
9840171355
gajabko.com
soon to be
Nepal's largest online store.

# विचार

{ तपाईंको अनुमतिविना कसैले पनि तपाईंको अपमान गर्न सक्दैन। - इलेनोर रुजबेल्ट

{ यदि तपाईं सत्य बोल्नुहुन्छ भने तपाईंलाई कुनै पनि कुरा याद राख्नुपर्नेछैन। - मार्क ट्वेन

## सम्पादकीय

नेपाल समाचारपत्र

# सम्मानपूर्वक आजीवन सुविधा

पूर्वपदाधिकारीहरूलाई राज्यबाट आजीवन सुविधा दिने उद्देश्यले ल्याइएको विधेयक पारित भएको छ । मुलुक सञ्चालन गर्नेहरू र नीति–नियम निर्माणमा सहभागीहरूलाई पूर्वपदाधिकारी भनी उहाँहरूलाई राज्यबाट आजीवन सुविधा दिने उद्देश्यअनुरूप उक्त विधेयक ल्याइएको हो । पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वसभामुख, राष्ट्रिय सभाका पूर्वअध्यक्ष र पूर्वप्रधानन्यायाधीशहरूलाई पूर्वपदाधिकारीका रूपमा उक्त सुविधा प्रदान गर्न लागिएको हो । पूर्वपदाधिकारीको परिभाषामा पूर्वसांसदहरूलाई समावेश गरिए पनि उनीहरूलाई आजीवन सुविधा भने नदिने गरी विधेयक तयार गरिएको छ ।

संसद्को राज्य व्यवस्था उपसमितिले तयार पारेको विधेयकमा पूर्वराष्ट्रपतिको घर राजधानीमा नभए उहाँलाई मासिक २ लाख रुपियाँ बाँचुन्जेल दिने पनि विधेयकमा उल्लेख गरिएको छ । त्यस्तै अन्य पदाधिकारीका लागि मासिक ७५ हजार रुपियाँ आजीवन सुविधा दिने उल्लेख गरिएको छ । त्यस्तै गरी राजधानीमा घर हुने पूर्वराष्ट्रपतिलाई वार्षिक १० लाख रुपियाँ दिने गरी विधेयक ल्याइएको छ । यसअघि पूर्वपदाधिकारीका बारेमा कुनै कानुन नभएकाले पूर्वपदाधिकारीलाई कस्तो सुविधा दिने भन्ने बारेमा अन्योलता रहँदै आएको थियो । पूर्वराष्ट्रपति डा. रामवरण यादवलाई राज्यले कस्तो सुविधा दिने भन्ने बारेमा विगतमा राज्यका निकायबीच नै विवाद उत्पन्न भएको थियो ।

पूर्वपदाधिकारीलाई दिइने सुविधा ऐनमा नै व्यवस्था गरिएपछि पूर्वपदाधिकारीलाई दिइने सुविधासम्बन्धी सबै खालका समस्या समाधान हुने देखिन्छ । संसद्ले यसअघि नै ल्याउनुपर्ने यो विधेयक ढिला गरी आएको छ । अन्य देशहरूमा पनि पूर्वपदाधिकारीहरूलाई यस प्रकारका सुविधा दिने प्रचलन रहेको छ । तर यसरी प्रदान गरिने सुविधामा समयसापेक्षरूपमा परिवर्तन हुनु भने जरुरी छ । एकपटक बनाएको कानुन वर्षौंसम्म परिमार्जन नहुने हो भने दिनेले दिएको जस्तो र लिनेले पनि लिएको जस्तो मात्रै हुन्छ । त्यसैले समयअनुसार परिमार्जन गरिनुपर्नेतर्फ पनि नीति–निर्माण गर्नेहरूले विचार गर्नुपर्ने हुन्छ । जे होस्, राज्यले सम्मानस्वरूप पूर्वपदाधिकारीहरूलाई दिन लागेको यस किसिमको सुविधालाई जायज नै भन्दा अत्युक्ति नहोला ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

## सन्दर्भ : संविधान दिवस

# संविधानको पूर्ण कार्यान्वयन चुनौतीपूर्ण



बद्री तिवारी

आज संविधान दिवस। आजकै दिन- २०७२ साल असोज ३ गते जननिर्वाचित संविधानसभाबाट नेपालको संविधान २०७२ पारित भएको ऐतिहासिक अवसरमा विभिन्न कार्यक्रमका साथ यो दिवस मनाइँदै छ। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने उद्देश्यका साथ संविधान जारी भएकै मितिदेखि कार्यान्वयनको शुरुवात भएको सन्दर्भलाई हेर्दा यो दिवसको सार्थकता स्वाभाविक रूपमा ठहरिन्छ। अझ नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गरेको कारणले पनि यसको महत्व असीमित छ भन्दा अत्युक्ति नहोला। संविधानको प्रस्तावनाबाट उद्धृत गरिएका यी शब्दहरूले वास्तविकतामै राष्ट्र र जनहितका पक्षमा धेरै कुरा बोलेका छन्।

संविधान देशको मूल कानुन हो, यसकै आधार र पृष्ठभूमिमा रहेर आवश्यक अन्य कानुन निर्माण गरिने हुनाले पनि यसको महत्व थप प्रस्ट हुन्छ। विगतका संविधानको तुलनामा यस संविधानले बहुलवादी दृष्टिकोणलाई प्राथमिकता दिएको कारणले पनि पृथक्रूपमा व्याख्या विश्लेषण गरिँदै आएको छ। सामान्य नागरिकदेखि उच्चपदस्थ अधिकारीहरूसम्मले बुझ्नै पर्ने कुरा भनेको संविधानको मर्म र भावना हो, किनकि संविधान सबैको साझा दस्तावेज हो। संविधान सबैको साझा भएकोले यसको पालना र संरक्षण पनि सबैको दायित्वभित्र पर्दछ। संविधान एकपटक बनिसकेपछि सदाका लागि अपरिवर्तनीय हुनेछ भन्ने कहीँ-कतै उल्लेख नभएकोले आवश्यकता र औचित्य पुष्टि गर्दै संशोधन विधेयक संसद्समक्ष पेस गर्न सकिनेछ। त्यसरी पेस गरिएको संशोधन विधेयक संसद्मा कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतले पारित गर्नुपर्ने स्पष्ट व्यवस्था गरिएकोले कहीँ कसैले छलकपट गर्न सक्ने सम्भावना न्यून रहनेछ।

> कुनै पनि संविधान तथा ऐन कानुन सधैँ उही अवस्थामा रहिरहँदैनन्। समयको परिवर्तनसँगै ती पनि परिवर्तनभइरहन्छन्। रहयो कुरो त्यसलाई सञ्चालन गर्ने पात्रहरूको। संविधान कार्यान्वयन गर्ने पात्रहरू सही भए भने त्यो अपेक्षाकृत सदुपयोग भएको देखिनेछ तर पात्र सही भएनन् भने त्यसको दुरुपयोग हुनेछ।

संविधानको भाग ३१ धारा २७४ ले यससम्बन्धी व्यवस्था गरेको छ। उक्त धाराको उपधारा १ अनुसार नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने स्थितिबाहेकका सवालहरूमा संशोधन प्रस्ताव अघि बढाउन सकिनेछ भन्ने कुरालाई भने कसैले पनि भुल्नुहुँदैन। सोही सन्दर्भ आवश्यकता र औचित्यताका आधारमा उठाउन सकिने प्रावधानलाई पनि सदुपयोग गर्न सकिनेछ, किनकि संविधान भनेको गतिशील दस्तावेज हो।

तर दुर्भाग्य नै मान्नुपर्छ, संविधानको हवाला दिँदै गरिएका कतिपय निर्णयहरू अपरिपक्व साबित मात्र भएनन्, राज्यशक्तिसँग जोडिएका निकायहरूको धज्जी पनि उडाइयो नराम्रोसँग। आ-आफ्नै दलगत, गुटगत र सीमित समूहको स्वार्थगत निर्णय गर्नका लागि आफ्नै अनुकूलतामा संविधानको व्याख्या गर्ने प्रवृत्तिको विकास हुन पुग्नु कुनै पनि हिसाबले जायज मान्न सकिँदैन। सत्तारुढ दलहरूले गरेका केही सहमति तथा निर्णयलाई हेर्दा संवैधानिक अधिकारको प्रयोग संविधानको मर्म र भावना विपरीत भएको पाइन्छ। नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा बढुवाको विषयलाई लिएर सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीविरुद्ध महाअभियोग प्रस्ताव दर्ता गरिनु र पछि सो मुद्दा नै खारेज हुनुले संविधानको धज्जी उडाइएको प्रस्ट हुन्छ। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारका पालामा सत्तारुढ दलद्वय माओवादी केन्द्र र नेपाली कांग्रेसका २ सय ४९ जना सांसदले प्रधानन्यायाधीश कार्कीविरुद्ध विभिन्न अभियोग लगाएर संसद्मा महाभियोग दर्ता गराएका थिए। संविधानको धारा १०१ लाई लिँदै कार्कीमाथि कार्यपालिकाको अधिकारमा हस्तक्षेप गरेको, प्रहरी महानिरीक्षक पदमा बढुवा सिफारिशमा पहिलो भएकालाई दोस्रो र दोस्रो भएकालाई पहिलो वरियतामा राखेको, अदालतमा गुटबन्दी गरेको, कार्यक्षमताको अभाव भएको र खराब आचरण भएको लगायतका अभियोग लगाइएको थियो। खास कारणचाहिँ नेपाली कांग्रेसका सभापति एवम् वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाको चाहनाबमोजिम प्रहरी महानिरीक्षकको नियुक्ति बदर हुनु नै महाअभियोगको मूल कारण बनेको थियो।

प्रधानन्यायाधीश कार्कीविरुद्धको महाभियोग प्रस्ताव संविधानविपरीत, अझ भनौं संविधानको मर्म र भावनाविपरीत भएको ठहर गर्दै सर्वोच्चबाटै कार्कीको पक्षमा मुद्दा फैसला भयो। त्यसपछि कार्कीले नियमित प्रक्रियाबमोजिम कार्यभार सम्हालेर अवकाश लिनुभयो। अब यहाँनिर प्रश्न उठ्न सक्छ- त्यही एउटै संविधानअन्तर्गतका कार्यहरू कहिले ठीक त कहिले बेठिक, आखिर यस्तो किन ? हो, यहीँनिर सर्वसाधारण नागरिकहरूले प्रश्न उठाउँछन्। यसको जवाफ कसले दिने ?

त्यति मात्रै होइन, त्यसअघि सरकारमा बस्ने पदाधिकारीहरूको अपरिपक्वता अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त पदमा नियुक्त गरिएका लोकमानसिंह कार्कीको आगमन र बहिर्गमनसँग जोडिएको छ। सत्ता पक्ष, विपक्षलगायत सबै एकमत भई कार्कीलाई नियुक्ति दिइयो, अहिले आएर सबै मिलेपछि निजलाई अयोग्य ठहर्‍याउँदै संयुक्त प्रयासमै हटाइयो। यसरी नियुक्ति गर्दाका बखत उनै व्यक्ति योग्य हुने र केही वर्ष काम गरेपछि उनी अयोग्य हुने, यो कस्तो निर्णय ? सबै ठूला दलका नेताहरूको सम्पत्ति छानबिन, आर्थिक अनियमिततालगायतका विषयमा खोजी गर्ने तयारी अख्तियारले शुरु गर्ने समाचार आउन थालेपछि सबै दल लोकमानविरुद्ध खनिएका समाचारहरू पनि शृङ्खलाबद्धरूपमै प्रकाशमा आए। यसरी संविधानलाई आफ्नो अनुकूलतामा दलहरूले उपयोग गर्न थालेपछि यसको संरक्षण तथा अक्षरशः कार्यान्वयनको पक्षमा आशंका उत्पन्न हुन जान्छ, जुन लोकतन्त्रका पक्षमा हुनै सक्दैन।

अर्को पछिल्लो उदाहरण, प्रधानमन्त्री शेरबहादुर देउवाले गर्नुभएको मन्त्रिपरिषद् विस्तारको घटनालाई लिन सकिन्छ। इतिहासकै जम्बो मन्त्रिमण्डलको संज्ञा पाएको देउवा मन्त्रिमण्डल यतिखेर अत्यधिक आलोचित बन्न पुगेको छ। प्रदेश र केन्द्रको निर्वाचन तिथिसमेत घोषणा भइसकेको बेलामा आफ्नो सत्ता टिकाउनकै लागि मात्रै सबैलाई भाग पुर्‍याउने हिसाबले गरिएको मन्त्रिमण्डल विस्तारलाई स्वाभाविक रूपमा लिन सकिँदैन। जबकि संविधानले बढीमा २५ सदस्यीय मन्त्रिमण्डल नै उपयुक्त हुने किटानीका साथ उल्लेख गरेर सरकारलाई स्पष्ट मार्गनिर्देश गरेको छ। विगतमा गठित अन्य सरकारहरूले जस्तै जसरी हुन्छ राष्ट्रको ढुकुटी रित्याउने सोच बोक्नु देउवा सरकारका लागि सुहाउने कुरा होइन।

संविधानभन्दा माथि कोही पनि हुँदैन, मुलुकका सम्पूर्ण निकायहरू संवैधानिक व्यवस्थाअनुसार नै सञ्चालन हुने भएकाले यसको सर्वोच्चतालाई जोगाइराख्नेतर्फ चाहिँ पहल गर्न सरकारदेखि नागरिक तहसम्मले विशेष भूमिका निर्वाह गर्नै पर्दछ।

मुलुकमा बेला-बेलामा भएका राजनीतिक परिवर्तनपछि नयाँ संविधान संशोधन हुन्छ, कुनै पनि मुलुकका लागि नौलो होइन। तर हाम्रो देशको हकमा फरक छ। नेपालको वर्तमान संविधान २०६२/०६३ को जनआन्दोलनको प्रतिफल हो भन्दा अत्युक्ति नहोला। जनताको बलिदानीपूर्ण संघर्षबाट प्राप्त लोकतन्त्र र त्यही अनुकूल बनाइएको अन्तरिम संविधानलाई नै आधार मानेर बनाइएको यस संविधानले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरेकाले यसलाई उत्कृष्ट संविधान मान्न सकिन्छ। यद्यपि २०४६ सालको जनआन्दोलनबाट पञ्चायतको पतनपछि निर्मित २०४७ को संविधानलाई पनि विश्वकै उत्कृष्ट संविधान भनियो। संवैधानिक राजतन्त्र-बहुदलीय प्रजातन्त्रको मूल मान्यतालाई प्रचुर स्थान दिएको सो संविधान पनि धरापमा पर्‍यो माओवादीको सशस्त्र आन्दोलनसँगै। त्यसकारण कुनै पनि संविधान तथा ऐन कानुन सधैँ उही अवस्थामा रहिरहँदैनन्। समयको परिवर्तनसँगै ती पनि परिवर्तन भइरहन्छन्। रहयो कुरो त्यसलाई सञ्चालन गर्ने पात्रहरूको। संविधान कार्यान्वयन गर्ने पात्रहरू सही भए भने त्यो अपेक्षाकृत सदुपयोग भएको देखिनेछ र पात्र सही भएनन् भने त्यसको दुरुपयोग हुनेछ। यसपटकको संविधानचाहिँ संविधानसभाकै लागि भएको निर्वाचनबाट चुनिएका प्रतिनिधिहरूले निर्माण गरेकाले पनि बढी महत्वको बनेको हो। त्यसकारण अब यसलाई सर्वस्वीकार्य बनाउनदेखि मुलुकको चौतर्फी विकासका लागि यस संविधानलाई मूल मार्गदर्शकका रूपमा लिनु आवश्यक छ। यस दायित्वलाई कसैले पनि नजरअन्दाज गर्न मिल्दैन।

विविध कमी-कमजोरीका बाबजुद संविधानकै कार्यान्वयनस्वरूप मुलुकमा आवधिक निर्वाचनको थालनी भएको छ। स्थानीय तहको अन्तिम चरणको निर्वाचन हिजो अपेक्षाकृत शान्तिपूर्णरूपमा सम्पन्न भएको छ भने प्रदेश र केन्द्रको निर्वाचन पनि आगामी मंसिर १० र २१ गते दुई चरणमा सम्पन्न गर्ने घोषणा भएको छ। संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धलाई प्रस्ट्याउन र विकास गर्दै लग्न, राज्यशक्तिसँग सम्बद्ध सबै पक्षलाई राष्ट्र र जनहितका पक्षमा यथासक्य अधिकतम उपयोग गर्दै नेपालको वर्तमान संविधान पूर्ण कार्यान्वयनका लागि सबै पक्षले कुनै पनि किसिमका चुनौतीको सामना गर्दै आ-आफ्नो तर्फबाट विशेष पहल गर्नुपर्दछ।

badript@gmail.com

## पाठक पत्र

# संविधान संशोधन र संघीयताको सन्दर्भमा फुरेको संवाद

**■ नेपा र नेवा:को सम्बन्ध के छ ?**

नेपाल र नेपालीको जस्तो सम्बन्ध छ, त्यस्तै जस्तो लाग्छ।

**■ ठीक, त्यसो भए नेपालका जनतालाई नेपाली भनेजस्तै नेपा देशका जनतालाई के भनिन्छ ?**

नेपा देशका जनतालाई नेवा: भनिन्छ हजुर।

**■ विल्कुल ठीक। नेवा जातिलाई राष्ट्र पनि भन्ने गरेको छ नि ! किन होला हजुर ?**

किनभने नेवा: जाति भनेको नेपालको आदि भूमिको आदिवासी जाति पनि हो भन्ने कुरा त नेपा देश भन्ने नै नेपाल देश हो भन्ने कुराबाट प्रस्ट हुन्छ। यो जातिमा एउटा जातिमा हुनुपर्ने राष्ट्रमा हुनुपर्ने गुण सबै छन्।

**■ त्यसो भए ती के–के गुण हुन् ? जान्न सकिन्छ त हजुर !**

खास गरेर त्यो मानव समाज हो, जसमा पृथक् भाषा, लिपि, धर्म संस्कृति, थातथलो, सभ्यतासहित साझा पहिचान हुन जरुरी हुन्छ। यी चाहिने गुणहरू नेवा: जातिमा रहेको कारण नेवा: जातिलाई राष्ट्र पनि भन्ने गरेको हो।

**■ त्यसो भए नेपालमा राष्ट्र भन्ने जातिहरू धेरै होलान् त ?**

होइन, धेरै त छैन तर आठ-दश जति छन्। यही कारण हाम्रो देशलाई बहुराष्ट्रिय देश, त्यस्तै बहुजातीय देश भनिन्छ। जातहरू १२०/१२५ भन्दा पनि बढी नै होलान्। राष्ट्र भन्ने जातिहरूमा नेवा जाति, शेर्पा जाति, लिम्बु जाति, किरात जाति, राई जाति, तामाङ जाबित, मगर जाति आदि छन्।

**■ अब त्यसो भए खसहरूको आफ्नै किसिमको भाषा लिपि त छैन। नेपालले संयुक्त राष्ट्र संघको सदस्य नेवारको सभ्यताको आधारमा प्राप्त गरेको हो भन्ने कुरा सुनेको थिएँ। त्यो कुरा हो त हजुर ?**

यो कुरा विलकुल हो। तर खसहरू नै नेपालमा अद्यापि हाबी भैरहेको कारण नेपाल पुरानो स्थल नेपाल राज्य भूमिमा उनीहरूको थातथलो आदिभूमिको रूपमा छैन। तर पनि उनीहरूलाई खस आदिजाति भन्ने र मान्नुपर्ने गरिएको छ। खप्तड र कर्णाली प्रदेश खस आर्यको पहिचानमा आधारित प्रदेश बनाउने भनेको छ।

**■ जातीय पहिचान, जातीय पहिचान भनिन्छ नि ! त्यो भनेको के हो ?**

कुनै व्यक्ति वा समुदायको पहिचान जातिको आधारमा नामकरण गरी प्रदेशहरू भन्नुलाई नै जातीय पहिचान भन्ने गरिएको छ। जस्तो- नेवा:, लिम्बुवान, किरात, शेर्पा, तामसालिङ, खसान, तमुवान, मगरात, थरुहट र कोचिला गरी १० जाति प्रदेशहरू छुट्याइएका छन्। यी प्रदेशहरू विभिन्न जातिको पहिचान, भाषा र ऐतिहासिक सभ्यतासँग जोडिएका थातथलोका नाम हुन्।

**■ यो कुरा त बुझियो। यो अधिकार जनजातिहरूलाई नयाँ संविधानबाट प्राप्त भएको छ त हजुर ?**

प्राप्त भएको छैन। यस विषयमा दलहरूबीच सहमति पनि भएको थियो। पहिलो संविधानसभाको राज्य पुनः संरचना समिति र पुनः संरचना आयोगमा भएका दलहरूमध्ये एमाओवादी, एमाले र मधेसवादी दलहरूको बहुमतबाट पारित गरिएको हो र साथै जननिर्वाचित सभासद ६०१ मध्ये ४१७ सभासदले पहिचानसहितको संघीय संविधानको पक्षमा हस्ताक्षर गरेको ज्ञापन-पत्र सभामुखमार्फत संविधानसभालाई बुझाएको हो। तर पछि एमाले पार्टीका नेताहरूले बेइमानी गरी आफ्नै निर्णय विपरीत षड्यन्त्र गरेर जातीय पहिचानसहितको संघीयताको विरोध गरिएको कारण प्रस्ताव पास हुन सकेन। यो अधिकार एमालेको बेइमानीको कारण जनजातिहरूले पाउन सकिरहेका छैनन्।

**■ यो अधिकार अन्तरिम संविधान२०६३ को धारा १३८ (१ क) अनुसार आदिवासी जनजाति, मधेसी जनताले समेत पाएका थिए भन्थे। अर्को कुरा अन्तरिम संविधानको निर्माणमा पनि एमालेको सहमति रहेको छ भनी सुनेको थिएँ। आफूले सहमति गरेको संविधानको धारा १३८ को एमालेले पालन नगरेको हो त हजुर ?**

एमाले पार्टीले राजनीतिक बेइमानी गरेको छ। अहिले पनि संविधान संशोधन गर्न अवरोध गर्दै बेइमानी गर्दै छ।

**■ त्यसो भए जनजाति आदिवासीहरूका यी जायज माग पूरा हुँदैनन् भने देशमा कसरी शान्ति होला त हजुर ?**

त्यही त भनेको, दीर्घकालीन शान्ति कायम गर्नका लागि पनि आदिवासीका माग पूरा हुनुपर्छ। यसका लागि संविधान संशोधन गर्न पनि पछि हट्नुहुँदैन।

*- वि. नन्द वैद्य, कमलाक्षी, काठमाडौं*

## सामाजिक सञ्जाल



आजकल मानिसहरु आफ्नो आधा जिन्दगी स्वास्थ्य बिगारी-बिगारी धन कमाउँछन् र बाँकी जिन्दगी बिग्रिएको स्वास्थ्य उपचार गर्दै बिताउँछन्।

**sanदेश**
**@Jr_Sandesh**



स्थानीय तहको निर्वाचन राजनीतिक शक्तिहरूलाई जरैसम्म पुग्ने अवसर हो। यो निर्वाचन मधेसलाई संविधान र राज्यसँग जोड्ने अवसरको रूपमा अनुवाद हुन सकोस्, यसैमा सार्थकता छ।

**Chandrakishore**
**@Kishore_chandra**

> निर्वाचन घोषणा भएपछि सरकारले कुनै पनि कर्मचारीको सरुवा बढुवासमेत गर्न नपाउने अवस्थामा मन्त्रिपरिषद् नै विस्तार गरेको छ। यसरी मन्त्रिपरिषद् विस्तार गर्नु र पटक-पटक नयाँ मन्त्री नियुक्त गर्नु निर्वाचन आचारसंहिताको ठाडो उल्लंघन हो।

# नेपाल




पुरानो बानेश्वरस्थित रत्नराज्य माध्यमिक विद्यालयको नवनिर्मित भवनको उद्घाटन गर्दै राष्ट्रपति विद्यादेवी भण्डारी ।
तस्बिर : अनिल आङदेम्बे/काठमाडौं

## इवामुरा अस्पतालमा सीएससी नेटवर्कको सचिवालय



पुष्कर बुढाथोकी, भक्तपुर

भक्तपुरको सल्लाघारीमा सञ्चालित डा. इवामुरा मेमोरियल अस्पतालमा महिला तथा बालबालिका अधिकार सञ्जाल (सीएससी नेटवर्क)को सचिवालय स्थापना भएको छ। सो सचिवालय यसअघि सिविन नेपालको सहकार्यमा काठमाडौंमा सञ्चालन हुँदै आएको थियो।

महिला तथा बालबालिकाका सवालमा जिल्लाभित्र रहेका समस्या समाधान खोज्न र उनीहरूका दु:खका घाउमा सक्दो मलहम लगाउने उद्देश्यका साथ आइतबारबाट सचिवालयको शुरू गरिएको अस्पतालका व्यवस्थापक रञ्जित मारिखुले बताउनुभयो।

सञ्जालका सदस्यसमेत रहेका मारिखुका अनुसार भक्तपुरमा महिला तथा बालबालिकाका क्षेत्रमा यसअघि भए गरेका काममा प्रत्यक्ष रूपमा थप टेवा पुऱ्याउने उद्देश्यले सञ्जालको सचिवालयको स्थापना अस्पतालको हाताभित्र गरिएको हो। सञ्जाल अब बृहत् रूपमा महिला तथा बालबालिकाका क्षेत्रमा अझ विशेष गरी उनीहरूको स्वास्थ्यसँग विशेष नीति र कार्ययोजना बनाउँदै अघि बढ्ने उहाँको भनाइ छ।

विशेष गरी हिंसामा परेका महिला तथा बालबालिका जो खुलेर आफ्नो समस्या बाहिर ल्याउन नसकी पीडा लुकाएर थप पीडित बन्न बाध्य छन्, उनीहरूको पहिचान गरी सहयोग गर्ने र उनीहरूलाई आवश्यक सहयोग र नि:शुल्क परामर्श दिई पीडामुक्त बनाउने सञ्जालको उद्देश्य रहेको छ।

यसै सन्दर्भमा अस्पतालमा आयोजित अन्तरक्रिया कार्यक्रममा सरोकारवालाले सीएससी नेटवर्कको सचिवालय भक्तपुरमा स्थापना हुनु सुखद भएको भन्दै यसले जिल्लालाई महिला तथा बालबालिकामैत्री बनाउन विशेष कार्ययोजना बनाएर अघि बढ्नुपर्नेमा जोड दिएका छन्। अस्पतालले सञ्जालसँगको सहकार्यमा अस्पतलमै असोज महिनाभर स्त्रीरोगसम्बन्धी बृहत् शिविरसमेत सञ्चालनमा ल्याएको छ।

अस्पतालले २ वर्षअघि नै लैंगिक सहायताकक्ष जिल्लामै पहिलोपटक सञ्चालनमा ल्याएको थियो। अझै पनि ८० प्रतिशत लैंगिक हिंसाका घटना बाहिर नआउने र आएका २० प्रतिशत घटना पनि दबाबका कारण कारबाहीसम्म कमै पुग्ने भएकाले कक्षले लैंगिक हिंसा न्यूनीकरणमा टेवा पुऱ्याउँदै आइरहेको व्यवस्थापक मारिखुले बताउनुभयो। कक्षमा २ जना प्रहरीले २४सै घण्टा सेवा दिइरहेको र लैंगिक हिंसामा परेकालाई अस्पतालले उपचार गर्ने तथा सामुदायिक सेवा केन्द्रले परामर्श दिने गरिएको अस्पतालका व्यवस्थापक मारिखुले बताउनुभयो।

## नयाँ संविधान कार्यान्वयन अन्तिम चरणमा : रेग्मी

नेपाल समाचारपत्र
काठमाडौं



मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीले नयाँ संविधान कार्यान्वयनको अन्तिम चरणमा आइपुगेको बताउनुभएको छ। उहाँले यसअघिका संविधान किन असफल भए र जनताको आकांक्षा पूर्ति गर्न सकिएन भन्ने कुराको समीक्षा गर्दै देशको स्थायित्व र समृद्धिका लागि वर्तमान संविधानको कार्यान्वयन आजको महत्त्वपूर्ण आवश्यकता भएको पनि बताउनुभएको छ।

तेस्रो संविधान दिवसको पूर्वसन्ध्यामा शुभकामना दिँदै मन्त्रिपरिषद्का पूर्वअध्यक्ष रेग्मीले कठिन र जटिल परिस्थितिमा २ पटकसम्म संविधानसभाको निर्वाचन गरी संविधान जारी गर्नुपरेको र नेपाली जनताको बलीदानीपूर्ण त्याग र तपस्याको प्रतिफल नै आजको संविधान भएको बताउनुभएको छ। संविधान दिवसको अवसरमा उहाँले पहिलो संविधानसभाबाट संविधान निर्माण हुन नसकी संवैधानिक र राजनीतिक जटिलताका बीच विशेष परिस्थितिको गाँठो फुकाउँदै चुनौतीपूर्ण अवस्थामा दोस्रो संविधानसभाको निर्वाचन भई संविधानसभाको गठन भएको कुराको स्मरण पनि गर्नुभएको छ।

'संविधानले आम नागरिकलाई छहारी दिई उनीहरूको पूर्ण अपनत्व भाव तब मात्र प्राप्त गर्नेछ जब संविधान कार्यान्वयन भई समानता र समृद्धिको यात्रामा हामी अगाडि बढ्नेछौं', रेग्मीले भन्नुभएको छ- 'प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनको मिति घोषणा भइसकेका अवस्थामा ती निर्वाचन सम्पन्न गर्नु पहिलो प्राथमिकता र चुनौतीका रूपमा लिनुपरेको छ।' 'चुनौती यस अर्थमा विशेष रूपमा रहेको छ कि उम्मेदवारको मनोनयनपश्चात् वर्तमान व्यवस्थापिका-संसद् स्वत: विघटित हुन पुग्दछ', रेग्मीले भन्नुभएको छ- 'आगामी निर्वाचन संविधानको स्थायित्वतर्फको यात्रा र संविधानको कार्यान्वयन एवम् समृद्धिको यात्रा दुवै हो।' दोस्रो संविधानसभाको सफलतापूर्वक निर्वाचन गराउनुभएका मन्त्रिपरिषद्का पूर्वअध्यक्ष रेग्मीले संविधान दिवसले संविधान कार्यान्वयन गर्दै निर्वाचन सफल पारी आम नागरिकको अधिकारको संरक्षण, समानता, समृद्धितर्फ प्रतिबद्ध भई लाग्ने प्रेरणा मिलोस् भनी शुभकामना पनि व्यक्त गर्नुभएको छ।

## चिकित्सकले लापरबाही गरे क्षतिपूर्ति भराउने कानुन आउने

काठमाडौं, (नेस)

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले बिरामीको उपचारका क्रममा लापरबाही भएमा सम्बन्धित चिकित्सकले नै पीडितलाई क्षतिपूर्ति भराउने गरी कानुन निर्माण गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद् बैठकले धेरै बिरामी चिकित्सकको लापरबाहीको कारणले मारिने र गम्भीर घाइते हुने परिस्थिति जन्मिन थालेपछि यस्तो निर्णय गरेको हो।

कुनै पनि चिकित्सकले कुनै बिरामीको शल्यक्रिया गर्दा केही भएमा कुनै प्रकारको दाबी गर्ने छैन भनेर बिरामीमा आफन्तसँग कागज गराउने अन्तर्राष्ट्रिय प्रचलन छ। तर, अब सरकारले बिरामीको उपचारमा लापरबाही गरेर सम्बन्धित डाक्टरबाट खर्च भराउने नयाँ व्यवस्था हुन लागेको छ।

पीडितको क्षतिपूर्ति सम्बन्धित चिकित्सकबाटै भराउने उद्देश्यले आवश्यक विधेयक निर्माण गरी सदनमा पेस गर्न स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको सरकारका प्रवक्ता सूचना तथा सञ्चारमन्त्री मोहन बस्नेतले बताउनुभयो।

## 'श्रीकृष्ण चिन्तन' लोक महाकाव्य विमोचित



काठमाडौं, (नेस)

लोक महाकवि कुलचन्द्र बरालद्वारा लिखित 'श्रीकृष्ण चिन्तन' लोक महाकाव्यको विमोचन गरिएको छ ।

सर्लाहीको हरिवन कर्मथलो बनाएर साहित्य सृजना गर्ने बहुप्रतिभाशाली कविका यसअघि 'श्रीकृष्ण लीला हरिकीर्तन' (खण्डकाव्य-२०३६), 'सौगात' (खण्डकाव्य-२०३६), 'प्रत्यक्ष प्रश्नावली' (फलित ज्योतिषसम्बन्धी काव्य-२०६६) प्रकाशित छन् भने 'चरित्र नै चरित्र', 'परिवर्तन' (महाकाव्य), 'तीर्थयात्रा' (पूर्वको यात्रा वराहक्षेत्र) 'द्यौसिरे गाथा', 'वातावरणमा बसौं मिलेर' (लोक भजन संग्रह), 'स्मृति', 'सन्दर्भ'लगायत अन्य फुटकर रचनाहरू प्रकाशित छन्।

नेपाली लोक भजनको शैलीमा लेखिएको 'श्रीकृष्ण चिन्तन' लोक महाकाव्य नेपाली साहित्यको क्षेत्रमा एउटा नौलो प्रयोग भएको छ। भागवतको बारेमा जान्न इच्छुक पाठकका लागि यस महाकाव्यले एउटा नयाँ खुराक प्रदान गरेको हो।

## बालप्रतिभा प्रस्फुटन कार्यक्रम आयोजना

ललितपुर, (नेस)

ललितपुर महानगरपालिकाले 'बालमैत्री स्थानीय शासन बाल अधिकारको सम्मान' भन्ने नाराका साथ राष्ट्रिय बाल दिवसको अवसरमा बालप्रतिभा प्रस्फुटन कार्यक्रमको आयोजना गरेको छ।

बालबालिकाको अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले सो कार्यक्रममा वडा र टोलस्तरमा गठित बालबालिकाको गीत, संगीत, नाच र कविता वाचनलगायत विविध प्रतिभा देखाइएको थियो।

महानगरपालिका प्रमुख चिरिबाबु महर्जनले उद्घाटन गर्नुभएका सो कार्यक्रममा महानगरपालिका समाजकल्याण महाशाखाका प्रमुख प्रेमबहादुर थापा, अधिकृत सरिता महर्जन, महाशाखाका ज्ञानीशोभा महर्जन, नगरस्तरीय बाल सञ्जालका संगीत खड्गीले बालमैत्री स्थानीय शासन कार्यान्वयनमा जनप्रतिनिधिको ध्यान जानुपर्नेमा जोड दिनुभयो।

महानगरपालिका बालबालिकालाई लक्षित गरी वर्षेनि ७० लाख रकम खर्च गर्दै आएको छ।

## फेरि दुई मन्त्री थपिए

काठमाडौं, (नेस)

इतिहासमै सबैभन्दा ठूलो संख्याको मन्त्रिमण्डल गठन गर्नुभएका प्रधानमन्त्री शेरबहादुर देउवाले फेरि २ जना राज्यमन्त्री थप्नुभएको छ। प्रधानमन्त्री देउवाले छैठौंपटक मन्त्रिमण्डल विस्तार गर्दै पशुपतिशमशेर राणाले नेतृत्व गरेको राष्ट्रिय प्रजातन्त्र पार्टी प्रजातान्त्रिकका २ जना सांसदलाई सोमबार राज्यमन्त्रीमा नियुक्ति गर्नुभएको छ।

पटक-पटक गरी ५४ सदस्यीय मन्त्रिमण्डल बनाउनुभएका प्रधानमन्त्री देउवाले राप्रपा प्रजातन्त्रिकका सांसद विराज विष्टलाई विज्ञान प्रविधि र कमलादेवी शर्मालाई वन राज्यमन्त्रीको जिम्मेवारी दिनुभएको छ। थप २ राज्यमन्त्रीसँगै मन्त्रिमण्डलको संख्या ५६ पुगेको छ। कमल थापाले नेतृत्व गरेको राष्ट्रिय प्रजातन्त्र पार्टी फुटेर बनेको राप्रपा प्रजातान्त्रिकबाट यसअघि ३ मन्त्री र एक राज्यमन्त्री बनिसकेका थिए।

यसैबीच राष्ट्रिय प्रजातान्त्रिक युवा संगठनले एक विज्ञप्ति जारी गरी निर्वाचन आचारसंहिता उल्लंघन गरी नयाँ मन्त्री नियुक्त गरिएको भन्दै विरोध जनाएको छ। अध्यक्ष प्रकाश रिमालद्वारा जारी विज्ञप्तिमा भनिएको छ- 'नेपाल सरकारले निर्वाचन आचारसंहितालाई पटक-पटक उल्लंघन गर्ने गर्दै आएको छ। निर्वाचन घोषणा भएपछि सरकारले कुनै पनि कर्मचारीको सरुवा बढुवासमेत गर्न नपाउने अवस्थामा मन्त्रिपरिषद् नै विस्तार गरेको छ। यसरी मन्त्रिपरिषद् विस्तार गर्नु र पटक-पटक नयाँ मन्त्री नियुक्त गर्नु निर्वाचन आचारसंहिताको ठाडो उल्लंघन हो।'

## प्रधानमन्त्री देउवालाई कारबाही गर्न माग

नेपाल समाचारपत्र
काठमाडौं

आचारसंहितविपरीत कार्य गरेको भन्दै राष्ट्रिय जनमोर्चाले प्रधानमन्त्री शेरबहादुर देउवालाई कारबाही गर्न माग गरेको छ। आइतबार एक विज्ञप्ति जारी गर्दै जनमोर्चाले आचारसंहिताविपरीत विभिन्न गतिविधि संलग्न भएको भन्दै कारबाही गर्न माग गरेको हो। विज्ञप्तिमा प्रधानमन्त्री देउवाले आचारसंहिताविपरीत गतिविधि सञ्चालन गरे पनि आयोगले कुनै कारबाही नगरेको भन्दै आपत्ति जनाएको छ।

विज्ञप्तिमा आचारसंहिता उल्लंघन गर्ने प्रधानमन्त्रीलाई कारबाही नगरेर निरीहता प्रकट गर्नुका साथै आयोगको आचारसंहिता कागजी मात्र बनेको प्रष्ट भएको जनाएको छ। विज्ञप्तिमा भनिएको छ- 'यो साह्रै नै लज्जाको विषय हो कि नेपालको वर्तमान सरकारले निर्वाचनको मिति घोषणा गरिसकेपछि आचारसंहिता उल्लंघन हुने गरी अनेक निर्णय गर्दै गइरहेको छ।'


## सिनेमा कर्नर










**माउन्ट मकालु यातायात सेवा**
**काठमाडौं-बिर्तामोड-ताप्लेजुङ**
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : कार्य असफल, नोक्सानी, चिन्ता, दु:ख-कष्टको सम्भावना।
**वृष** : खानपानबाट अस्वस्थता, विनाउपलब्धिको दौडधुप, आलस्यता।
**मिथुन** : धनलाभ, मान-सम्मान, इज्जत-प्रतिष्ठा वृद्धि होला।
**कर्कट** : धनको नोक्सानी, चञ्चलता, व्यर्थको खर्च, कार्यमा असन्तुष्ट।
**सिंह** : पैसा लाभ, खाद्यान्न, पुरस्कार, उपहार प्राप्ति, कार्य सफल।
**कन्या** : रोगव्याधिको भय, विवाद, चोटपटकको सम्भावना।
**तुला** : आर्थिक लाभ, भोजभतेर, खाद्यान्न प्राप्तिको सम्भावना।
**वृश्चिक** : सुख-समृद्धि, कार्य सफल, स्वस्थता, आत्मसन्तुष्टि।
**धनु** : राजनीतिक भय, मान-प्रतिष्ठामा आघात, अपयश, कार्यबाधा।
**मकर** : रोगव्याधिको सम्भावना, कार्य व्यवसायमा व्यवधान, नोक्सानी।
**कुम्भ** : धन सम्पत्ति प्राप्ति, परीक्षा प्रतियोगितामा सफलता, सुख-सन्तोष।
**मीन** : आर्थिक लाभ, यात्राको सम्भावना, विजय, बौद्धिक क्षमतामा वृद्धि।

# नेपाल

नेकपा माओवादी विप्लवको जनपरिषद् रुपन्देहीले सिद्धार्थ नगरपालिकाका इन्जिनियर शैलेन्द्र श्रेष्ठलाई भ्रष्टाचारीको आरोपमा कालोमोसो दलेको छ। नेपाल कम्युनिस्ट पार्टी निकट जिल्ला जनपरिषद्ले सोमबार श्रेष्ठलाई कार्यकक्षमा गएर कालोमोसो दलेको हो।

## एउटै भवनमा दुई जिल्लाको जिसस कार्यालय

धनवीर दाहाल, रुकुम







रुकुम जिल्ला दुई भागमा औपचारिक रूपमा विभाजन भएपछि पूर्वी र पश्चिम रुकुमको नामले चिनिन थालेको छ। प्रदेश नं ५ मा पर्ने पूर्वी रुकुम र प्रदेश नं ६ मा पर्ने पश्चिम रुकुमको काम औपचारिक रूपमा शुरू हुन थालेको छ। तर जिल्ला प्रशासन, जिल्ला अदालत, जिल्ला समन्वय समितिलगायतका केही जिल्ला स्तरका कार्यालयबाट हुने काम भने प्रदेश नं ५ मा रहेको पूर्वी रुकुमको काम प्रदेश नं ६ मा रहेको पश्चिम रुकुमको सदरमुकाम मुसिकोटबाटै भइरहेको छ।

पूर्वी रुकुमको जिल्ला समन्वय समितिको काम औपचारिक रूपमै पश्चिम रुकुमबाट शुरू भएको छ। जिल्लाको साइनबोर्ड, लेटरप्याड, छापलगायतका सामग्रीहरू पूर्वी रुकुम प्रदेश नं ५ र पश्चिम रुकुम प्रदेश नं ६ भनेर राखिएको छ। सोमबारदेखि औपचारिक रूपमा दुई जिल्लाको काम एउटै भवनमा दुई कार्यालय राखेर थालिएको दुवै जिल्लाको कार्यभार सम्हाल्नुभएका निमित्त स्थानीय विकास अधिकारी चिन्तामणि दाहालले जानकारी दिनुभयो। उहाँले प्रदेश र संघको निर्वाचन नभएसम्मका लागि दुईवटै जिल्ला समन्वय समितिका कार्यालय मुसिकोटमा रहने स्पष्ट पार्नुभयो।

मन्त्रालयको परिपत्रअनुसार साविकको रुकुम जिल्लाको समन्वय समितिको जनशक्ति, भौतिक सामग्री बाँडफाँड गरी एउटै भवनमा कार्यालय सञ्चालन गरिएको निमित्त स्थानीय विकास अधिकारी दाहालले बताउनुभयो।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले पश्चिम रुकुमका लागि माधवप्रसाद शर्मा र पूर्वी रुकुमका लागि पुरुषोत्तम शर्मालाई स्थानीय विकास अधिकारीका रूपमा तोकेको छ। उहाँहरूलाई जिल्लामा गएर साविककै कार्यालयबाट आ-आफ्नो जिल्लाको काम गर्न निर्देशन मन्त्रालयले दिएको छ। २०७४ भदौ २६ गतेको राज्यमन्त्री स्तरको निर्णयबाट उहाँहरूलाई स्थानीय विकास अधिकारीको रूपमा खटाई काम गर्न निर्देशन दिएको छ।

दुवै स्थानीय विकास अधिकारीको नाममा पत्र लेखी मन्त्रालयले बजेट खर्चका लागि पनि साविककै जिल्ला समन्वय समितिको कोषबाटै खर्च गर्न समेत निर्देशन दिएको छ। दुवै जिल्लाका लागि स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश २०७४ बमोजिम छुट्टै बैंक खाता खोली कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउने र आर्थिक प्रशासनका लागि आवश्यक लेखातर्फको कर्मचारी साविकको जिल्ला समन्वय समितिको कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयसँग समन्वय गरी व्यवस्था गर्न समेत निर्देशन दिएको छ।

मन्त्रालयको निर्देशनअनुसार नै काम सोमबारदेखि सुचारु गरिएको निमित्त स्थानीय विकास अधिकारी दाहालले जानकारी दिनुभयो। दुवै जिल्लाका स्थानीय विकास अधिकारी केही दिनभित्रै पुग्ने पनि उहाँले जानकारी दिनुभयो। जिल्ला समन्वय समितिको निर्वाचनपछि निर्वाचित जनप्रतिनिधिहरू पनि प्रदेश र संघको निर्वाचन सम्पन्न नहुँदासम्म पश्चिम रुकुमको मुसिकोटबाट काम गर्ने मन्त्रालयको पत्रमा स्पष्ट रूपमा बताइएको छ।

## नेपाल समाचारपत्रकर्मी गिरीलाई मनराम–एसकाज पत्रकारिता पुरस्कार

नेपाल समाचारपत्र

संखुवासभा



संखुवासभा नेपाल समाचारपत्र दैनिकका संवाददाता इन्द्र गिरीलाई मनराम-एसकाज पत्रकारिता पुरस्कारले सोमबार सम्मान गरिएको छ। निरन्तर रूपमा पत्रकारिता क्षेत्रमा रही जिल्लाको विकास मिर्माण, सामाजिक, पर्यटनलगायतका क्षेत्रमा महत्त्वपूर्ण योगदानको कदर गर्दै पत्रकार गिरीलाई पुरस्कार प्रदान गरिएको हो।

जिल्लाको खाँदबारीमा एसकाजद्वारा आयोजित कार्यक्रममा संखुवासभा जिल्ला समन्वय समितिका प्रमुख सुमन शाक्य, मनराम प्रतिष्ठानकी संरक्षक मनमाया श्रेष्ठ, मनराम प्रतिष्ठानका अध्यक्ष सुजन श्रेष्ठ र एसकाजका अध्यक्ष हेमन्त गौतमले गिरीलाई २५ हजार रुपियाँ नगदसहित ताम्रपत्रबाट संयुक्तरूपमा सम्मान प्रदान गर्नुभयो।

नेपाल पत्रकार महासंघ संखुवासभा शाखाका अध्यक्षसमेत रहेका गिरीलाई निरन्तर रूपमा पत्रकारिता क्षेत्रमा रही जिल्लाको विकास मिर्माण, सामाजिक, पर्यटनलगायतका क्षेत्रमा महत्त्वपूर्ण योगदानको कदर गर्दै उक्त पुरस्कारले सम्मान गरिएको एसकाजका सल्लाहकार जीवनाथ खनालले जानकारी दिए।

संखुवासभाबाट २०५७ सालबाट निरन्तर रूपमा जिल्ला र राष्ट्रिय स्तरका सञ्चारमाध्यममा काम गर्दै आउनुभएका पत्रकार गिरी नेपाल समाचारपत्र दैनिक, इमेज च्यानल टेलिभिजनका संवाददाता र रेडियो संखुवासभाका समाचार संयोजकका रूपमा कार्यरत हुनुहुन्छ। मनराम-एसकाज पत्रकारिता पुरस्कारबाट सम्मानित गिरीले पत्रकारिता क्षेत्रमा सहयोग र पत्रकारको उत्साह जगाउन वार्षिक रूपमा प्रदान गरिने पुरस्कारले जिल्लाका सञ्चारकर्मीमा थप उत्साह र हौसला जगाएको बताउनुभयो।

कार्यक्रमका प्रमुख अतिथि एवं संखुवासभा जिल्ला समन्वय समितिका प्रमुख सुमन शाक्यले शैक्षिक क्षेत्रमा मनराम प्रतिष्ठानले पुऱ्याएको योगदानको चर्चा गर्दै पत्रकारको सम्मानले जिल्लामा थप उचाइ बढाएको धारणा व्यक्त गर्नुभयो। पुरस्कार वितरण कार्यक्रममा खाँदबारी नगरपालिका प्रमुख मुरारी खतिवडाले सञ्चार क्षेत्रको विकासका लागि नगरपालिकाले पत्रकार महासंघसँग समन्वय गरी अगाडि बढ्ने बताउनुभयो।

## दर्जन चालक सम्मानित

भद्रपुर, (नेस)। दुर्घटना न्यूनीकरण महाअभियानअन्तर्गत झापाको दमकमा एक दर्जन बढी सवारी चालकलाई सडकमै सम्मान गरिएको हो। दमक जेसिज र ट्राफिक प्रहरी कार्यालय दमकले उनीहरूलाई सम्मान गरेको हो। सडकमा गुडिरहेका सवारीका चालकलाई कार्यक्रमका प्रमुख अथिति संघीय एकाइ प्रहरी कार्यालय चन्द्रगढीका एसएसपी पीताम्बर अधिकारीले गम्छा ओढाएर सम्मान गरेका थिए। सम्मानका क्रममा उनीहरूलाई प्रदेश नम्बर १ लाई हर्न निषेध गरेको, बसको फोहोर बाल्टिनमा राख्न अनुरोध गरिएको थियो।

## सुन चोर कुटियो

हेटौंडा, (नेस)

हेटौंडामा रहेको वज्राचार्य सुनचाँदी पसलमा केही दिनअघि सुन चोर्दै गर्दा रंगेहात फेला परेका तर तत्काल फरार भएको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

केही दिनअघि हेटौंडा चौकीटोल ओरालोमा रहेको वज्राचार्य एन्ड ब्रदर्सबाट २० तोला सुन चोर्न खोज्दा रंगेहात पक्राउ परी फरार भएका भनिएका व्यक्ति हेटौंडाको लक्ष्य सुनचाँदी पसलबाट सुन चोर्दै गर्दा पक्राउ परेको स्थानीयले बताएका छन्। सुन चोर्दै गर्दा पक्राउ परेका उनलाई स्थानीयले कुटपिट गरेका छन्।

हेटौंडा-२, पुरानो मकवानपुर रोडमा रहेको सुनचाँदी पसलमा शंकास्पद व्यवहार गरेपछि स्थानीयले चिनेर उनलाई पोलमा बाँधेर लात्ता र मुड्की प्रहार गरेका थिए। सुन चोर्न खोज्नेले प्रकाश सुनचाँदी पसल र लक्ष्य सुनचाँदी पसलमा शंकास्पद व्यवहार गरेपछि लक्ष्य सुनचाँदी पसलबाट पक्राउ गरिएको हो।

कुटपिटपछि घाइते उनलाई प्रहरीले पक्राउ गरी हस्पिटल पुऱ्याएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता डीएसपी दिलीपराज झाले बताए।

डीएसपी झाका अनुसार पक्राउ परेका व्यक्तिका विषयमा पूर्ण जानकारी उपचारपश्चात् मात्र प्राप्त हुनेछ। उनी सुनकाण्डमा परेका व्यक्ति नै भए वा नभएको प्रमाणित भएको छैन। पक्राउ परेका व्यक्ति केही सुस्त:मनस्थितिको रहेको उनले जानकारी दिए।

## इन्जिनियरलाई कालोमोसो

बुटवल, (नेस)

नेकपा माओवादी विप्लवको जनपरिषद् रूपन्देहीले सिद्धार्थ नगरपालिकाका इन्जिनियर शैलेन्द्र श्रेष्ठलाई भ्रष्टाचारीको आरोपमा कालोमोसो दलेको छ। नेपाल कम्युनिस्ट पार्टी निकट जिल्ला जनपरिषद्ले सोमबार श्रेष्ठलाई कार्यकक्षमा गएर कालोमोसो दलेको हो। स्थानीयको व्यापक मात्रामा गुनासो र उजुरी आएपछि कारबाही गरिएको जनपरिषद्द्वारा वितरित पर्चामा भनिएको छ।

कालोमोसो दलेपछि श्रेष्ठविरुद्ध नाराबाजी गर्दै जनपरिषद्का कार्यकर्ता बाहिरिएको बताइएको छ। सिद्धार्थ नगरपालिका मातहतको एडिबिको परियोजना एकिकृत शहरी विकास आयोजनाजना परियोजना कार्यान्वयन एकाइ कार्यालयमा कार्यरत श्रेष्ठलाई परिषद्ले मोसो दल्नुका पछाडि ५ वटा कारण उल्लेख भएको पर्चा कार्यालय परिसरमा भेटिएको छ।

आरोपको पहिलो नम्बरमा एडीबी परियोजनामा ठेकेदारसँग मिलेर करोडौं रुपियाँ हिनामिना गरेको, ठेकेदारसँग मिलेर सम्झौता विपरीत गुणस्तरहीन काम गरेको जनताको गुनासो आएको, गत हप्ता सिद्धार्थनगरपालिकाको प्रभातपथमा बनेको गुणस्तरहीन कल्भर्ट जनताले भत्काएको नगरका ढल र नाला बनाउने काममा कमसल सामान प्रयोग गरेको, सरकारी कर्मचारी भएर कार्यालय समयमा पनि निजी विनिता इन्जिनियरिङ कन्सलटेन्सी सञ्चालन गरी सेवाग्राहीलाई ठग्ने गरेको र यस अगाडि कार्यरत सरकारी कार्यालयमा पनि आर्थिक भष्टाचार गरेको र हालको कार्यालयमा पनि भष्टाचार गरी अकुत सम्पत्ति आर्जन गरेको आरोप लगाइएको छ।

## वर्गीकृत डिस्प्ले



बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।

जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**आकर्षक घर घडेरी बिक्रीमा**

पोखरा लेखनाथ महानगरपालिका वडा नम्बर २६ मा ६ आना क्षेत्रफलमा बनेको गार्डेन पाकिङ सहितको साडे १ तले घर र सोहि महानगरपालिकाको १७ नम्बर आँखा अस्पताल नजिकै दुई तले ५ वटा सटर भयको मासिक ५० हजारसम्म भाडामा दिन सकिने घर सथै आकर्षक घडेरीहरु बिकीमा रहेका छन।

**सम्पर्क :**
९८०५८४९७७७, ९८०५८०८४१३

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
**खान बस्नको सुविधासहित।**
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुंडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर ● गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, असोज
मंगलबार
३

अदालतको आदेश कार्यान्वयन नभइसकेको अवस्थामा सरकारले उनको बढुवा निर्णय गर्नुले दण्डहीनतालाई प्रश्रय दिने र कानुनी शासनको उल्लंघनका साथै पीडकको पक्षपोषण गरेको प्रेस विज्ञप्तिमा भनिएको छ।




# सहायक रथीमा पदोन्नति रोक्न माग

## कुमार लामालाई पदोन्नति गर्ने निर्णयप्रति द्वन्द्वपीडित साझा चौतारीको आपत्ति

विष्णु तिमिल्सिना, बर्दिया

महासेनानी कुमार लामालाई सहायक रथी दर्जामा पदोन्नति गर्ने निर्णयप्रति द्वन्द्वपीडित र पारिवारिक संगठन कुमार लामाको पदोन्नति रोक्न माग गरेको छ। नेपाल सरकार मन्त्रिपरिषद्को गत श्रावण ३१ को बैठकको निर्णयअनुसार सहायक रथी दर्जामा पदोन्नति गर्ने निर्णयप्रति गम्भीर ध्यानाकर्षण भएको प्रेस विज्ञप्तिमार्फत् जानकारी गराएको छ।

सरकारद्वारा बढुवा गरिएका निज लामा सशस्त्र द्वन्द्वका क्रममा कपिलवस्तु जिल्लाको शिवदल बटालियन गोरुसिंगेका बटालियन कमान्डर थिए र स्थानीय जनकबहादुर रावतलगायतका व्यक्तिलाई कब्जामा लिई चरम यातना दिएको भनी स्थानीय कपिलवस्तु अदालतले दोषी ठहर भएका व्यक्ति हुन्।

अदालतले निज लामालाई यातना दिएको सम्बन्धमा दोषी ठहर गरी विभागीय कारबाही र पीडितलाई क्षतिपूर्ति दिने आदेश गरेको थियो। आदेशमा भनिएको छ- 'नेपाली सेनाको मुख्यालय र रक्षा मन्त्रालय प्रतिवादी कुमार लामा, शिवदल बटालियन गोरुसिंगेका तत्कालीन बटालियन कमान्डरलाई यातना क्षतिपूर्ति ऐन २०५३ दफा ७ अनुसार विभागीय कारबाहीका लागि जानकारी दिनू।' तर उक्त फैसला कार्यान्वयन भएको जानकारी आजसम्म पीडित व्यक्ति स्वयम्लाई पनि छैन।

अदालतको आदेश कार्यान्वयन नभइसकेको अवस्थामा सरकारले उनको बढुवा निर्णय गर्नुले दण्डहीनतालाई प्रश्रय दिने र कानुनी शासनको उल्लंघनका साथै पीडकको पक्षपोषण गरेको प्रेस विज्ञप्तिमा भनिएको छ।

'साथै द्वन्द्वकालीन हजारौं मानवअधिकार उल्लंघनका घटनाहरूको सम्बन्धमा पीडितको न्यायमा ठाडो चुनौती हो। त्यसैले निज लामाको पदोन्नति तत्काल रोकी संक्रमणकालीन न्याय संयन्त्रको काम कारबाहीमा सहयोगी व्यवहार गर्न नेपाल सरकारसँग हामी जोडदार माग गर्दछौं' विज्ञप्तिमा भनिएको छ। कपिलवस्तु जिल्ला आदालतले दिएको आदेश कार्यान्वयन भएको सूचना सम्बन्धित पीडित तथा जिल्ला अदालतलाई दिइयोस् भन्ने आग्रहसमेत गरिएको छ।

शिवदल गोरुसिंगे ब्यारेकमा दिइएको यातनामा संलग्न भएको आरोपमा लामा 'विश्वव्यापी क्षेत्राधिकार' अन्तर्गत बेलायतमा गिरफ्तार परी करिब ३ वर्ष मुद्दा खेपेका व्यक्ति हुन्। उक्त अदालतका जुरी समूह अन्तिम नतिजामा नपुग्दै नेपाल सरकारले उनीमाथि उचित कारबाही अघि बढाउने प्रतिबद्धता जनाएपछि बेलायत सरकारले मुद्दा अघि नबढाउने निर्णय गरेको थियो। यसबाट लामा स्वदेश फर्किने बाटो खुलेको हो। उनी निर्दोष ठहर भएका भने होइनन् भन्ने व्यहोरा विज्ञप्तिमा उल्लेख छ।

# बैतडीका राजनीतिक दल आन्तरिक तयारीमा

बैतडी, (नेस)

आगामी मंसिरमा हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका लागि बैतडीमा पनि राजनीतिक दलले तयारी थालेका छन्। सरकारले मंसिर १० र २१ गते दुई चरणमा निर्वाचन गर्ने घोषणा गरेसँगै बैतडीमा पनि दलहरूले चुनावी अभियान थालेका हुन्। प्रदेश सभा र प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा कसरी अघि बढ्ने भन्ने विषयमा असोज ५ गते बस्ने जिल्ला कार्यसमितिको बैठकले टुंगो लगाउने नेपाली कांग्रेसका जिल्ला कोषाध्यक्ष रमेश पाण्डेयले बताउनुभयो। 'प्रदेश सभा र प्रतिनिधि सभा सदस्यका लागि कसलाई पठाउने भन्ने विषयमा बैठकमा छलफल हुनेछ', उहाँले भन्नुभयो- 'आगामी निर्वाचनलाई मध्यनजर गरेर चारतारे लोकतान्त्रिक चौतारी अभियान सञ्चालन गर्ने तयारी गरेका छौं।'

प्रदेश नम्बर दुईको स्थानीय तहको चुनावपछि कांग्रेसको केन्द्रमा संसदीय बोर्ड गठन हुने र त्यसले दिएको निर्देशनका आधारमा उम्मेदवारको टुंगो लगाउने समेत उहाँले बताउनुभयो। यस्तै नेकपा एमालले आगामी प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनलाई केन्द्रित गरेर अहिले पार्टीले जिल्लाभरि संगठन विस्तारको कामलाई तीव्रता दिएको कार्यालय सचिव सरस्वती नेपालीले जानकारी दिनुभयो। बैठकमा उहाँले भन्नुभयो- 'प्रदेशसभा र प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारको विषयमा आन्तरिक छलफलमा छां।'

माओवादी केन्द्रले पनि असोज ३ गते बस्ने जिल्ला कमिटीको बैठकबाट चुनावका विषयमा छलफल गर्ने जिल्ला संयोजक प्रेमप्रकाश भट्ट आदित्यले जानकारी दिनुभयो। 'बैठकले प्रदेशसभा र प्रतिनिधिसभामा कसलाई पठाउने भन्ने विषयमा छलफल गर्नेछ', उहाँले भन्नुभयो- 'निर्वाचनमा कसरी अघि बढ्ने भन्ने विषयमा बैठकले तय गर्नेछ।'

यस्तै राप्रपाले पनि चुनावका विषयमा आफ्नो योजना बनाइरहेको राप्रपाका जिल्ला अध्यक्ष प्रेमबहादुर चन्दले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'चुनावका विषयमा प्रारम्भिक तथा आन्तरिक छलफलमा छौं।'

सरकारले गत भदौ तेस्रो साता अगामी मंसिर महिनामा हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचन भौगोलिक अनुकूलतालाई हेरेर पहिलो चरण मंसिर १० मा हिमाली एवं उच्च पहाडी ३२ जिल्ला र दोस्रो चरण मंसिर २१ मा पहाडी तथा तराईका ४५ जिल्लामा निर्वाचन सञ्चालन गर्ने निर्णय गरेको थियो।

# अझै समाधान भएन बाढीपीडितको समस्या

डोटी, (नेस)

डोटीको शिखरनगरपालिका-८ तिलतालीमा रहेका बाढीपहिरोपीडितको समस्या एक वर्ष बितिसक्दा समेत समाधान हुन सकेको छैन। आफ्ना समस्याको समाधानका लागि पहल गरिदिन बाढीपहिरोपीडितले आग्रह गरेका छन्। सो क्षेत्रमा रहेको वण्डा खोलामा २०७३ सालदेखि निरन्तर रूपमा पटकपटक आइरहेको बाढीका कारण ठूलो धनराशिको क्षति भइसकेको छ। बाढीपहिरोको उच्च जोखिममा रहेका स्थानीयको समस्यालाई राज्य पक्षले सम्बोधन नगर्दा आफूहरू समस्यामा परेको वण्डा खोला बाढीपीडित संघर्ष समितिका संयोजक महादेव बलायरले बताउनुभयो।

२०७३ वैशाक २६ गते पहिलोपटक, सोही वर्ष जेष्ठ ३ मा दोस्रोपटक, जेठ ९ मा तेस्रोपटक तथा २०७४ वैशाख २७ गते चौथोपटक वण्डा खोलामा बाढीपहिरो आउँदा सो क्षेत्रमा बसोबास गर्ने कम्तीमा पनि १ सय ५० घरधुरीमा क्षति पुर्‍याएको थियो। बाढीपहिरो कारण ३० रोपनी खेतीयोग्य जमिन पूर्ण रूपमा बगरमा परिवर्तन भएको र ५० रोपनीभन्दा बढी जग्गा बाढीले बगाएको स्थानीय रामसिंह बलायरले बताउनुभयो। उहाँले भन्नुभयो- 'प्रभावित बस्ती सुरक्षित स्थानमा स्थानान्तरण नगरिए फेरि पनि बाढीले ठूलो नोक्सान गर्नेछ, कैयौंको ज्यान जाने र घरबारविहीन हुने खतरा छ।'

पीडितहरूले उच्च जोखिममा रहेको ६० घरपरिवारलाई सुरक्षित स्थानमा स्थान्तरण गर्नुपर्ने, खोलामा व्यवस्थित रूपमा तटबन्ध निर्माण गर्नुपर्ने, बस्तीभन्दा माथि रहेको शाखा सडकमा बग्ने पानीको निकासको व्यवस्था मिलाउनुपर्नेलगायतका ५ माग राखी राज्य पक्षले सम्बोधन गरिदिन माग गरेका छन्। आफ्ना मागलाई पटकपटक सरकारसमक्ष पुर्‍याउँदा पनि सम्बोधन नभएकाले आफूहरू आन्दोलनमा उत्रिनुको विकल्प नरहेको स्थानीय दिलबहादुर कामीले बताउनुभयो।

# डुडुवामा मनपरी

बाँके, (नेस)

डुडुवा गाउँपालिकामा बाढीपीडितका लागि संघसंस्थाले कति राहत दिए ? आइतबार दिनभरि यो प्रश्न वडाध्यक्षहरू, कार्यकारी अधिकृतदेखि गाउँपालिकाका अध्यक्षसम्मलाई सोधियो, उत्तर कतैबाट आएन। कोहीले तथ्यांक मिलाएको छैन भने कोहीले सूचना मागेपछि दिन सकिन्छ भने।

खासमा डुडुवामा राहत कति गयो र कहाँ-कहाँ वितरण गरियो त ? जिल्लामा रहेका सरकारी अधिकारीहरूलाई पनि थाहा छैन। गाउँपालिका कार्यालयमा दिनभरी सोधपुछ गर्दा कोहीले मुख खोलेनन्। सबै जना तै चुप, मै चुपको अवस्थामा थिए। 'यसले के देखाउँछ भने गाउँपालिकामा आएको राहतमा मनपरी भएको छ', राप्ती नदी बाँध पीडित संघर्ष समितिका सचिव राजकुमार शुक्लाले भन्नुभयो- 'राहत वितरणमा वास्तविक पीडितलाई हेरिएको छैन। राहत पाउनेहरू पीडित भन्दा अरू छन्।'

बाढीले पुर्‍याएको क्षतिको विवरण दिँदा नै गाउँपालिकाको चरम लापरबाही देखिन्छ। जसको घर भत्केको छैन, ऊ पूर्ण क्षतिमा परेको छ भने घर बगेकाहरू आंशिकमा पारिएका छन्। कतिसम्म भने भारतमा बस्नेलाई समेत पूर्ण क्षतिमा राखेर सिफारिस गरिएको छ। डुडुवा-३, कटैयाका सलिम खाँको भारतमा घर छ। उनी उतै बस्छन्। ससुराली यता छ। उसलाई पूर्ण क्षतिमा राखेर राहतका लागि सिफारिस भएको छ। त्यहीका जगदीश यादव पनि भारतमा बस्छन्। यहाँ घर भत्कियो भनेर पूर्ण क्षतिमा राखिएको छ।

डुडुवा-१, खडैचाका माहुते दर्जीको पक्की घर छ। बाढीले कुनै क्षति पुर्‍याएको छैन, गोठलाई देखाएर उसलाई पूर्णमा राखिएको छ। पुरन यादवको दुईतले पक्की घरमा कुनै असर नपर्दा पनि पूर्ण क्षतिमा राखिएको छ। रामकुमार सुनारको घरलाई केही भएको छैन। उसलाई पनि राहतको पहिलो नम्बरको हकदारमा राखिएको छ। 'चारैतिर अरूका फुसका घर केही नहुने अनि सुनारको घर कसरी बग्छ र पूर्ण क्षति हुन्छ?' -स्थानीय राजकुमार बाहुनले भन्नुभयो। अझ २०६४ सालमा हजरत सामुदायिक वनमा बसाइएका तिलकराम राढ र राजितराम राढको नाम पनि घर पूर्ण क्षति भएकोमा राखिएको छ। राढद्वयको घर बाहुनको सँगै रहेको छ।

डुडुवा-२, बेतहनीमा पनि बेथिति रहेको छ। ठूलो क्षति नभएका रामउदित अहिर र मीनादेवी यादवलाई पूर्ण क्षतिमा राखिएको छ। जबकि मोल्हे कोरीको घर भत्के पनि आंशिकमा राखिएको छ। गाउँपालिकाका प्रमुख नरेन्द्र चौधरीका आफन्त सन्तलियाका विक्रमादित कुर्मीलाई घरमा क्षति नपुग्दा पनि पूर्णमा राखिएको छ। 'बिल्डिङ भएका पूर्ण क्षति र झुपडी घर भएकालाई आंशिक क्षतिमा राखिएको छ' -बाबागाउँका रामहिरावन यादवले भन्नुभयो।

डुडुवाको टेपरीगाउँ नदीको चपेटामा पर्ने जोखिमपूर्ण ठाउँमा पर्छ। त्यहाँ अहिलेसम्म दुई सय ग्राम चिउरा, एउटा चाउचाउ र बिस्कुट तथा एक बोतल पानी मात्रै पुगेको स्थानीय सञ्जयकुमार शर्माले बताउनुभयो। डुडुवा गाउँपालिकामा जति राहत अन्यत्र गएको छैन। तापनि वितरण अस्तव्यस्त गरिएको छ। कतिपय राहत सामग्री त हिनामिना गरिएको छ।

बाढीपीडितलाई बाँड्न दिइएको एक क्विन्टल ७० किलो चिनी गाउँपालिकाले नै खाएको छ। 'अतिथिहरू आउँदा चिया खुवाउनुपर्छ भनेर कार्यालयमा राखिएको थियो। केही यही छ, केही कतै पुर्‍याइयो थाहा छैन', एक वडाध्यक्षले भन्नुभयो- 'राहत वितरणमा मलाई नै चित्त बुझेको छैन।' संघसंस्थाबाट आएको खाद्यान्न नै वडा कार्यालयभन्दा बाहिर राखिएको जनप्रतिनिधिले नै गुनासो गरेका थिए।

### अध्यक्ष र वडाध्यक्षको बोलचाल बन्द

डुडुवा गाउँपालिकाका अध्यक्ष नरेन्द्र चौधरी र वडा नम्बर ३ का अध्यक्ष भण्डारीलाल मिश्रका बीचमा बोलचाल छैन। कांग्रेसबाट जितेका चौधरी र संघीय समाजवादी फोरमबाट चुनाव जितेका भण्डारीलालका बीचमा तँ-तँ, म-म नै भएको प्रत्यक्षदर्शीले बताए।

तल्लो तलामा बस्ने वडाध्यक्ष र माथिल्लो तलामा बस्ने अध्यक्षका बीचमा बैठकमा बाहेक भेटघाट हुँदैन। बैठकमा पनि बोलचाल हुँदैन। वडा नं. ३ मा वडाध्यक्षलाई थाहा नदिएर अध्यक्षले राहत वितरण गरिदिएपछि झन् विवाद चरमोत्कर्षमा पुगेको छ। 'राजनीतिक फाइदा लिनका लागि मलाई नै थाहा नदिएर मेरै वडामा राहत वितरण गरियो', भण्डारीलालले भन्नुभयो- 'अन्यत्र पनि राजनीतिक फाइदामा राहत वितरण भएको छ।'

### कार्यक्रममा आएनन्

राप्ती नदी बाँध पीडित संघर्ष समितिले आइतबार गाउँपालिका कार्यालयमै पदाधिकारी सम्मान र अन्तरक्रिया आयोजना गरेको थियो। गाउँपालिका अध्यक्षलाई नै सोधेर साढे दश बजे कार्यक्रम तय गरिएको थियो। अध्यक्ष भने साढे एक बजेसम्म आएनन्। भण्डारीलाल मिश्रबाहेक अरू कुनै पदाधिकारी कार्यक्रममा आएनन्।

कार्यक्रममा बाढीपीडित पनि आएको र उनीहरूले राहत कति आयो, कहाँ-कहाँ वितरण भयो, मात्रै नभएर गाउँपालिकाले निकासा गरेको ६ लाख रुपियाँबाट के के किनेर बाँडियोलगायत प्रश्न गर्ने तयारी गरेका थिए। बाढीपीडितको प्रश्नको उत्तर दिन नसक्ने भएपछि गाउँपालिका प्रमुख 'एक छिन-एक छिन भन्दै समय बढाएर आएनन्। समितिका संयोजक जगदीशबहादुर सिंहले एक जना वडाध्यक्षबाहेक अध्यक्षलगायत कोही पनि नआएपछि कार्यक्रम स्थगित गरेको बताउनुभयो। कार्यक्रमलाई फियान नेपालले सहयोग गरेको थियो।

## दुई मिनेट

### पहिरोपीडितलाई खाद्यान्न वितरण

फिदिम, (नेस)

पाँचथर फालेलुङ गाउँपालिका वडा नम्बर २ का पहिरोपीडितलाई दशैंतिहारको मुखमा खाद्यान्न तथा दैनिक उपभोग्य सामग्री वितरण गरिएको छ। प्रमुख जिल्ला अधिकारी लक्ष्मी हुमागाईंको नेतृत्वमा पहिरो प्रभावित क्षेत्रमै पुगेर राहत सामग्री वितरण गरिएको हो। पहिरो प्रभावित १ सय ३७ परिवारका लागि ६० केजीका दरले चामाल, प्रति १० केजीका दरले चिउरा, प्रति ३ लिटरका दरले खाने तेल, २ केजीका दरले चिनी, २ केजीका दरले दाल वितरण गरिएको प्रजिअ हुमागाईंलं जानकारी दिनुभयो। यस्तै यसअघि राहत पाउनबाट वञ्चित भएका ५ परिवारका लागि भने ९० केजीका दरले चामल दिएको उहाँले बताउनुभयो।

### प्रहरीद्वारा अवैध मदिरा नष्ट

लमजुङ, (नेस)

अवैध घरेलु मदिराको बिक्रीवितरणमा प्रहरीले कडाइ गर्न थालेको छ। प्रहरीले जिल्लाको सदरमुकाम बेंसीशहर, सुन्दरबजार, मध्यनेपाल नगरपालिकालगायतका स्थानबाट पनि ठूलो मात्रामा घरेलु मदिरा जफत गरी नष्ट गर्ने कार्य गरेको हो। प्रहरीले सदरमुकाम बेंसीशहरबाट ४ सय लिटर घरेलु मदिराको कच्चा पदार्थ तथा ४० लिटर घरेलु मदिरा बरामद गरी नष्ट गरेको हो। गस्तीका क्रममा बरामद भएको उक्त परिणामको मदिरा र कच्चा पदार्थ फेला परेको र त्यो बरामद गरी स्थानीय जनप्रतिनिधि र सञ्चारकर्मीको रोहवरमा नष्ट गरेको जिल्ला प्रहरी कार्यालयका प्रमुख पदमबहादुर विष्टले बताउनुभयो।

### एघार वर्षपछि हत्यारा पक्राउ

बुटवल, (नेस)

एघार वर्षअघि रूपन्देहीमा एक व्यक्तिको हत्या गरी फरार अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ। २०६३ माघ १९ गते जिल्ला रूपन्देही साविक करौता-५ हाल सम्मरीमाई गाउँपालिका-१ मुडिला गाउँमा बस्ने खैरुला गद्दीलाई रमावती पासी, भोला पासी र भवई पासी समेतले कर्तव्य गरी मारेको घटनाका बस्ने वर्ष ६२ का भोला पासीलाई प्रहरीले ११ वर्षपछि पक्राउ गरेको हो। उक्त घटनामा संलग्न रमावती पासीलाई सोही समयमा पक्राउ परी अनुसन्धानपश्चात् पुर्पक्षका लागि कारागार चलान गरिएको र अन्य प्रतिवादीहरू फरार रहेकाले खोजतलासका भाद्र ३१ गते पक्राउ गरी जिल्ला अदालतमा बुझाइएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीले जनाएको छ।

### महिलाको अधिकार स्थद्दपत

लमजुङ, (नेस)

महिला, बालबालिका तथा समाज कल्याणमन्त्री आशा कोइरालाले महिलाको लागि अंश र वंशको अधिकार स्थापित भएको बताउनुभएको छ। मन्त्री कोइरालाले लमजुङको मध्यनेपाल नगरापालिकाको भोर्लेटारमा आयोजित अखिल नेपाल महिला संघ (क्रान्तिकारी) सातौं एकता जिल्ला अधिवेशनको उद्घाटन गर्दै सो धारणा राख्नुभएको हो।

### अवैध भारुसहित गाडी चालक पक्राउ

बुटवल, (नेस)

अवैध रूपमा भारतीय रुपियाँको कारोबार गर्ने कपिलवस्तुका एक गाडी चालक ६ लाख भारतीय रुपियाँसहित पक्राउ परेका छन्। कपिलवस्तुको कृष्णनगरपालिका वडा नम्बर ३ वस्ने वर्ष ३० को सलिम मियाँले भारतबाट नेपाल ल्याउँदै गरेको अवैध रूपमा झोलामा बोकी ल्याएको २ हजार दरका १ सय थान र ५ सय दरका ८ सय थान भारतीय रुपियाँ गरी कुल ६ लाख भारतीय रुपियाँसहित इलाका प्रहरी कार्यालय कृष्णनगरका प्रहरी निरीक्षक सुवास गैरेले बरामद गरेको बताउनुभयो।


## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं. १९८९
फाल्गुण

स्वर्गारोहणः
वि.सं. २०७४
भाद्र २३ गते

**स्व. हिरामान महर्जन**

यस संस्थाका लेखा संयोजक श्री हिराकाजी महर्जन ज्यूका पूज्जनीय पिता **श्री हिरामान महर्जन** को असामयिक दुःखद निधन भएको आज १२ औ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

फ्रेण्ड्स सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. परिवार
गोदावरी न.पा.- १२, ठेचो, ललितपुर



## हरियाली सामुदायिक वन उपभोक्ता समूह

**कालीमाटी गा.पा. वडा नं. ५ (साविक कालिमाटी काल्से वडा नं. ३), सल्यान ।**

**प्रथमपटक प्रकाशित मिति : २०७४/०६/०३ गते**

जिल्ला वन कार्यालय, सल्यानको च.नं. ११८६ मिति : २०७४/०१/०६ को संकलन सहमतिअनुसार समूहबाट संकलन गरी घाटगद्दीमा रहेको सालसमेत जातका तपशिलअनुसारका जम्मा गोलिया थान ७१० को जम्मा घ.फि. ४८५९.५३ गोलिया काठ समूहभित्रका उपभोक्ता तथा छिमेकी उपभोक्तालाई बिक्रीवितरणका लागि नियमानुसार सूचना प्रकाशित गर्दा उपभोक्ताबाट माग नभई उल्लेखित परिमाणका काठ मौज्दात रहेकाले समूहको मिति : २०७४/०५/०७ को आम भेलाको निणर्यले घाटगद्दीमा मौज्दात उल्लेखित परिमाणका काठ नियमानुसार बाह्य लिलाम बिक्रीका लागि माग भई आएको र सो सम्बन्धमा इलाका वन कार्यालय, कालीमाटीबाट लिलाम बिक्री सहमतिका लागि टिप्पणी सेक्टर वन कार्यालय, लुहापिङबाट सिफारिस भई आएकाले तपशिलबमोजिमको वन पैदावार सामुदायिक वनको काठ दाउरा संकलन तथा बिक्रीवितरणका लागि २१ दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

(क) काठ :

| सि. नं. | प्रजाति | ग्रेडअनुसार गोलिया थान एवं परिमाण (क्यु. फि.) | | | | | | जम्मा गो. थान | जम्मा परिमाण (क्यु. फि) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | A गो.थान | A परिमाण | B गो.थान | B परिमाण | C गो.थान | C परिमाण | | |
| १ | साल | ८० | १०८६.२६ | १९८ | १५२८.५८ | १२० | ४४७.६३ | ३९८ | ३०६२.४७ |
| २ | अस्ना | २९ | ५५८.३१ | ९६ | ८५१.०४ | - | - | १२५ | १४०९.३५ |
| ३ | जामुन | - | - | १२ | १.६ | - | - | १३ | ४१.६ |
| ४ | धौवा (धौटी) | - | - | १७ | १०२.७९ | - | - | १७ | १०२.७९ |
| जम्मा | | १०९ | १६४४.५७ | ३२४ | २५२४.०१ | १२० | ४४७.६३ | ५५३ | ४६१६.२१ |

(ख) खयर

| | | | | |
|---|---|---|---|---|
| ५ | खयर | १५७ | १५७ | २४६.३२ |
| कुल जम्मा | | | ७१० | ४८५९.५३ |

**सम्पर्क कार्यालय :**
श्री सेक्टर वन कार्यालय, लहापिङ, सल्यान
श्री इलाका वन कार्यालय, कालीमाटी



## प्रारम्भिक बाल विकास केन्द्र

वाडेपाखा, चपली बूढानीलकण्ठ-२, काठमाडौं ।
स.क.प १७९२२, जि.प्र.का ५८९-०६१।०६२,प्यान ३०२२४६१५९
फोन नं ४३७०००५, पो.ब २१०८, info@ecdc.org.np

**सामग्री तथा सेवा आपूर्ति गर्न सूची दर्तासम्बन्धी सूचना**

**प्रथमपटक प्रकाशित मिति २०७४।०६।०३ गते**

यस कार्यालयका लागि आ.व. २०७४।०७५ मा तपशिलबमोजिमका सेवा तथा सामग्री आपूर्ति गर्न चाहने इजाजत प्राप्त व्यक्ति, आपूर्तिकर्ता, फर्म तथा उद्योगहरूबाट फर्म दर्ताको अद्यावधिक नवीकरण भएको प्रमाणपत्र, मू.अ. कर दर्ता प्रमाणपत्र (मू.अ. करमा दर्ता हुन नपर्नेको हकमा सोको आधिकारिक कागजात), सहित आफूले गर्न चाहेको कार्य उल्लेख गरी सम्पर्क नम्बर र आफ्नो ठेगाना लेखी प्रत्येक कार्यका लागि छुट्टाछुट्टै निवेदनसहित सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र यस प्रारम्भिक बाल विकास केन्द्रको कार्यालयमा कार्यालय समयभित्र सूची दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**
१ बालबालिकाहरूको लगाउने लत्ताकपडा तथा जुत्ताहरू उपलब्ध गराउन
२ बालबालिकाहरूको स्वास्थ परीक्षण तथा उपचार उपलब्ध गराउन
३ सिरक, डस्ना तन्ना उपलब्ध गराउन
४ स्टेसनरी तथा कार्यालय सामग्री उपलब्ध गराउन
५ पाठ्यपुस्तकहरू तथा काठबाट बनेका अक्षर र विभिन्न आकृति भएका बोर्ड सप्लाइ गर्न
६ खानेपानी उपलब्ध गराउन (ट्यांकर)
७ छपाइ कार्य गर्न
८ खेलकुद सामान उपलब्ध गराउन
९ स्वदेश तथा विदेश भ्रमणका लागि टिकट तथा होटल व्यवस्था गर्न (ट्राभल एजेन्सी)
१० फलफूल तथा तरकारी उपलब्ध गराउन
११ भाडाकुँडा उपलब्ध गराउन
१२ दैनिक खाद्यान्न तथा एल.पी.जी ग्यास सिलिन्डर उपलब्ध गराउन
१३ कम्प्युटर, फोटोकपी, प्रिन्टर, यूपीएस तथा अन्य इलेक्ट्रोनिक सामान (पार्टसहरूसहित) सप्लाइ गर्न तथा मर्मत गर्न
१३ प्लम्बिङ सेवाअन्तर्गत मर्मतका लागि अनुरोधअनुसार उपस्थित भई कार्य गर्न
१४ इलेक्ट्रिकल सामान मर्मत, सप्लाइ कार्य गर्न
१५ फर्निचर बनाउन तथा फर्निसिङ सामानहरू सप्लाइ गर्न
१६ भौतिक निर्माण तथा मर्मत सम्भारसम्बन्धी कार्य गर्न
१७ रंगरोगनसम्बन्धी कार्य गर्न
१८ बोटबिरुवा तथा मल उपलब्ध गराउन
१९ बीमासम्बन्धी कार्य गर्न
२० दुईपाङ्ग्रे सवारी उपलब्ध गराउन

# विश्व

**समर्थन**

पाकिस्तानमा म्यान्मारमा रोहिंग्या मुस्लिमविरुद्ध भइरहेको सरकारी दमनको विरोध गरिँदै।




**अभाव**

न्युजिल्यान्डमा जेट विमानका लागि इन्धन अभावको कारण उडानहरू प्रभावित भएका छन्।



2017, SEP
Tuesday
19

**विश्व २ मिनेट**

## दक्षिण कोरिया

### अमेरिकी बम वर्षक उडे

सोल, (एजेन्सी)

अमेरिकाले कोरियाली प्रायद्विपमाथि दक्षिण कोरियाका लडाकू विमानसँग बमबारीको अभ्यास गरेको छ। यो सैन्य अभ्यासमा दुई अमेरिकी बम वर्षक संलग्न थिए। अमेरिकाले ४ वटा एफ-३५बी स्टिल्थ जेट र दुईवटा बी-१ बी रणनीतिक बम वर्षकलाई उक्त अभ्यासमा प्रयोग गरेको दक्षिण कोरियाली न्युज एजेन्सी योनहापले जनाएको छ। उक्त अभ्यासमा दक्षिण कोरियाका एफ-१५ लडाकू विमान पनि संलग्न रहेको र ती विमानहरू अभ्यासपछि जापान र गुआमस्थित एयर बेसमा पुगेको जनाइएको छ। सेप्टेम्बर १५ मा उत्तर कोरियाले जापानमाथि क्षेप्यास्त्र प्रहार गरेपछि ती देशले उक्त कदम उठाएका हुन्।

## अमेरिकी

### पेरिस सम्झौतामा नरम

वासिङ्टन, (एजेन्सी)

जलवायु परिवर्तनलाई लिएर अमेरिकी नीतिमा कुनै प्रकारको हेरफेर गर्न अस्वीकार गरेको केही घण्टा नबित्दै ट्रम्प प्रशासनले पेरिस सम्झौतामा आबद्ध रहन सक्ने संकेत दिएको छ। अमेरिकी विदेश मन्त्री रेक्स टिलरसनले जलवायु परिवर्तनलाई लिएर पेरिस सम्झौतामा बसिरहनका लागि ट्रम्पको विचारमा खुलापन रहेको बताए। आफूले सही ठानेको कुनै त्यस्तो सर्तमा सहमति बन्न सकेमा अमेरिका सम्झौतामा संलग्न हुने टिलरसनले बताए। यसअघि ह्वाइट हाउसले पेरिस सम्झौतालाई लिएर आफ्नो धारणालाई नरम बनाएको समाचारलाई अस्वीकार गरेको थियो। गत जुनमा ट्रम्पले पेरिस सम्झौताबाट अलग्गिने घोषणा गरेका थिए।

## पाकिस्तान

### कुलसुम विजयी

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानी पूर्वप्रधानमन्त्री नवाज सरिफकी पत्नी कुलसुम नवाजले लाहोरमा आइतबार भएको मध्यावधि चुनाव जितेकी छिन्। नवाजविरुद्ध भ्रष्टाचारको अभियोग लागेपछि सर्वोच्च अदालतले उनलाई पदबाट अपदस्थ गरेको थियो। उनको रिक्त रहेको लाहोरको स्थानमा कुलसुमले चुनाव लडेकी हुन्। स्थानीय सञ्चारमाध्यमले उनले आफ्ना निकटतम प्रतिद्वन्द्वीले भन्दा १४ हजार १ सय ८८ बढी अर्थात् ६१ हजार २ सय ५४ मतसहित विजय हासिल गरेकी छिन्। नवाज भने अहिले क्यान्सरको उपचारका लागि लन्डनमा रहेका छन्।

## अमेरिका

### छात्र मारिए

एटलान्टा, (एजेन्सी)

अमेरिकी राज्य जर्जियास्थित विश्वविद्यालय प्रहरीले विशेष यौन समूह (एलजीबीटी) का एक जना अभियन्ता छात्रलाई गोली हानेर मारेको छ। यस घटनामाथि राज्यस्तरमै अनुसन्धान शुरू भएको छ। गत शनिबार राति एक जना मानिसलाई बन्दुक र छुरा लिएर बसेको पाइएको खबर आउनासाथ एटलान्टास्थित एउटा क्याम्पसको छात्रवास बाहिर स्काउट सुल्ज नामका ती व्यक्तिमाथि प्रहरीले आक्रमण गरेको थियो। सीसीटीभीको फुटेजमा ती २१ वर्षीया सुल्ज प्रहरीको आदेशबमोजिम छुरा भुँइमा नखसालीकन तिनीहरूतर्फ बढेको देखिन्छ।

# रोहिंग्या मुसलमान नरसंहार रोक्ने अधिकार सेना प्रमुखसँग

यांगुन, (एजेन्सी)





म्यान्मारका सेना प्रमुख मिन आङ लेंगले रोहिंग्या मुसलमानको जरा उनको देशमा नभएको बताएपछि विवाद बढेको छ।

उनले नागरिकहरूलाई उक्त मुद्दाको सामना गर्न अपिल पनि गरेका थिए। म्यान्मार सेनामाथि सुनियोजित तरिकाबाट रोहिंग्या मुसलमान जातीय नरसंहारको आरोप लागेको छ।

शनिबार जनरल मिन आङ लेंगले आफ्नो फेसबुक पेजमा म्यान्मारका नागरिक र सञ्चारमाध्यमसँग रोहिंग्या मुसलमानको मुद्दामा एकजुट हुन अपिल गरेका थिए।

जनरल लेंगले रोहिंग्या मुसलमानलाई 'कट्टरपन्थी बंगाली'को संज्ञा दिँदै उनीहरूसँगको ९३ झडपपछि मात्र सेनाले कारबाही शुरू गरेको बताए। लेंगले 'रोहिंग्या कहिल्यै पनि एक जातीय समूह होइन' लेखेका छन्।

रोहिंग्या मुसलमानविरुद्ध हिंस्रक कारबाहीको अन्तर्राष्ट्रियस्तरमा आलोचना र बंगलादेशलाई हजारौं शरणार्थी स्वीकार्न बाध्य भइरहेका बेला म्यान्मारका जनरल आफ्नो सेनाको समर्थनमा देखिएका हुन्।

म्यान्मार सेनाले उत्तरी रखाइनमा अगस्ट २५ मा प्रहरी चौकीमाथि रोहिंग्या विद्रोहीको हमलापछि प्रत्याक्रमण शुरू भएको बताएका थिए। सन् २०११ मा म्यान्मारमा सैनिक नेतृत्वले देशको जुन्ता सरकार भंग गर्दै चुनाव गराएको थियो। उक्त चुनावमा आङ सान सुकीको नेतृत्वमा रहेको नेसनल लिग फर डेमोक्रेसीले भाग लिएको थियो र सन् २०१६ अप्रिलमा उनको सरकार बनेको थियो।

यद्यपि लेंगले धेरैजसो शक्ति आफूसँगै राखेका छन् र म्यान्मारको एक चौथाइ प्रतिनिधिको नियुक्ति सैन्य प्रमुख आफै गर्छन्। यसले म्यान्मार सेनाले कुनै पनि ठूलो परिवर्तन रोक्ने क्षमता राख्छ भन्ने देखाएको छ।

आङ सान सुकीको सरकारसँग तीनवटा महत्त्वपूर्ण मन्त्रालय गृह, रक्षा र सीमामाथि कुनै अधिकार छैन। हिंसा प्रभावित रखाइनमा जनरल लेंगले आफैले नेतृत्व सम्हालेको छ।

'बर्मा क्याम्पेन युके'का मार्क फ्रेमनरले जनरल मिन ओङ लेगका सैनिकले नै रोहिंग्या मुसलमानको हत्या गरिरहेकाले बेलायती विदेश मन्त्रीले म्यान्मारको सेना प्रमुखको आलोचना गर्नुपर्ने बताए।

जनरल लेंग म्यान्मारका एक मात्र व्यक्ति हुन् जसले रोहिंग्या गाउँमा हमला गरिरहेका सैनिकलाई रोक्ने आदेश दिने अधिकार राख्ने उनले बताए। बेलायतको द गार्जियनले एक सम्पादकीयमा रोहिंग्यामाथि भइरहेका अत्याचार सुकीले रोक्न नसक्ने लेखेको थियो।

अखबारले लेखेको छ- 'अन्तर्राष्ट्रिय समुदायका समर्थनको फाइदा उठाउने एक सनकी जनलर सुकीको प्रभाव खारेज गर्न सक्दैन। उनी आफ्नो विदेशी समर्थनको प्रयोग म्यान्मारको सेनामाथि दबाब दिनका लागि गर्न सक्छ।'

### रोहिंग्याको समर्थनमा बोल्दा निलम्बित

म्यान्मारका रोहिंग्या शरणार्थीको समर्थनमा बोलेकामा भाजपाले आफ्नो एक मुस्लिम नेता बेनजिर आरफानलाई पार्टीबाट निलम्बित गरेको गरेको छ।

बेनजिर भाजपा असम राज्य कार्यकारी समितिका सदस्य हुन्। सन् २०१२ मा भाजपामा आबद्ध भएकी बेनजिरले उक्त पार्टीको टिकटबाट सन् २०१६मा असम विधानसभा चुनाव लडेकी थिइन्।

केही दिनअगाडि मात्र बेनजिरले आफ्नो फेसबुकमा एक पोस्ट अपलोड गरकी थिइन्। उक्त पोस्टमा उनले म्यान्मार सरकारद्वारा रोहिंग्यामाथि गरिएको कथित अत्याचारको विरोध गर्न अनुरोध गरेका थिइन्।

उनले आफूलाई विनाकारण भाजपाको प्रदेश अध्यक्ष रञ्जित दासले पार्टीबाट निलम्बित गरेको बताइन्। आफ्नो गल्ती रोहिंग्या मुसलमान लिएर एउटा पोस्ट फेसबुकमा राख्नु मात्र भएको उनले बताइन्। तर पछि आफूले त्यसलाई मेटेको र माफी पनि मागेको बताइन्। आफूलाई स्पष्टीकरण दिने अवसर पनि नदिएकोमा उनले गुनासो गरकी छिन्।

# चीनमा 'नेल हाउस' भत्काइयो




सांघाई, (एजेन्सी)

विगत चौध वर्षदेखि सडक बीचमा ठडिएर आवागमनमा निकै बाधा पुर्‍याउँदै आएको चीनको सांघाईको चर्चित 'नेल हाउस' लाई अन्ततः भत्काइएको छ। सरकारी मुआब्जा अपुग भएको भन्दै सन् २००३ देखि सो घरका मालिकले घर छाड्न अस्वीकार गर्दै आएको थियो।

सरकारी सञ्चारमाध्यम सिन्ह्वाका अनुसार अहिले ती व्यक्तिलाई ४ लाख १२ हजार अमेरिकी डलर क्षतिपूर्ति दिएर सो घर ढाल्न सहमत गराइएको जनाइएको छ। तीव्र रूपमा भौतिक विकास हुँदै गइरहेको चीनमा यस्ता थुप्रै नेल हाउस रहेको बताइएको छ।

घर मालिकले त्यस्ता घरमा किला ठोक्न नदिने भएकाले त्यसलाई किला घर भनिएको बुझिएको छ। यही घरका कारण चार लेनको सडकलाई त्यहाँ दुई लेनका रूपमा प्रयोग गर्न सरकार बाध्य रहेको थियो।

सरकारी समाचार निकायहरूले रातको समयमा सोमबार सो घर भत्काउन करिब ९० मिनेट मात्र लागेको जनाएका छन्। सो घर ढाल्न एक्स्काभेटरहरू चलाइँदा धुलो नउडोस् भन्ने हेतुले त्यहाँ पानी छर्किएको थियो।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**डिभिजन कार्यालय, धनकुटा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मिति : २०७४।०६।०३

यस कार्यालयको मिति २०७४।०३।२७ मा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूमध्ये निम्नानुसार बोलपत्रदाताको बोलपत्र मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | आयोजना नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताहरूको नाम र ठेगाना | कबोल अंक रु. (मु.अ. कर बाहेक) |
|---|---|---|---|---|
| १ | DUDBC/Dhankuta/ Works/NCB/3/073/74 | Construction of Pangcha H.P. Building, Bhojpur | मार्सेली निर्माण सेवा, भोजपुर | २,०१,५९,४३२।७९ |
| २ | DUDBC/Dhankuta/ Works/NCB/6/073/74 | Construction of Kimalung H.P. Building, Bhojpur | मार्सेली निर्माण सेवा, भोजपुर | १,७२,७२,६२४।३२ |
| ३ | DUDBC/Dhankuta/ Works/NCB/9/073/74 | Construction of Ahale H.P. Building, Dhankuta | सारासृष्टी/दिल जे.भी., धनकुटा | १,६२,७०,९२२।४४ |
| ४ | DUDBC/Dhankuta/ Works/NCB/10/073/74 | Construction of Bodhe H.P. Building, Dhankuta | याक्थुम्हाङ/श्रीङ्गलिला जे.भी. पाँचथर | १,६५,९७,१२३।२१ |
| ५ | DUDBC/Dhankuta/ Works/NCB/11/073/74 | Construction of Maunabudhuk H.P. Building, Dhankuta | सारासृष्टी/किसन जे.भी., धनकुटा | १,५२,८०,५२२।०४ |
| ६ | DUDBC/Dhankuta/ Works/NCB/12/073/74 | Construction of Mudebas H.P. Building, Dhankuta | याक्थुम्हाङ/श्रीङ्गलिला जे.भी. पाँचथर | १,६१,७८,५९४।५३ |
| ७ | DUDBC/Dhankuta/ Works/NCB/13/073/74 | Construction of Rajarani H.P. Building, Dhankuta | सि.एम./कृष्णलक्ष्मी जे.भी., बानेश्वर, काठमाण्डौं | १,४६,६५,५४४।०९ |
| ८ | DUDBC/Dhankuta/ Works/NCB/14/073/74 | Construction of Teliya H.P. Building, Dhankuta | दिवा/नायग्रा/शंकर त्रिशक्ति जे.भी., इलाम | १,६३,४९,७५५।०८ |
| ९ | DUDBC/Dhankuta/ Works/NCB/15/073/74 | Construction of Ankhibhui H.P. Building, Sankhuwasabha | सि.एम./कृष्णलक्ष्मी जे.भी., बानेश्वर, काठमाण्डौं | १,५४,०९,५१६।८८ |
| १० | DUDBC/Dhankuta/ Works/NCB/16/073/74 | Construction of Baneswor H.P. Building, Sankhuwasabha | विरुवा कन्स्ट्रक्शन प्रा.लि., काठमाडौ | १,४५,६०,३२०।१८ |
| ११ | DUDBC/Dhankuta/ Works/NCB/17/073/74 | Construction of Pathibara H.P. Building, Sankhuwasabha | निशान/आचार्य जे.भी., बाग्लुङ | १,७४,३५,५८२।३९ |
| १२ | DUDBC/Dhankuta/ Works/NCB/18/073/74 | Construction of Shiddhakali H.P. Building, Sankhuwasabha | निशान/आचार्य जे.भी., बाग्लुङ | १,३५,८४,१५३।४४ |

डिभिजन प्रमुख

# सेक्स डल भाडामा दिने सेवा रोकियो

बेइजिङ, (एजेन्सी)

मानिसहरूलाई सेक्स डल भाडामा दिँदै आएको एक चिनियाँ कम्पनीले हालसालै सो सेवा बन्द गरेको छ। केही दिन अघिदेखि मात्र राजधानी बेइजिङमा रहेको टच नामक सो कम्पनीले विभिन्न पाँच प्रकारका सेक्स डललाई दैनिक वा त्योभन्दा लामो समयका लागि भाडामा दिन थालेको थियो।

तर जनस्तरमा गुनासो र आलोचना हुन थालेपछि त्यसले आफ्नो कारोबार रोकेको छ। यस कम्पनीले चर्चित सामाजिक सञ्जाल वेइवोमार्फत् एक विज्ञप्ति प्रकाशित गर्दै जनमानसमा आफ्नो सेवाको नकारात्मक असर परेकोमा क्षमायाचना गरेको छ। तर यसले यौन विषय आफैंमा पनि अश्लील नभएको र आफूले थप मानिसको आनन्दका लागि भविष्यमा काम जारी राख्ने जनाएको छ। टचले मात्र दुई दिन सेवा सञ्चालन गर्दा आफूप्रति धेरैले चासो राखेको र थुप्रै व्यक्तिले सेक्स डलका लागि अनुरोध पठाएको जानकारी बीबीसीलाई दिएको छ।

टचका प्रवक्ताले भनेका छन्- 'हामीले परीक्षण सेवाका लागि दशवटा डलको व्यवस्था गरेका थियौं। हामीले इमेलमार्फत् सेवा प्रारम्भ गरेका थियौं। प्रयोगकर्ताहरूबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएको थियो। तर चीनमा यो काम निकै कठिन हुँदो रहेछ।'

प्रहरीहरूसँग यस विषयमा निकै विवाद उत्पन्न भयो। चिनियाँ सञ्चारमाध्यमका अनुसार कम्पनीले दैनिक ४६ डलर शुल्क लिएर सेक्स डल उपलब्ध गराएको थियो।

सेक्स डलमा चिनियाँ, कोरियाली र रूसी मोडल महिलालगायत तरवार र ढाल बोकेकी चलचित्रका पात्र वन्डर वुमनको पनि प्रयोग गरिएको छ। वेइवोमार्फत् यस कम्पनीले महँगा सिलिकन डलहरूमाथि सर्वसाधारणको उपभोगको पहुँच पुर्‍याउने लक्ष्यसहित सेवा प्रारम्भ गरिएको जनाएको छ।

तर कम्पनीले दैनिक शुल्कको दोब्बर बराबरको रकम ग्राहकलाई डिपोजिट गराउने गरिएको छ। यस कम्पनी सेक्स टोय र सेक्स डलको बिक्री कार्य पनि गर्दै आइरहेको छ।



{ मतदाता बिहानै तोकिएको समयमै मतदान केन्द्रमा गई लाइनमा बसेका थिए। सुत्केरी, गर्भवती, वृद्धवृद्धा अशक्त, बिरामी, अपांगता भएका व्यक्तिलाई लाइनमा नबसी सोझै मतदान गर्न पाउने व्यवस्था मिलाइएको थियो।

# शान्तिपूर्ण रूपमा २ नम्बर प्रदेशमा निर्वाचन सम्पन्न

## महोत्तरीमा उत्साहपूर्ण मतदान

लक्ष्मीकुमार साह, महोत्तरी

प्रदेश नम्बर २ अन्तर्गत तेस्रो चरणको निर्वाचन महोत्तरी जिल्लाको १० नगरपालिका र ५ गाउँपालिकामा सम्पन्न भएको छ। सोमबार बिहान ७ बजेबाट शुरू भएको मतदानमा महोत्तरीको ४ सय १५ मतदान केन्द्रमा भोट खसाल्न आएका मतदातामा उत्साह देखिएको थियो। २० वर्षपछि भएको चुनावमा भाग लिएका मतदाताले शान्तिपूर्वक मतदान गरेका छन्।

जलेश्वर नगरपालिकाका प्रायः मतदानस्थल र केन्द्रमध्ये अधिकांशमा मतदाताको सहजताका लागि त्रिपाल लगाइएको थियो भने अशक्त, वृद्ध र महिलालाई विशेष प्राथमिकतामा राख्दै मतदान गर्ने व्यवस्थासमेत मिलाइएको थियो।

जिल्ला निर्वाचन अधिकृत पिंकी रायकाअनुसार जिल्लाभर मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा अन्य गरी २ हजार ५ सय कर्मचारी परिचालन गरिएको छ। जिल्लामा ४ सय १५ मतदान केन्द्र छन्। जिल्लामा ७ सय २० पदका लागि हुने निर्वाचनमा ४ हजारभन्दा बढी उम्मेदवार मैदानमा उत्रेका छन्। सबै मतदान केन्द्रमा नेपाल र सशस्त्र प्रहरी तथा सेनासमेतको टोली परिचालन गरिएको थियो जसअन्तर्गत ३ हजार प्रहरी, २ हजार सशस्त्र प्रहरी र ७ सय ५० नेपाली सेना छन्।

जिल्ला सुरक्षा समितिले मतदानस्थललाई सामान्य, संवेदनशील र अतिसंवेदनशील समूहमा वर्गीकरण गरी सुरक्षाकर्मी परिचालन गरिएको प्रजिअ बाबुराम श्रेष्ठले बताए। गस्ती र सवारी चेकजाँच तीव्र पारिएको थियो।

त्यस्तै नेपाली सेनाकै हेलिकोप्टरसमेत आकाश मार्गबाट मतदान केन्द्रको अवलोकन गर्दै गरेकोसमेत देखिएको छ। जिल्ला प्रहरी कार्यालय, महोत्तरीले १३ जना नक्कली मतदातालाई पक्राउ गरी नियन्त्रणमा लिएको छ भने बिनाअनुमति लिई चलाउँदै गरेको अवस्थामा २२ मोटरसाइकल तथा २ चार पाङ्ग्रे नियन्त्रणमा लिएको बताएको छ।

**एक सय १६ वर्षे वृद्धाले भोट खसालिन्**

महोत्तरी जिल्लाको गौशाला नगरपालिकास्थित नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय मतदान केन्द्रमा १ सय १६ वर्षे वृद्धा महिलाले भोट खसालेकी छिन्। गौशाला निवासी सरवेसिया देवी यादवले मतदान केन्द्रमा पुगी भोट खसालेकी रहेकी छिन्।

यस्तै जलेश्वरको जलेश्वर नगरपालिका कार्यालय मतदान केन्द्रमा जलेश्वर १ निवासी ९१ वर्षीया राधादेवी कनुवाईले भोट खसालेकी छन् भने गाविस भवन सुगा मतदान केन्द्रमा जलेश्वर ४ निवासी ९५ वर्षीय भागिरथलाल कर्णले मत खसालेका छन्। सोही मतदान केन्द्रमा सोही ठाउँका १ सय ५ वर्षीया राजकुमार देवी पाण्डेयले समेत भोट खसालेका छन्।

## पर्सामा मतदान शान्तिपूर्ण

वीगन्ज, (नेस)

स्थानीय तहको तेस्रो निर्वाचनको पर्साको ३ सय ४४ मतदान केन्द्रमा सोमबार शान्तिपूर्ण र उत्साजनक रूपमा मतदान कार्य सम्पन्न भएको छ। यद्यपि वीरगन्ज महानगरपालिकासहितका केही स्थानमा सोमबार राति ७ बजेसम्म पनि मनदान कार्य जारी रहेको मुख्य निर्वाचन अधिकृत विष्णु सुवेदीले जानकारी दिनुभयो।

मतदान कार्य नै जारी रहेका कारण अहिले मतगणनाको कार्यको टुंगो लाग्न बाँकी रहेको उहाँले जानकारी दिनुभयो। पर्साको सबै मतदान केन्द्रमा निर्वाचन सम्पन्न भए पनि जिल्लाको जीराभवानी गाउँपालिकामा भने सामान्य झडप भएको छ।

नेपाली कांग्रेस र राष्ट्रिय जनता पार्टीका कार्यकर्ताबीच झडप भएको इलाका प्रहरी कार्यालय पोखरियाले जानकारी दिएको छ। विदेशमा रहेका शेष मुस्तुफाको सट्ट उनका भाइ महमद रसुलले मत खसाल्न खोजेपछि नेपाल राष्ट्रिय प्रावि मतदान केन्द्रमा झडप भएको थियो।

झडप नियन्त्रणमा लिन प्रहरीले सामान्य बल प्रयोग गरेको र सो क्रममा रसुलसहित नसिर मियाा घाइते भएका छन्।

यसैगरी दलको पक्षमा मत मागेको भन्दै राजनीतिक दलका प्रतिनिधिले विरोध जनाएपछि बहुदरमाई नगरपालिकका मतदान सहायक अधिकृत शिवप्रसाद खतिवडालाई कारबाही गरी अर्का कर्मचारी उक्त स्थानमा पठाइएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। पर्सामा समग्रमा करिब ८० प्रतिशतको हाराहारीमा मतदान भएको अनुमान गरिएको छ।

## सप्तरीमा उत्साहपूर्ण मतदान

### ६५ प्रतिशत मतदान, २ जना फर्जी मतदाता पक्राउ

शिवहरिप्रसाद भट्टराई, राजविराज

२० वर्षपछि सोमबार भएको स्थानीय तहको तेस्रो चरणको निर्वाचनमा यहाँ उत्साहपूर्ण मतदान भएको छ।

जिल्ला निर्वाचन कार्यालयकाअनुसार जिल्लामा कायम गरिएको ४ सय ६२ मध्ये ४ सय ६१ मतदान केन्द्रमा गरी ६५ प्रतिशत मतदान भएको हो।

राजविराज नगरपालिका वडा नम्बर १५ मा भने राजपाकातर्फबाट वडा अध्यक्षमा उम्मेदवार रहेका महन्थी यादवको २ दिनअघि निधन भएका कारण त्यहाँको निर्वाचन स्थगित गरिएको छ।



उक्त वडामा असोज ५ गते निर्वाचन हुने जिल्ला निर्वाचन अधिकारी महेश ठाकुरले जानकारी दिएका छन्। बिहान ७ बजेदेखि अपराह्न ५ बजेसम्म भएको निर्वाचनमा छिटपुट र सामान्य घटनाबाहेक समग्रमा मतदान शान्तिपूर्ण र भयरहित रूपमा सम्पन्न भएको मुख्य निर्वाचन अधिकृत शारदाप्रसाद कोइरालाले जानकारी दिएका छन्।

मतदान केन्द्रबाट मतपेटिका ल्याउने क्रम जारी रहेको जानकारी दिँदै उनले सबै मतपेटिका संकलित भइसकेपछि मतगणनाको समयबारे आवश्यक निर्णय लिने बताए। राजविराज नगरपालिकाको मतगणना भने असोज ५ गतेको निर्वाचन सम्पन्न भएपछि मात्र शुरू हुने उनको भनाइ छ।

जिल्लामा ९ नगरपालिका र ९ गाउँपालिका गरी १८ वटा स्थानीय तह रहेको छ।

बिहान ७ मतदान शुरू भएदेखि प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले राजविराज नगरपालिका वडा नम्बर २ को आधारभूत विद्यालय राजदेवीबाट मतदान गरेका थिए भने पर्यटन तथा नागरिक उड्डयन मन्त्री जितेन्द्रनारायण देवले राजविराज वडा नम्बर १६ स्थित नरेन्द्र मावि बोरिया केन्द्रबाट र वातावरण मन्त्री मिथिला चौधरीले पवि मावि मतदान केन्द्रबाट मतदान गरेका छन्।

त्यसैगरी युवा तथा खेलकुद राज्यमन्त्री तेजुलाल चौधरीले खडग नगरपालिका वडा नम्बर-८ स्थित बालक्लबबाट र लोकसेवा आयोगका पूर्वअध्यक्ष सत्यनारायण झाले राजविराज वडा नम्बर २ को आधारभूत विद्यालय राजदेवीबाट मतदान गरेका छन् भने प्रतिनिधिसभाका उपसभामुख गंगाप्रसाद यादवले हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर-५ स्थित दिनेश योगिनी आधारभूत विद्यालय केन्द्रबाट तथा व्यवस्थापिका संसद्को महिला बालबालिका ज्येष्ठ नागरिकता तथा समाज कल्याण संसदीय समितिकी सभापति रञ्जु झाले राजविराज पडडियास्थित मतदान केन्द्रबाट मतदान गरेका छन्।

निर्वाचनकै क्रममा शम्भुनाथ र हनुमाननगर कंकालिनी नगरपालिकाबाट दुई जना फर्जी मतदाता पक्राउ परेका छन्। अर्काको नाममा मतदान गर्न केन्द्रमा प्रवेश गरेका शम्भुनाथ वडा नम्बर-४ स्थित हियालाल आधारभूत विद्यालयबाट दुर्गानन्द चौधरी र हनुमाननगर कंकालनी वडा नम्बर-५ स्थित पातो मावि केन्द्रबाट अपरोज मियाँ पक्राउ परेका छन्।

सप्तरीमा १ लाख ६० हजार ६ सय ८६ महिला, १ लाख ७० हजार ७ सय ५५ पुरुष र २१ जना तेस्रो लिंगी गरी कुल ३ लाख ३१ हजार ४ सय ६३ जना मतदाता छन्। मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र वडा सदस्य गरी ८ सय ५६ पदका लागि ५ हजार ६ सय ८३ जना उम्मेदवार चुनावी मैदानमा छन्।

## मतदान शान्तिपूर्ण तथा उत्साहजनक

फिरोज सिद्दिकी, सिरहा

दुई दशकपछि सम्पन्न भएको स्थानीय तहको निर्वाचन शान्तिपूर्ण तथा उत्साहजनक रूपमा सम्पन्न भएको छ।

सिरहाको ८ नगरपालिका र ९ गाउँपालिका गरी १७ स्थानीय तहमा ७० प्रतिशतभन्दा बढी मतदान भएको जिल्ला निर्वाचन कार्यालय, सिरहाले जनाएको छ।

जिल्ला निर्वाचन कार्यालय, सिरहाका निर्वाचन अधिकृत इन्दिरा यादवका अनुसार जिल्लाको १७ वटै स्थानीय तहमा शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएको छ। सिरहा नगरपालिकाको वडा नम्बर १३ मा समान्य विवाद भए पनि सबै दलको पहलमा पुनः मतदान कार्य शुरू भएको थियो। बाँकी जिल्लाको हरेका ठाउँमा शान्तिपूर्णरूपमा नै मतदान सम्पन्न भएको हो।

मतदाता बिहानै तोकिएको समयमै मतदान केन्द्रमा गई लाइनमा बसेका थिए। सुत्केरी, गर्भवती, वृद्धवृद्धा अशक्त, बिरामी, अपांगता भएका व्यक्तिलाई लाइनमा नबसी सोझै मतदान गर्न पाउने व्यवस्था मिलाइएको थियो। उनीहरू आफूले रोजेको व्यक्तिको माध्यमबाट मतदान गर्न हरेक मतदान केन्द्रमा व्यवस्था मिलाएको थियो।

पुरुषभन्दा बढी महिलाको उपस्थिति रहेको थियो। महिला उत्साहका साथ मतदान प्रक्रियामा सहभागी भएका थिए। जेष्ठ नागरिक, अशक्त, सुत्केरी महिलाले पर्वकै रूपमा यो निर्वाचनलाई लिएका लहान-९ का मतदाता लक्ष्मी साहले बताइन्।

जिल्लामा ऐतिहासिक चुनाव भएको टिप्पणी चारैतिर हुन थालेको छ। यसरी शान्तिपूर्णरूपमा उत्साहजनक सहभागितामा निर्वाचन कहिले पनि सम्पन्न नभएको राजनीतिक दलका उम्मेदवार, मतदाता तथा निर्वाचनमा खटिएका कर्मचारीलेसमेत यस्तो प्रतिक्रिया दिएका छन्।

जिल्लाको १७ स्थानीय तहमा १ सय ६२ वडा, २ सय १९ मतदानस्थल, ४ सय २६ मतदान केन्द्रमा १ लाख ५६ हजार ४ सय ११ महिला तथा १ लाख ७५ हजार १ सय ८५ पुरुष र १ जना तेस्रो लिंगी गरी जम्मा ३ लाख ३१ हजार ५ सय ९७ जना मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय, सिरहाले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय, सिरहाका अनुसार ४ सय ७ वटा अनुमतिविना चलाएको सवारी साधनलाई नियन्त्रणमा लिएको छ भने १८ जना फर्जी मत हाल्ने र रकम बाँड्नेलाई पक्राउ गरी कारबाही प्रक्रिया अगाडि बढाएको जनाइएको छ।

## रौतहटमा मतदान शान्तिपूर्ण

नेपाल समाचारपत्र
रौतहट

लामो समयदेखिको अन्योलपछि सोमबार तेस्रो चरणको स्थानीय चुनाव रौतहटमा शान्तिपूर्णरूपमा मतदान सम्पन्न भएको छ।

रौतहटको १६ नगरपालिका र २ गाउँपालिकामा छिटफुट घटनाबाहेक सम्पन्न भएको निर्वाचनमा ७५ प्रतिशतभन्दा माथि मतदान भएको प्रारम्भिक अनुमान जिल्ला निर्वाचन कार्यालयले गरेको छ। मतदाताले निकै उत्साहित भएर मतदान गरेका छन्।

राज्य पुनर्संरचनापछि पहिलोपटक



भएको निर्वाचनले योग्य उम्मेदवार चयन गर्न पाएको भन्दै मतदाता हर्षित भएका छन्। उनीहरू भन्दै थिए अब विकासले गति लिने छ। रौतहटको गौर नगरपालिका-२ स्थित रामजानकी कन्या प्राथमिक विद्यालयमा पूर्वप्रधानमन्त्री एवम् नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले मतदान गर्नुभएको छ।

रौतहटको २ सय ७७ मतदानस्थलको ४ सय ३४ मतदान केन्द्रमा शान्तिपूर्ण तवरले मतदान सम्पन्न भएको छ। रौतहटको १८ स्थानीय तहमा मेयर उपमेयरसहित १ सय ५७ वडाका लागि ८ सय २१ जनप्रतिनिधि चयन हुनेछन्।

### अन्ततः...

हालको जग्गा खरिद प्रकरणको पृष्ठभूमि पनि नाकाबन्दीकै बेला तयार भएको थियो। मुलुकमा मागअनुसारको सहज आपूर्ति नभएपछि ३ महिनासम्मका लागि पेट्रोलियम भण्डारण क्षमता विस्तार गर्न सरकारले निगमलाई निर्देशन दिएको थियो। निगमले प्रदेशगतरूपमा केन्द्रमा पर्ने गरी ३ नम्बर प्रदेशको चितवन, ३ नम्बर प्रदेशको भैरहवा, १ नम्बर प्रदेशको झापा र २ नम्बर प्रदेशको सर्लाहीमा जग्गा खरिद गरेको थियो। उक्त जग्गा खरिद गर्दा कार्यकारी निर्देशक खड्काले अनियमितता गरेको भन्दै विभिन्न समितिले सरकारसँग कारबाहीका आग्रह गरेका थिए। निगमलाई चाहिने जग्गा खरिद गर्दा एउटै खालको मापदण्ड हुनुपर्नेमा जिल्लैपिच्छे फरक-फरक मापदण्ड तोकी टन्डर गरिएको थियो।

### २ नम्बर...

आयोगका अनुसार सम्भवतः ढिलोमा आज मंगलबार बिहानबाटै मतगणना शुरू गर्ने आयोगको तयारी रहेको छ।

आयोगका अनुसार नक्कली मतदाता ३८ जना र कानुनको उल्लंघन गर्ने १० जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। सप्तरीको राजविराज नगरपालिका-१५ मा राजपाका वडा अध्यक्ष उम्मेदवारको निधनका कारण दुई वडामा भने सोमबार निर्वाचन हुन सकेन। अब सो स्थानमा असोज ५ गते निर्वाचन गर्ने निर्णय आयोगले गरेको छ। बिहान ७ बजेदेखि मतदानको समय तोकिए पनि त्योभन्दा करिब दुई-तीन घण्टा अघि नै मतदाता लामबद्ध भएका थिए। प्रदेश २ मा मतदाता रहेका प्रमुख निर्वाचन आयुक्त अयोधिप्रसाद यादव, पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, पूर्वउपप्रधानमन्त्री विमलेन्द्र निधिका साथै राजपा शीर्ष नेताहरू राजेन्द्र महतो, शरतसिंह भण्डारी, महेन्द्र राय यादव, अनिलकुमार झालगायतले पनि मतदान गर्नुभएको थियो। तर, पूर्वराष्ट्रपति डा. रामवरण यादवले पनि मतदानमा भाग लिनुभएन। उहाँ धनुषाको लक्ष्मीनिया गाउँपालिका-४ सपहीका मतदाता हुनुहुन्छ। यस्तै राजपा अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुरले भने मतदान गर्नुभएन। उहाँ स्वास्थ्यको कारण देखाउँदै आइतबार मात्र काठमाडौं फर्किनुभएको थियो। ठाकुर सर्लाहीको मगंलवा नगरपालिका-८ का मतदाता हुनुहुन्छ। २ नम्बर प्रदेशको निर्वाचनसँगै स्थानीय तहको निर्वाचनको चरण सकिएको छ।

### मधेसको...

सबैला नगरपालिकाका निर्वाचन अधिकृत ईश्वरीप्रसाद बन्जाडेले कुल खसेको मतमध्ये ६२ प्रतिशत महिला र ३८ प्रतिशत पुरुषको मत खसेको बताउनुभयो।

**मतपत्र र मतदाता परिचयपत्रको पीडा**

निर्वाचनमा प्रयोग भएको मतपत्र निकै ठूलो भएको गुनासो मतदाताले गरेका छन्। साथै चिह्न सानो र धेरै भएकाले मतदातालाई मतदान गर्न निकै समय लागेको थियो। स्थलगत अनुगमनबाट हेर्दा एक जना मतदातालाई औसतमा मत खसाल्न ८ देखि १० मिनेटसम्म लागेको थियो। त्यस्तै मतपत्रमा अनावश्यक चिह्न रहेकाले मतदाता अल्मलिएको जनकपुर उपमहानगरपालिकाका-७ का मतदाता विन्दकिशोर साहले बताउनुभयो। यता धनुषा जिल्लाको गणेशमान चारनाथ नगरपालिकाका बरमझिया मतदान केन्द्रबाट करिब १ सय मतदाता मतदान नगरी घर फर्केका थिए। मतदाता परिचयपत्रका लागि फोटो खिचाएको रसिद बोकेर आए पनि उनीहरूले मतदान गर्न पाएनन्। पछिल्लोपटक संकलन भएको मतदाता नामावलीमा उनीहरूले नाम लेखाएका थिए तर निर्वाचन आयोगले हालसम्म मतदाता नामावलीमा नाम समावेश नगरेकाले मतदान गर्न नपाएको बरमझिया-९ का जाकिर हुसेनले बताउनुभयो।

### सातै...

यसअघि चीनसँग 'प्रोटोकल' सम्झौता भएका खासा-यारी, खासा-रसुवागढी, खासा-ओलाङचुङ्गोला नाकाका बारेमा पनि द्विपक्षीय छलफल हुँदै छ। तातोपानी नाका अवरुद्ध भएपछि रसुवागढी-केरुङ नाका सञ्चालनमा रहे पनि साँघुरो सडक पूर्वाधारका कारण सो नाका व्यवस्थित बन्न सकेको छैन। त्यसै गरी नेपाल-चीनको व्यापारिक दृष्टिकोणले उत्तम र सहज मानिएको मुस्ताङ कोरला नाका खुलाउन यसअघि नै दुवै मुलुक सहमत भए पनि सञ्चालनमा आउन सकेको छैन।

सो नाका सञ्चालन गर्न र सुख्खा बन्दरगाह निर्माण गर्न नेपालले हालै सीमा क्षेत्रमा भन्सार, सुरक्षा निकायलगायतलाई आवश्यक भवन र अन्य पूर्वाधार निर्माणका लागि ५ सय रोपनीभन्दा बढी जग्गा छुट्याएको छ।

## जनप्रतिनिधिलाई स्थानीयको माग

...प्रसाद शर्मा, पर्वत

पैंयूँ गाउँपालिका वडा नम्बर ७ भोर्लेका वसुन्धरा भुसाललाई एउटै चिन्ताले पिरोल्छ- 'आफूले लगाएको अन्न बाली घर भित्र्याउन पाइएला कि नपाइएला?' वर्षेनी लगाएको बाली बाँदरले नोक्सान पारेपछि उनी चिन्तित भएकी हुन्।

'वर्षेनी लगाएको बाली बाँदरले नोक्सान पारेर हैरान नै बनाएको छ', उनले भनिन्- 'बाली लगाउने भन्दा उत्पादन भएको अन्न घर भित्र्याउनै नपाइएला भन्ने चिन्ता थपिने गरेको छ।' उनले यसपटक खेत र बारीमा लगाएको मकै पनि ७० प्रतिशतभन्दा बढी बाँदरले नोक्सान बनाएको गुनासो गरिन्। 'बाँदरले वर्षेनी नोक्सान पुऱ्याएपछि जमिन नै बाँझै राख्नुपर्ने अवस्था पुऱ्याएको छ' -उनले भनिन्।

भोर्लेकै तोयानाथ भुसालले पनि बाँदरले किसानलाई टाउको समाउने बनाएको बताए। 'खर्च गरेर अन्नबाली लगाउने अनि घरमा उत्पादन भित्र्याउनै पाइँदैन भने त्यो भन्दा किसानको बिजोग अरू के होला' -उनले भने।

खेतबारीमा लगाएको अन्नबाली जोगाएर घर पुऱ्याउनै मुस्किल हुने गरेको गुनासो उनले गरे। घरवरपरको जमिनको केही मकै घर लगे पनि खेतमा लगाएको मकै बाँदरले सखाप पारेको तोयानाथले बताए। 'यो वर्ष मात्रै होइन, हरेक वर्ष यस्तै भएपछि अब हामी कसरी बस्ने?' -उनले भने।

तोयानाथ र वसुन्धरा मात्रै होइन, पैंयूँ गाउँपालिकाको वडा नम्बर ६ सरौखोला र भोर्ले-७ का अधिकांश किसान बाँदरकै आतंकले आजित भएका छन्। बाँदरकै कारण वर्षेनी यहाँ बसाइसराइँ नै हुन थालेको छ। 'भोर्लेबाट मात्रै १०/१२ परिवार वर्षेनी घर छाडेर तराई झर्ने गरेका छन्', तोयानाथले भने- 'अरू कुनै कारण होइन, बाँदरले लगाएको बाली खाएर सक्छ, घर अन्नबाली भित्र्याउन पाउँदैनन् अनि यस्तो ठाउँमा कसरी बस्ने ?' उनले बाँदरको नियन्त्रण नभएमा आफूहरू पनि गाउँमा टिक्ने अवस्था नरहेको बताए। 'पहिलो चिन्ता नै बाँदर कसरी नियन्त्रण गर्न सकिन्छ भन्नेमा छ' -उनले भने।

यसअघि स्थानीय तहको निर्वाचनमा बाँदर नियन्त्रण गर्ने प्रतिबद्धता जनाउने उम्मेदवारलाई नै मतदान गर्ने घोषणा गरेका उनीहरूले अहिले अन्य सबै विकास छाडेर बाँदर नियन्त्रण गर्न एक मात्र माग अगाडि सारेका छन्। 'जनप्रतिनिधिहरू निर्वाचित भएर आउनुभएको छ, हामीलाई अरू केही विकास चाहिँदैन, बाँदर मात्रै गाउँमा नआउने बनाए हुन्छ', वसुन्धराले भनिन्- 'आफ्नो जमिनमा लगाएको अन्नबाली सहजरूपमा घरमा भित्र्याउने वातावरण हामीलाई चाहिएको छ।'

बाँदरकै कारण भोर्ले र सरौखोलामा वर्षेनी बाँझो जमिन बढ्न थालेको छ। राम्रो उब्जाउ हुने जमिनमध्ये अहिले ३० प्रतिशत जमिनमा मात्रै अन्नबाली लगाउने गरिएको तोयानाथले जानकारी दिए। 'राम्रो उब्जाउ हुने ७० प्रतिशत जमिन बाँझै रहेको छ' -उनले भने। तोयानाथले पनि आफूहरूलाई सडक, खानेपानी, विद्युत्जस्ता विकासभन्दा बाँदर नियन्त्रण हुनुपर्ने माग राखेको बताए। किसानको समस्यालाई बुझेर गाउँपालिकाका सबै जनप्रतिनिधि गम्भीर भएर बाँदर नियन्त्रणमा लाग्नुपर्ने भनाइ उनले राखे।

पैंयूँ गाउँपालिकाका अध्यक्ष खगेन्द्रप्रसाद तिवारीले बाँदरका कारण अन्नबाली भित्र्याउन नपाएको विषयमा किसानबाट बढी नै गुनासो आएको बताए। 'कसरी बाँदर नआउने बनाउन सकिन्छ भनेर छलफल गरिरहेका छौं' -उनले भने। भोर्लेका बासिन्दाले यसअघि पनि पटक-पटक प्रहरी, स्थानीय प्रशासनसमक्ष बाँदर नियन्त्रणमा ध्यान दिन माग राखेका थिए।

## संविधान दिवसमा राष्ट्रपतिको शुभकामना

काठमाडौं, (नेस)

राष्ट्रपति विद्यादेवी भण्डारीले तेस्रो संविधान दिवसका अवसरमा शुभकामाना व्यक्त गर्नुभएको छ। राष्ट्रपति भण्डारीले स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीमा सुख, शान्ति, प्रगति र समृद्धिको कामना गर्नुभएको हो।

संविधान दिवस-२०७४ को अवसरमा राष्ट्रपति भण्डारीको शुभकामना वक्तव्यमा देशमा राष्ट्रिय एकता, अखण्डता, सहकार्य एवम् आपसी सद्भावको कामना व्यक्त भएको उल्लेख छ। शुभकामना सन्देशमा भनिएको छ- 'नेपाली जनताको लामो संघर्ष, बलिदान र प्रतीक्षापछि संविधानसभाबाट निर्मित संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान प्राप्त भएको आजको दिन महत्त्वपूर्ण ऐतिहासिक दिन हो।'

'संविधान जारी भएपछि सम्पन्न गर्नुपर्ने स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ भने प्रादेशिक र संघीय निर्वाचन घोषणा भएर त्यसको तयारीमा हामी जुटिरहेका छौं' -शुभकामना सन्देशमा उल्लेख छ।

सबै निर्वाचनले राज्य सञ्चालनका संवैधानिक र कानुनी व्यवस्था एवम् लोकतन्त्रका संरचनालाई थप संस्थागत र सुदृढ गर्ने राष्ट्रपतिको विश्वास रहेको छ। संविधानले धर्मनिरपेक्षता, समावेशिता, समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरेको कारण समुन्नत नेपाल निर्माणमा सबै नेपाली मिलेर काम गर्नुपर्ने शुभकामना सन्देशको आशय रहेको छ।



# अर्थ

५, १०, २० र ५० दरका नयाँ नोट साट्दा नाङ्ले सटहीकर्ताहरुले सयकडा १० का दरले नयाँ पैसा साट्ने गरेका छन्।

2017, SEP
Tuesday
19

## भैरहवामा टाटा मोटर्स्को नयाँ शोरुम सञ्चालनमा

काठमाडौं, (नेस)

सिप्रदी ट्रेडिङले टाटा पेसेन्जर भेहिकलको लागि भैरहवामा नयाँ आधिकारिक शोरुम बुद्धम् अटोमार्ट सञ्चालनमा ल्याएको छ। शोरुममा टाटाका विभिन्न मोडेलका कारको बिक्री वितरणमा राखिएको छ। शोरुममा बिक्रीपछिको सेवा पनि दिइने प्रेस विज्ञप्तिमा उल्लेख छ।

पेसेन्जर भेहिकलअन्तर्गत नेपालमा टाटा मोटर्सको प्रमुख आकर्षणमा बजारको प्रमुख मल्टी युटिलिटि भेहिकल, सुमो गोल्ड, कम्प्याक्ट सेडान वर्गमा बजारमा उत्कृष्ट जेस्ट, नेपालको पहिलो मल्टी ड्राइभ ह्याच बोल्ट, टियागो र स्टाइलब्याक टिगोरलगायत रहेका छन्।



# १० प्रतिशत कमिसनमा सडकमै नयाँ नोट

नेपाल समाचारपत्र

काठमाडौं

रत्नपार्कको फुटपाथमा नाङ्ले पसल थापेर कपडा, खानेकुरा र खाजा बेच्दै आएका व्यापारीमाझ अहिले नयाँ नोट साट्दै गरेको दृश्य पनि देखिन थालेका छन्। नाङ्ले सटहीकर्तासँग पैसा साट्नेको भीड पनि उत्तिकै देख्न सकिन्छ। पैसा साट्नेहरूले सडकमै खुलेआम बैंकले झैं नयाँ नोट सटहीको कारोबार गरिरहेका छन्।

काभ्रेका कृष्णराज गौतमले २ हजार रुपियाँ बराबरको नयाँ नोट साट्दा १८ सय ५० रुपियाँ मात्र फिर्ता पाउनुभयो। १ सय ५० रुपियाँ सटहीकर्ताले राखे। आफूले केही दिन अघि १५ हजार रुपियाँ साट्न बैंक जाँदा ३ घण्टा लाइन बसेको यथार्थ पनि गौतमले सुनाउनुभयो। आइतबार घर जाने बस चढ्न रत्नपार्क पुगेका गौतमले लाइनमा बस्नुभन्दा यही पैसा साट्न पाएकोमा डेढ सय रुपियाँ तिर्दा पछुतो नलागेको बताउनुभयो।

५, १०, २० र ५० दरका नयाँ नोट साट्दा नाङ्ले सटहीकर्ताहरुले सयकडा १० का दरले नयाँ पैसा साट्ने गरेका छन्। सय रुपियाँका नोट भने उनीहरुले सयकडा ५ का दरले साटिरहेका छन्। एक सटहीकर्ताले आफूले खेताला लगाएर बैंकबाट पैसा साटेर ल्याएको बताउनुभयो। 'मैले बैंकबाट पैसा साट्न हजार रुपियाँ ज्याला लगाए। पैसा साट्न राती देखि लाइन बस्नुपर्छ। हामी आईमाई मान्छे राती गएर बस्न पनि सकिन्न। चिनजानको एक जना भाइलाई खेताला लगाएर पैसा साटेको हुँ।'

राष्ट्रिय वाणिज्य बैंक विशाल बजार शाखामा नयाँ नोट साट्दै गर्दा भेटिनुभएका चितवनका विजय भण्डारीले प्रत्येक दरका नोटको खुद्रा संख्या १०० को प्याकेटका आधारमा मात्र सटही गरिने भएकाले आफूहरुलाई समस्या परेको बताउनुभयो। ५० रुपियाँ दरका १ सय नोट साटे तर मलाई त्यति धेरै आवश्यक नै थिएन।

नेपाल राष्ट्र बैंकका प्रवक्ता नारायणप्रसाद पौडेलले यसरी फुटपाथमा पैसा सटही गर्न नपाईने भए पनि उनीलाई कारबाही गर्न नसकिने बताउनुभयो। प्रवक्ता पौडेलले नेपाल समाचारपत्रसँग भन्नुभयो-'फुटपाथमा सटही गर्ने र सटही गर्दा अतिरिक्त शुल्क लिन पाईदैन। यदि उनीहरुले नै पैसा साट्ने काम गर्ने हो भने बैंक किन चाहियो ? तर नाङ्ले सटहीकर्ताका हकमा हामी केही कारबाही गर्न पनि सक्दैनौं।'

दशैं सहज तरिकाले नयाँ र सफा/सुकिला नोट साट्ने व्यवस्था मिलाउन नेपाल राष्ट्र बैंकले नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंक र नोट कोष सुविधा लिएका वाणिज्य बैंकलाई अधिकतम् २७ हजार रुपियाँसम्म सर्वसाधारणलाई उपलब्ध गराउन भनेको छ। सरकारी निकायलाई भदौ २१ गतेदेखि र सर्वसाधारणलाई भदौ २८ गतेदेखि नयाँ नोट साट्ने व्यवस्था मिलाइएको थियो।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ असोज ३ सेप्टेम्बर १९ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०२।३२ | १०२।९२ |
| युरो १ का रु. | १२२।३९ | १२३।१० |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३८।५४ | १३९।३५ |
| स्विस फ्रन्क १ का रु. | १०६।७१ | १०७।३३ |
| अस्ट्रलियन डलर १ का रु. | ८१।८४ | ८२।३२ |
| क्यानाडियन डलर १ का रु. | ८३।८७ | ८४।३६ |
| सिङ्गापुर डलर १ का रु. | ७६।०५ | ७६।४९ |
| जापानी यन १० का रु. | ९।२० | ९।२६ |
| चिनियाँ युआन १ का रु. | १५।५७ | १५।६६ |
| साउदी अरब रियाल १ का रु. | २७।२८ | २७।४४ |
| कतारी रियाल १ का रु. | २८।१० | २८।२६ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ का रु. | ३।०९ | ३।११ |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।८६ | २८।०२ |
| मलसियन रिङ्गिट १ का रु. | २४।४३ | २४।५७ |
| दक्षिण कारियन वन १०० का रु. | ९।०८ | ९।१४ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।८७ |
| डनिस क्रानर १ का रु. | १६।४५ |
| हङकङ डलर १ का रु. | १३।०९ |

नोटः वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## ३२ सय मेगावाट विद्युत् उत्पादन लक्ष्य

काठमाडौ, (नेस)

जलविद्युत लगानी तथा विकास कम्पनीले ५ वर्षमा ३ हजार २ सय मेगावाट क्षमताको आयोजना निर्माणका लागि ३६ अर्व ७५ करोड रुपियाँ बराबर लगानी गर्ने भएको छ।

कम्पनीले स्वदेशी तथा विदेशी वित्तीय संस्थाहरुबाट आवश्यक स्रोतको व्यवस्था गरी जलविद्युत्को विकासमा उक्त रकम बराबर परिचालन गर्ने लक्ष्य राखेको छ। कम्पनीले आगामी ५ वर्षका लागि व्यावसायिक योजना तयार गरी सञ्चालक समितिले अनुमोदन गरिसकेको छ। जसअनुसार कम्पनीले आगामी ५ वर्षमा निजी क्षेत्रबाट निर्माण गरिने कुल ५ सय ६५ मेगावाट क्षमताका विभिन्न ८ आयोजनामा ५ अर्ब ९ करोड रुपियाँ लगानी गर्नेछ।

## गुलरिया उद्योग वाणिज्य संघमा दलीय प्रतिस्पर्धा

बर्दिया, (नेस)

उद्योग बाणिज्य संघ गुलरियाको निर्वाचनका लागि दुई वटा संयुक्त समावेशी प्यानल प्रतिस्पर्धामा रहेको छन्। नेकपा एमाले नजिकका देवेन्द्र पाण्डे (मंगल) को समूह र नेपाली कांग्रेस नजिकका वीरबहादुर थारु (बिरु) को प्यानलबीच प्रतिस्पर्धा हुने भएको छ।

विगतको निर्वाचनभन्दा आठौं कार्यसमितिकको निर्वाचनमा प्यानल निर्माण अलि फरक देखिएको छ। दुवै प्यानलले मुख्य गरेर फरक-फरक पार्टी समर्थित व्यक्तिलाई आफ्नो प्यानलमा समावेश गरेका छन्। जसमा वीरबहादुर थारुको नेतृत्व गरेको प्यानलबाट प्रथम उपाध्यक्षमा हिमालय त्रिपाठी, द्वितीय उपाध्यक्षमा मनोज यादव, तृतीय उपाध्यक्षमा अजितराज भण्डारी, महासचिवमा शिवहरी पौडेल, सचिवमा पुष्कर सापकोटा, कोषाध्यक्षमा गंगा पोखरेल र सहकोषाध्यक्षमा मोहित पौडेलले उम्मेद्वार भएका छन् भने १२ जना सदस्य पदमा रहेका छन्।

त्यसैगरी देवेन्द्र पाण्डेले नेतृत्व गरेको प्यानलमा प्रथम उपाध्यक्षमा महेन्द्रकुमार श्रेष्ठ (ठूल्दाई), द्वितीय उपाध्यक्षमा इन्द्रकुमार श्रेष्ठ (बन्धु), तृतीय उपाध्यक्षमा मोबिनअहमद ईद्रिसी, महासचिवमा मीनराज शर्मा, सचिवमा ज्ञानप्रसाद बगाले, कोषाध्यक्षमा पूर्णराज पौडेल (रमेश) र सहकोषाध्यक्षमा रुपेन्द्र केसी (रुपेश) ले उम्मेदवार भएका छन् भने १२ जना सदस्य रहेका छन्। वर्षमान अध्यक्ष अम्मरबहादुर खड्काको सर्मथन मंगल पाण्डेको नेतृत्व प्यानललाई रहेको छ भने पूर्वअध्यक्ष रमेश गौतम र राजेन्द्र कँडेलको सर्मथन वीरबहादुर थारुको नेतृत्व प्यानललाई रहेको छ। उक्त निर्वाचनका लागि जम्मा १ हजार २ सय ९ जना मतदाता रहेको र मंगलबार विहान ८ बजेदेखि मतदान हुने राधाकृष्ण थारु बंगलामसखि माध्यमिक बिद्यालयमा हुने निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता ऋषिराम काफ्लेले जानकारी गराउनुभयो।





हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500
EARTHQUAKE RESISTANT REBAR
NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।





## SHARE MARKET

18 SEPTEMBER TUESDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 33400.00 | 452.00 | 443.00 | 443.00 | -4.00 |
| 2 | Api Power Company Ltd. | 1480.00 | 598.00 | 566.00 | 585.00 | 1.00 |
| 3 | Arun Finance Limited | 460.00 | 170.00 | 167.00 | 167.00 | 3.00 |
| 4 | Arun Kabeli Power Ltd. | 1968.00 | 346.00 | 334.00 | 336.00 | -4.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 2597.00 | 218.00 | 210.00 | 211.00 | -4.00 |
| 6 | Asian Life Insurance Co. Limited | 1626.00 | 1508.00 | 1490.00 | 1498.00 | -10.00 |
| 7 | Bank of Kathmandu Ltd. | 11810.00 | 448.00 | 438.00 | 443.00 | 3.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 1066.00 | 206.00 | 196.00 | 197.00 | -9.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 420.00 | 265.00 | 260.00 | 265.00 | 2.00 |
| 10 | Bishal Bazar Company Limited | 1260.00 | 2701.00 | 2505.00 | 2701.00 | 245.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 135.00 | 6866.00 | 6866.00 | 6866.00 | 0.00 |
| 12 | Butwal Power Company Limited | 1042.00 | 623.00 | 619.00 | 619.00 | -6.00 |
| 13 | Central Finance Co. Ltd. | 521.00 | 190.00 | 183.00 | 187.00 | -1.00 |
| 14 | Century Commercial Bank Ltd. | 19404.00 | 231.00 | 223.00 | 225.00 | 1.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 3870.00 | 1488.00 | 1460.00 | 1470.00 | -10.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 603.00 | 165.00 | 157.00 | 163.00 | 4.00 |
| 17 | Chilime Hydropower Company Limited | 6239.00 | 784.00 | 756.00 | 780.00 | 20.00 |
| 18 | Citizen Bank International Limited | 8233.00 | 305.00 | 299.00 | 301.00 | -1.00 |
| 19 | Citizen Investment Trust | 1598.00 | 3700.00 | 3640.00 | 3659.00 | -41.00 |
| 20 | Civil Bank Ltd | 14169.00 | 231.00 | 226.00 | 227.00 | -3.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 217.00 | 1300.00 | 1275.00 | 1279.00 | 4.00 |
| 22 | Deprosc Development Bank Limited | 2535.00 | 1325.00 | 1284.00 | 1300.00 | -5.00 |
| 23 | Deva Bikas Bank Limited | 12046.00 | 260.00 | 252.00 | 252.00 | -7.00 |
| 24 | Dibyashwori Hydropower Ltd. | 517.00 | 154.00 | 148.00 | 149.00 | -6.00 |
| 25 | Everest Bank Limited | 22228.00 | 1291.00 | 1228.00 | 1232.00 | -40.00 |
| 26 | Everest Bank Limited Con. Pref. | 50.00 | 798.00 | 798.00 | 798.00 | 0.00 |
| 27 | Everest Insurance Co. Ltd. | 1705.00 | 2710.00 | 2670.00 | 2690.00 | 5.00 |
| 28 | Excel Development Bank Ltd. | 2140.00 | 490.00 | 480.00 | 481.00 | 0.00 |
| 29 | First Micro Finance Dev. Bank Ltd. | 4612.00 | 896.00 | 860.00 | 873.00 | -6.00 |
| 30 | Forward Community Mic. Bittiya Sa. Ltd. | 4785.00 | 3750.00 | 3599.00 | 3739.00 | 154.00 |
| 31 | Gandaki Bikas Bank Limited | 5295.00 | 370.00 | 356.00 | 364.00 | 4.00 |
| 32 | Garima Bikas Bank Limited | 5110.00 | 267.00 | 255.00 | 255.00 | -6.00 |
| 33 | General Finance Ltd. | 2160.00 | 132.00 | 128.00 | 130.00 | 4.00 |
| 34 | Global IME Bank Limited | 11944.00 | 389.00 | 378.00 | 383.00 | -4.00 |
| 35 | Global IME Samunnat Scheme-1 | 1000.00 | 9.81 | 9.81 | 9.81 | -0.15 |
| 36 | Goodwill Finance Co. Ltd. | 600.00 | 181.00 | 180.00 | 181.00 | -2.00 |
| 37 | Green Development Bank Ltd. | 461.00 | 580.00 | 555.00 | 570.00 | 15.00 |
| 38 | Guheshowori Mer.Bank & Fin. Co. Ltd. | 18318.00 | 260.00 | 250.00 | 255.00 | -9.00 |
| 39 | Gurans Life Insurance Company Ltd. | 3264.00 | 1069.00 | 1035.00 | 1040.00 | -9.00 |
| 40 | Gurkhas Finance Ltd. | 18388.00 | 199.00 | 196.00 | 197.00 | 3.00 |
| 41 | Hamro Bikas Bank Ltd. | 10168.00 | 211.00 | 199.00 | 209.00 | 13.00 |
| 42 | Himalayan Bank Limited | 2875.00 | 900.00 | 882.00 | 883.00 | -7.00 |
| 43 | Himalayan Distillery Limited | 30.00 | 1350.00 | 1350.00 | 1350.00 | 10.00 |
| 44 | Himalayan General Insurance Co. Ltd | 1310.00 | 745.00 | 735.00 | 738.00 | -7.00 |
| 45 | Himalayan Power Partner Ltd. | 9581.00 | 399.00 | 377.00 | 392.00 | 3.00 |
| 46 | ICFC Finance Limited | 304.00 | 270.00 | 270.00 | 270.00 | -3.00 |
| 47 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 6749.00 | 183.00 | 177.00 | 180.00 | 0.00 |
| 48 | Janaki Finance Ltd. | 1534.00 | 269.00 | 264.00 | 265.00 | -5.00 |
| 49 | Janata Bank Nepal Ltd. | 21352.00 | 262.00 | 252.00 | 255.00 | -2.00 |
| 50 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 122.00 | 3770.00 | 3731.00 | 3750.00 | 10.00 |
| 51 | Jebils Finance Ltd. | 330.00 | 144.00 | 142.00 | 144.00 | -2.00 |
| 52 | Jyoti Bikas Bank Limited | 5036.00 | 189.00 | 184.00 | 186.00 | 0.00 |
| 53 | Kailash Bikas Bank Ltd. | 1243.00 | 300.00 | 296.00 | 296.00 | 0.00 |
| 54 | Kalika Microcredit Dev. Bank Ltd. | 760.00 | 1980.00 | 1946.00 | 1965.00 | -16.00 |
| 55 | Kamana Sewa Bikas Bank Limited | 16659.00 | 216.00 | 210.00 | 211.00 | -3.00 |
| 56 | Kanchan Development Bank Limited | 2197.00 | 243.00 | 240.00 | 243.00 | -1.00 |
| 57 | Kankai Bikas Bank Ltd. | 636.00 | 213.00 | 209.00 | 209.00 | 0.00 |
| 58 | Karnali Development Bank Limited | 432.00 | 280.00 | 278.00 | 278.00 | -2.00 |
| 59 | Khanikhola Hydropower Co. Ltd. | 606.00 | 153.00 | 149.00 | 151.00 | 0.00 |
| 60 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 27.00 | 2465.00 | 2417.00 | 2465.00 | 13.00 |
| 61 | Kumari Bank Limited | 17257.00 | 298.00 | 294.00 | 298.00 | 1.00 |
| 62 | Lalitpur Finance Ltd. | 695.00 | 174.00 | 174.00 | 174.00 | -3.00 |
| 63 | Laxmi Bank Limited | 6662.00 | 340.00 | 330.00 | 333.00 | -6.00 |
| 64 | Laxmi Equity Fund | 11000.00 | 9.88 | 9.75 | 9.75 | -0.11 |
| 65 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 833.00 | 1675.00 | 1660.00 | 1665.00 | 10.00 |
| 66 | Laxmi Value Fund-1 | 5000.00 | 11.30 | 11.30 | 11.30 | 0.12 |
| 67 | Life Insurance Co. Nepal | 1096.00 | 2100.00 | 2085.00 | 2090.00 | -10.00 |
| 68 | Lumbini Bikas Bank Ltd. | 7145.00 | 211.00 | 206.00 | 209.00 | 1.00 |
| 69 | Lumbini General Insurance Co. Ltd. | 2226.00 | 940.00 | 921.00 | 940.00 | 5.00 |
| 70 | Machhapuchhre Bank Limited | 8421.00 | 330.00 | 328.00 | 328.00 | 1.00 |
| 71 | Mahalaxmi Bikas Bank Ltd. | 12721.00 | 229.00 | 220.00 | 228.00 | 3.00 |
| 72 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 490.00 | 1110.00 | 1089.00 | 1110.00 | 14.00 |
| 73 | Manjushree Finance Ltd. | 4200.00 | 149.00 | 146.00 | 146.00 | -1.00 |
| 74 | Mero Microfinance Bittiya Sanstha Ltd. | 1683.00 | 1855.00 | 1788.00 | 1788.00 | 0.00 |
| 75 | Mission Development Bank Ltd. | 227.00 | 270.00 | 265.00 | 270.00 | 0.00 |
| 76 | Miteri Development Bank Limited | 1080.00 | 555.00 | 540.00 | 545.00 | 0.00 |
| 77 | Mithila LaghuBitta Bikas Bank Ltd. | 1065.00 | 1310.00 | 1280.00 | 1300.00 | -5.00 |
| 78 | Muktinath Bikas Bank Ltd. | 7897.00 | 600.00 | 590.00 | 590.00 | -7.00 |
| 79 | Nabil Balance Fund 1 | 2697.00 | 17.81 | 17.81 | 17.81 | 0.11 |
| 80 | Nabil Bank Limited | 6829.00 | 1270.00 | 1255.00 | 1264.00 | 19.00 |
| 81 | NABIL Bank Limited Promotor Share | 3816.00 | 911.00 | 885.00 | 896.00 | 2.00 |
| 82 | Nabil Equity Fund | 15557.00 | 10.20 | 10.10 | 10.18 | -0.11 |
| 83 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 251.00 | 3900.00 | 3800.00 | 3800.00 | -20.00 |
| 84 | National Hydro Power Company Limited | 10650.00 | 134.00 | 130.00 | 133.00 | 3.00 |
| 85 | National Life Insurance Co. Ltd. | 1566.00 | 1845.00 | 1825.00 | 1825.00 | -24.00 |
| 86 | National Microfinance Bittiya Sanstha Ltd. | 1253.00 | 3391.00 | 3261.00 | 3350.00 | 90.00 |
| 87 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 210.00 | 2745.00 | 2741.00 | 2745.00 | -5.00 |
| 88 | NB Insurance Co. Ltd. | 710.00 | 1260.00 | 1240.00 | 1240.00 | -20.00 |
| 89 | Neco Insurance Co. Ltd. | 5160.00 | 940.00 | 925.00 | 936.00 | 1.00 |
| 90 | Nepal Bangladesh Bank Limited | 28046.00 | 341.00 | 331.00 | 336.00 | 1.00 |
| 91 | Nepal Bank Limited | 42720.00 | 360.00 | 350.00 | 355.00 | -2.00 |
| 92 | Nepal Community Dev. Bank Ltd. | 3399.00 | 311.00 | 299.00 | 308.00 | 11.00 |
| 93 | Nepal Credit And Co. Bank Limited | 15944.00 | 358.00 | 350.00 | 351.00 | -4.00 |
| 94 | Nepal Doorsanchar Comapany Limited | 1730.00 | 712.00 | 705.00 | 706.00 | -2.00 |
| 95 | Nepal Grameen Bikas Bank Ltd. | 1370.00 | 724.00 | 702.00 | 724.00 | -1.00 |
| 96 | Nepal Insurance Co. Ltd. | 1300.00 | 1425.00 | 1400.00 | 1400.00 | -19.00 |
| 97 | Nepal Investment Bank Limited | 21855.00 | 781.00 | 756.00 | 761.00 | -9.00 |
| 98 | Nepal Investment Bank Ltd. Pro. Share | 10171.00 | 674.00 | 664.00 | 674.00 | 12.00 |
| 99 | Nepal Life Insurance Co. Ltd. | 13766.00 | 2025.00 | 1990.00 | 1992.00 | -14.00 |
| 100 | Nepal Life Insurance Co. Ltd. Promoter | 500.00 | 1100.00 | 1100.00 | 1100.00 | 0.00 |
| 101 | Nepal SBI Bank Limited | 7521.00 | 862.00 | 822.00 | 841.00 | 24.00 |
| 102 | Nerude Laghubita Bikas Bank Limited | 991.00 | 1322.00 | 1310.00 | 1320.00 | 2.00 |
| 103 | Ngadi Group Power Ltd. | 157.00 | 238.00 | 229.00 | 230.00 | -7.00 |
| 104 | NIBL Pragati Fund | 4545.00 | 10.09 | 10.00 | 10.00 | -0.30 |
| 105 | NIC Asia Bank Ltd. | 9526.00 | 357.00 | 352.00 | 353.00 | 0.00 |
| 106 | Nirdhan Utthan Bank Limited | 5390.00 | 2405.00 | 2380.00 | 2385.00 | -12.00 |
| 107 | NLG Insurance Company Ltd. | 534.00 | 1555.00 | 1541.00 | 1541.00 | 18.00 |
| 108 | NMB Microfinance Bittiya Sanstha Ltd. | 384.00 | 2730.00 | 2703.00 | 2720.00 | -10.00 |
| 109 | NMB Bank Limited | 3075.00 | 487.00 | 478.00 | 487.00 | 7.00 |
| 110 | NMB Hybrid Fund L-1 | 11901.00 | 10.09 | 9.90 | 10.05 | 0.00 |
| 111 | NMB Sulav Investment Fund-1 | 51827.00 | 14.50 | 14.25 | 14.25 | -0.23 |
| 112 | Om Development Bank Ltd. | 8135.00 | 319.00 | 303.00 | 307.00 | -8.00 |
| 113 | Oriental Hotels Limited | 1153.00 | 873.00 | 855.00 | 873.00 | -16.00 |
| 114 | Pokhara Finance Ltd. | 543.00 | 234.00 | 233.00 | 233.00 | 0.00 |
| 115 | Prabhu Bank Limited | 11857.00 | 380.00 | 372.00 | 372.00 | -4.00 |
| 116 | Prabhu Insurance Ltd. | 3999.00 | 1150.00 | 1136.00 | 1137.00 | -3.00 |
| 117 | Premier Insurance Co. Ltd. | 1486.00 | 1640.00 | 1625.00 | 1626.00 | -14.00 |
| 118 | Prime Commercial Bank Ltd. | 23653.00 | 438.00 | 429.00 | 432.00 | -1.00 |
| 119 | Prime Life Insurance Company Limited | 1706.00 | 1950.00 | 1900.00 | 1916.00 | -9.00 |
| 120 | ProgressiveFinance Limited | 4115.00 | 252.00 | 237.00 | 245.00 | 9.00 |
| 121 | Prudential Insurance Co. Ltd. | 1341.00 | 1425.00 | 1407.00 | 1425.00 | -10.00 |
| 122 | Purnima Bikas Bank Ltd. | 910.00 | 299.00 | 291.00 | 296.00 | 0.00 |
| 123 | Rastriya Beema Company Limited | 130.00 | 16285.00 | 15680.00 | 15680.00 | -520.00 |
| 124 | Rastriya Beema Co. Limited Pro. Share | 291.00 | 14600.00 | 14113.00 | 14250.00 | -350.00 |
| 125 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 197.00 | 2070.00 | 2026.00 | 2070.00 | 10.00 |
| 126 | Ridi Hydropower Dev. Company Ltd. | 3307.00 | 160.00 | 156.00 | 156.00 | 1.00 |
| 127 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1706.00 | 1350.00 | 1320.00 | 1325.00 | 5.00 |
| 128 | Rural Microfinance Dev. Centre Ltd. | 915.00 | 790.00 | 776.00 | 783.00 | -5.00 |
| 129 | Sagarmatha Insurance Co. Ltd. | 579.00 | 1700.00 | 1685.00 | 1699.00 | 4.00 |
| 130 | Sahayogi Bikas Bank Limited | 6908.00 | 339.00 | 330.00 | 335.00 | -3.00 |
| 131 | Sana Kisan Bikas Bank Ltd | 3913.00 | 1600.00 | 1577.00 | 1590.00 | 10.00 |
| 132 | Sanima Bank Limited | 36238.00 | 406.00 | 400.00 | 403.00 | 3.00 |
| 133 | Sanima Mai Hydropower Ltd. | 835.00 | 550.00 | 530.00 | 545.00 | 10.00 |
| 134 | Saptakoshi Development Bank Ltd. | 476.00 | 183.00 | 178.00 | 178.00 | -2.00 |
| 135 | Shangrila Development Bank Ltd. | 8080.00 | 378.00 | 368.00 | 370.00 | 5.00 |
| 136 | Shikhar Insurance Co. Ltd. | 1561.00 | 1969.00 | 1950.00 | 1965.00 | 5.00 |
| 137 | Shine Resunga Development Bank Ltd. | 1053.00 | 402.00 | 390.00 | 395.00 | 5.00 |
| 138 | Shree Investment Finance Co. Ltd. | 50.00 | 472.00 | 472.00 | 472.00 | 9.00 |
| 139 | Shrijana Finance (Bittaya Sanstha) | 257.00 | 525.00 | 515.00 | 525.00 | 0.00 |
| 140 | Siddhartha Bank Limited | 11494.00 | 434.00 | 420.00 | 425.00 | 0.00 |
| 141 | Siddhartha Equity Orineted Scheme | 118500.00 | 11.85 | 11.51 | 11.85 | 0.15 |
| 142 | Siddhartha Insurance Ltd. | 1013.00 | 1543.00 | 1525.00 | 1530.00 | 5.00 |

Total Amount Rs. 469,374,946 Total Quantity 1,035,709 Total No of Transactions 6,325

२०७४, असोज
मंगलबार
३

विगतको निर्वाचनभन्दा आठौं कार्यसमितिकको निर्वाचनमा प्यानल निर्माण अलि फरक देखिएको छ। दुवै प्यानलले मुख्य गरेर फरक-फरक पार्टी सर्मथित व्यक्तिलाई आफ्नो प्यानलमा समावेश गरेका छन्। जसमा वीरबहादुर थारुको नेतृत्व गरेको प्यानलबाट प्रथम उपाध्यक्षमा हिमालय त्रिपाठी, द्वितीय उपाध्यक्षमा मनोज यादव, तृतीय उपाध्यक्षमा अजितराज भण्डारी, महासचिवमा शिवहरी पौडेल, सचिवमा पुष्कर सापकोटा, कोषाध्यक्षमा गंगा पोखरेल र सहकोषाध्यक्षमा मोहित पौडेलले उम्मेदवार भएका छन् भने १२ जना सदस्य पदमा रहेका छन्।




# लगानीकर्तालाई दशैं लाग्यो

**नेपाल समाचारपत्र**

काठमाडौं

अघिल्लो साताको अन्तिम दिन र चालू साताको पहिलो दिन भारी अंकले बढेको भए पनि सोमबार शेयर बजारमा करेक्सन देखिएको छ। नेप्से परिसूचकसँगै कारोबार रकममा पनि भारी गिरावट देखिएको छ।

सोमबार नेप्से परिसूचक ४ दशमलव २४ प्रतिशतले घट्दा कारोबार रकम ५० करोड रुपियाँभन्दा तल ओर्लिएको छ। सोमबार बैंक र बीमा समूहका परिसूचकमा भारी गिरावट आउँदा समग्र बजार ओरालो लागेको हो।

सोमबार नेप्से परिसूचक १ हजार ५ सय ४७ दशमलव ९४ अंकबाट शुरू भई १ हजार ५ सय ४३ दशमलव ७ अंक झरेर बजार बन्द भएको छ। परिसूचक घटेसँगै 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स शून्य दशमलव ७४ अंकले घटेर ३ सय २३ दशमलव ९ अंकमा ओर्लिएको छ।

सोमबार १ सय ६१ कम्पनीका १० लाख ३५ हजार ७ सय ९ कित्ता शेयर ४६ करोड ९३ लाख ७४ हजार ९ सय ४६ रुपियाँमा खरिद बिक्री भयो। कारोबार रकम अघिल्लो दिनको भन्दा ३२ करोड ८ लाख रुपियाँ कम हो। चाडबाडका कारण बजारमा लगानीकर्ताको चहलपहल कम हुँदै गएकाले बजार तथा कारोबार रकममा गिरावट आएको हो।

नेप्से परिसूचक घट्दा सोमबार कारोबारमा आएका ९ मध्ये ६ वटा समूहका परिसूचकमा गिरावट आए। घट्नेमा सबैभन्दा धेरै बीमा समूह ७९ दशमलव ६ अंकले घटेको छ। त्यस्तै होटल समूह, वित्त समूह र बैंकिङ समूह क्रमशः २० दशमलव शून्य ५, ५ दशमलव ८६ र २ दशमलव ५२ अंकले घटे। अन्य समूह र विकास बैंक समूहका परिसूचक पनि १ दशमलव ७३ र १ दशमलव ६२ अंकले घटे।

सुधार आउनेमा ट्रेडिङ समूह सर्वाधिक २० दशमलव ७ अंकले बढ्यो। त्यस्तै जलविद्युत् र उत्पादनमूलक समूह पनि १४ दशमलव ८९ र २ दशमलव ३३ अंकले सुधारिए।

सोमबार सबैभन्दा धेरै एभरेस्ट बैंकको भएको छ। कम्पनीका सबैभन्दा बढी २२ हजार २ सय २८ कित्ता शेयर २ करोड ७७ लाख ५ हजार ३ सय २१ रुपियाँको शेयर किनबेच भए। कारोबार शेयर संख्याको आधारमा नेपाल बैंक शीर्ष स्थानमा रह्यो।

धेरै कमाउनेमा विशाल बजार कम्पनीले सर्किटमा ह्याट्रिक गरेको छ। २० महिनापछि बिहीबार कारोबार खुलेको कम्पनीले लगातार तीन कारोबार दिन बढेर सर्किट ब्रेकर लागेको हो। सोमबार कम्पनीको तेस्रो कारोबार दिन ९ दशमलव ९८ प्रतिशत मूल्य बढेको हो। सोमबार बरुण हाइड्रोपावर कम्पनीका शेयरधनीले सर्वाधिक ४ दशमलव ३६ प्रतिशत गुमाए।

# हिमालयन बैंकको सहयोग



काठमाडौं, (नेस)

हिमालयन बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषलाई ११ लाख ११ हजार १ सय ११ रुपियाँ प्रदान गरेको छ। बैंकले हालै देशका विभिन्न स्थानमा भएको अविरल वर्षाका कारण आएको बाढी तथा भूस्खलनमा परि घरवारविहीन भएकाको सहयोगार्थ सो रकम हस्तान्तरण गरेको हो।

सहयोग गरकम बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शमशेर ज.ब. राणाले प्रधानमन्त्रीको कार्यालयमा आयोजित एक समारोहमा प्रधानमन्त्री शेरबहादुर देउवालाई सो रकम बराबरको चेक हस्तान्तरण गर्नुभएको हो।

# लगानीमैत्री वातावरण निर्माण गर्न आग्रह

काठमाडौं, (नेस)

नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधिमण्डलले उद्योगमन्त्री सुनीलबहादुर थापासँग भेटवार्ता गरेको छ। महासंघका अध्यक्ष भवानी राणाको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलले सोमबार उद्योग मन्त्रालयमा भएको भेटवार्तामा मन्त्री थापाको कार्यकालमा निजी क्षेत्रले उद्योग क्षेत्रमा महत्त्वपूर्ण कामको अपेक्षा गरेको बताएको हो।

भेटमा अध्यक्ष राणाले औद्योगिक व्यवसायिक ऐन तथा नियमावली, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी ऐन, भू-उपयोग नीति जस्ता महत्वपूर्ण नियमावली, ऐन कानुन यस अवधिमा आउन सके औद्योगिक क्षेत्र निर्वाध रूपमा अगाडि बढ्ने तथा बाह्य लगानीका लागि उपयुक्त वातावरण बन्न जाने सुझाव मन्त्रीसमक्ष राख्नुभएको थियो।

उहाँ अघिल्लो वर्ष अर्थतन्त्रका केही सूचक राम्रा देखिएकाले ती कार्यले स्थायित्व पाउने विश्वास व्यक्त गर्नुभयो।

औद्योगिक व्यावसायिक वातावरण बनाउने कार्यमा नवनियुक्त मन्त्रीको कार्यकालमा उल्लेख्य कार्य हुने विश्वास निजी क्षेत्रले लिएको उहाँको भनाइ थियो। भेटघाटमा अध्यक्ष राणाले निजी क्षेत्रले उठान गरेका विषयलाई 'फाष्ट ट्र्याक' बाट सम्बोधन गर्न आग्रह मन्त्रीसमक्ष गर्नुभयो।

भेटमा महासंघका कार्यकारिणी समितिका सदस्य तथा महासंघका महासचिव सुरेशमान श्रेष्ठ समेत सहभागी रहनु भएको थियो। मन्त्री थापाले भेटवार्तामा महासंघले दिएका सुझावलाई महत्त्वपूर्ण रूपमा लिँदै औद्योगिक व्यावसायिक वातावरणका लागि उद्योग मन्त्रालयका तर्फबाट तत्काल गरिनुपर्ने पहललाई लिखित रूपमा उपलव्ध गराउन महासंघलाई अनुरोध गर्नुभयो।



काम गर्ने समय निकै कम भएकाले आफ्नो कार्यकालमा मुलुकभित्र औद्योगिक व्यावसायिक वातावरण निर्माण, लगानीको वातावरण, नीतिगत सुधार सहित उद्योगीले भोग्नु परेका समस्या सम्बोधन गर्न आफू दत्तचित्त रहेको उहाँ महासंघलाई विश्वास दिलाउनुभयो।

# सीजीका दुई मोबाइल बजारमा

काठमाडौं, (नेस)

सिजी मोबाइल्सले एस्ट्रो सिरिजमा दुई वटा नयाँ मोडल एस्ट्रो टर्च एमवान् र एस्ट्रो टर्च एस वान बजारमा ल्याएको छ।




सीजी मोबाइल्सले नयाँ पुस्ताका लागि लक्षित गरेर ल्याएका मोबाइलमा इन्ट्री लेभल सेगमेन्ट समावेश गरिएको जनाइएको छ। मनोरन्जन र कुराकानीका लागि पछिल्ला प्रविधि प्रयोग गरी बनाइएको मोबाइललाई बजेट शुल्कमै पाउन सकिने कम्पनीले जनाएको छ।

नयाँ दुई मोबाइल लन्चपछि सीजी मोबाइल्सका व्यवस्थापन प्रमुख रमेश श्रेष्ठले दुई नयाँ मोबाइल सेट सार्वजनिक भएको र यसमा नयाँ प्रयोग भएको बताउनुभयो। मोबाइलको ब्याट्रीका साथसाथै स्मार्ट फिचर समावेश रहेको र मोबाइल सस्तो पनि रहेको उहाँको दाबी छ। उहाँले एस्ट्रो टर्च एमवान् र एस्ट्रो टर्च एस वानले ग्राहकको मन जित्नेमा आफू विश्वस्त रहेको बताउनुभयो।

यी मोबाइल लामो यात्रामा हिँड्ने वा लामो समयसम्म चार्ज गर्न नपाउनेका लागि उपयोगी हुने कम्पनीले बताएको छ। अडियो ज्याक, मोबाइल स्क्रिन पनि अपडेटेड प्रविधिमा आधारित रहेको सीजी कम्पनीको भनाइ छ।

# सिटिजन्स बैंकद्वारा वित्तीय साक्षरता

काठमाडौं, (नेस)

सिटिजन्स बैंक इन्टरनेसनल नेपालले नुवाकोटका साविकका ६ वटा गाविसमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको छ। बैंकले नुवाकोटका बागेश्वरी, गोर्स्याङ खड्गभञ्ज्याङ, मनकामना, जिलिङ र सुन्दरादेवीमा साक्षरता कार्यक्रम सञ्चालन गरेको हो। लुइस बर्जरको सहकार्यमा डीएफआईडीद्वारा सञ्चालित सक्षम परियोजनाअन्तर्गत यो कार्यक्रम आयोजना गरिएको हो। भदौ २५ गतेदेखि ३० गतेसम्म आयोजित उक्त कार्यक्रम विशेषगरी युवा, विद्यार्थी, सीमान्तकृत समुदाय र विप्रेषणमा निर्भर परिवार तथा महिलालाई लक्षित गरी सञ्चालन गरिएको थियो।

वित्तीय साक्षरताद्वारा सर्वसाधारणलाई बैंकको बारेमा सामान्य जानकारी दिने, उनीलाई बचत र ऋणको सही व्यवस्थापन गरी व्यवसाय सञ्चालन गर्ने, योजनाबद्ध रुपमा व्यवसाय तथा परिवारको बजेट निर्माण गरी उत्पादनमुलक क्षेत्रमा लगानी गर्न सहयोग गर्ने र ग्रामीण क्षेत्रमा उल्लेखीय विश्वास एवम् बैंकिङ सभ्यता विकास गर्न उक्त कार्यक्रमले सहयोग पुऱ्याउने अपेक्षा बैंकले जनाएको छ।

# ३ सय करदाता कारबाहीमा

काठमाडौं, (नेस)

आन्तरिक राजस्व विभागले आफूअन्तर्गतका कार्यालयमार्फत बजार अनुगमनलाई तिव्रता दिएको छ। विगत चार दिनमा विभागले २ सय ३४ टोलीबाट १ हजार ९ सय ५१ वटा करदाताको अनुगमन गरी कर कानुन पालना नगर्ने ३ सय २ करदातालाई जरिवाना तथा अन्य कानुनी कारबाही गरेको हो।

विभागअन्तर्गतका ३६ वटा कार्यालयबाट भदौ २७ गतेदेखि शुरू भएको बजार अनुगमनमा प्रत्येक कार्यालयबाट ३/३ वटा टोली परिचालन गरिएको विभागले जनाएको छ। बजार अनुगमन विभागको नियमित कार्य भएको जनाउँदै विभागले दशैं, तिहारमा बढी कारोबार हुने र सो क्रममा बिल विजक जारी नहुने गुनासो धेरैतिरबाट आउने भएकाले गत वर्ष जस्तै यस वर्ष पनि बजार अनुगमनलाई तिव्रता दिइएको विभागले जनाएको छ।

अनुगमनका क्रममा अन्तःशुल्क स्टिकर नलगाइएका गुट्खा तथा इजाजत नलिई कारोबार गरेको मदिरा र अन्तःशुल्क स्टिकरको प्रयोग नभएको मदिरा बरामद गरिएको छ। अनुगमन टोलीले नक्कली स्टिकरको प्रयोग, अवैध मदिराको प्रयोग, करपाटी नराख्ने, विवरण पेस नगर्ने, खाता अद्यावधिक नगरिएको, दर्ता नगरी कारोबार गरेको, घरबहाल कर दाखिला नगरेको, बिल विजकको प्रयोग नगरिएको जस्ता क्रियाकलाप गरेको फेला पारेकाले कानुनी कारबाही गरेको हो।






# निङमा र दिवाना सेमिफाइनलमा

**नेपाल समाचारपत्र**

काठमाडौं

दोस्रो वीर गणेशमान सिंह राष्ट्रिय स्तरको महिला तथा पुरुष खुला बक्सिङ प्रतियोगितामा सोमबारको खेलबाट सफलता हात पार्दै निङमा बुढामगर र दिवाना शेर्माले सेमिफाइनलमा स्थान बनाएका छन्।

महिला ४८ केजी तौल समूहको क्वार्टरफाइनल खेलमा एपीएफकी निङमाले रूपन्देहीका प्रेशसा क्षत्रीलाई अंकका आधारमा हराइन्। त्यस्तै नेपाल पुलिस क्लबका दिवानाले पनि ४८ केजी तौल समूहमा नक्सालकी रोशनी राईलाई अंककै आधारमा पराजित गरेकी थिइन्। महिला ४८ केजी तौल समूहमा निङमाले दिवाना र ललिता महर्जनले जानकी थापामगरसँग खेल्नेछन्।

महिला ५१ केजी तौल समूहमा सफलता हात पार्दै आर्मीका खेलाडीद्वय सीता पाठक, गीता थापामगर, पुलिसकी निशा तामाङ र कास्कीकी सिसम थापामगर सेमिफाइनलमा प्रवेश गरेका छन्। सीताले झापाकी सुष्मा जोशीलाई, गीताले मकवानपुरकी आरती बम्जनलाई, निशाले अल्फाकी विमला थापामगरलाई तथा सिसमले सुनसरीकी दीपा लिम्बुलाई हराउँदै अन्तिम चारमा स्थान सुरक्षित गरेका थिए।

योग स्टार क्लबको आयोजनामा वसन्तपुर डबलीमा भएको तेस्रो दिनको खेलबाट सफलता हात पार्दै पुरुष ५२ केजी तौल समूहमा एपीएफका विक्रम परियार, सरोज बुढाथोकी र कास्कीका शेरबहादुर नेपाली क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। त्यस्तै पुरुष ५६ केजी तौल समूहमा आर्मीका विमल रोक्का, नरेश देवान, कपिलवस्तुका प्रेम राना, अल्टिमेटका अनशल शाक्य, नवलपरासीका अविन परियार र कञ्चनपुरका महेन्द्र चन्द क्वार्टरफाइनलमा प्रवेश गरेका छन्।

त्यसै गरी पुरुष ६० केजी तौल समूहमा आर्मीका खेलाडीद्वय एकबहादुर घले, सुरेश नेपाली, एपीएफका सुमन कार्की, कञ्चनपुरका रामबहादुर थापा, मोरङका सञ्जोग कार्की, झापाका प्रकाश लिम्बु र मेघदूतका सतेन्द्र शाक्यले क्वार्टरफाइनलमा स्थान बनाए।

पुरुष ६४ केजी तौल समूहको प्रि-क्वार्टरफाइनल खेलमा पुलिसका भूपेन्द्र थापाले आर्मीका दानबहादुर दर्लामीलाई हराउँदै क्वार्टरफाइनलमा प्रवेश गरे। पुरुष ६९ केजी तौल समूहको प्रि-क्वार्टरफाइनल खेलमा पाल्पाका दानबहादुर सासले योङस्टारका पीयूष माथेमालाई हराए। यसै गरी पुरुष ४९ केजी तौल समूहमा नक्सालका सुशील थापामगरले नवलपरासीका ओम परियारलाई अंकका आधारमा पराजित गरे।



**पुरुष ६९ केजी तौल समूहको प्रि–क्वार्टरफाइनल खेलमा पाल्पाका दानबहादुर सासलाई पन्च प्रहार गर्ने क्रममा आयोजक योङस्टार स्पोर्ट्स क्लबका पीयूष माथेमा । तस्वीर : नेस**

## आर्मी र पुलिस आमनेसामने

हेटौंडा, (नेस)

केशवलाल श्रेष्ठ स्मृति दोस्रो पुरुष राष्ट्रिय भलिबल प्रतियोगिताको उपाधि होडमा नेपाल आर्मी क्लब र नेपाल पुलिस क्लब आमनेसामने हुने भएका छन्।

आज मंगलबार दिउँसो हेटौंडा-१९ बस्तीपुरस्थित निर्मल बहुमुखी क्याम्पसको खेल मैदानमा उपाधिका लागि नेपाल आर्मी क्लब र नेपाल पुलिस क्लबबीच खेल हुनेछ। सोमबार भएको सेमिफाइनलमा सशस्त्र प्रहरी बलको एपीएफ क्लबलाई पराजित गर्दै नेपाल आर्मी फाइनल प्रवेश गरेको हो भने आयोजक मकवानपुरलाई पराजित गर्दै नेपाल पुलिस फाइनल प्रवेश गरेको हो। सेमिफाइनलमा नेपाल आर्मीले सशस्त्र प्रहरी बलको एपीएफ क्लबलाई २६-२४, २५-१८ र २५-१६ को सोझो सेटमा पराजित गरेको हो।

### एसियन इन्डोर गेम्स शुरु

# नेपालको नमीठो सुरुआत

**फिरोज राजोपाध्याय**
**अस्गाबात, तुर्कमेनिस्तान**

मार्बलको शहर भनेर विश्वमा चर्चित तुर्कमेनिस्तानको राजधानी अस्गाबातमा आइतबारदेखि भव्यरूपमा शुरू भएको पाँचौं एसियन इन्डोर तथा मार्सल आर्ट्स गेम्समा नेपाली खेलाडीले नमीठो सुरुआत गरेका छन्।

नेपालका नवराज गुरुङ रिङमा उत्रन अगाडि नै पराजित हुन पुगे। सोमबार किक बक्सिङ एरेनामा मकाउका खेलाडी ली का लन उत्रे पनि गुरुङ उत्रेनन्। मुआ थाईअन्तर्गत पुरुष ६७ केजीतर्फको उक्त खेलमा प्रतिस्पर्धा गर्न गुरुङलाई म्याच रेफ्रीले दुईपटक बोलाएका थिए। तर उनी अनुपस्थित भएपछि वाकओभरमा विपक्षी खेलाडीको सहज जित भएको थियो।

तर नेपाल मुआ थाई संघका अध्यक्ष भीमसेन सिंह गुरुङले आयोजकले अन्याय गरेको नेपाली मिडियालाई बताए। उनले भने- 'हामीलाई ५ बजे प्रतिस्पर्धा हुने आयोजकले बताएको थियो। यहाँ (एरेनामा) आउँदा मात्रै थाहा भयो खेल ४ बजे शुरू भइसकेको थियो। यो त अन्याय नै हो।'

यसअघि आइतबार राति पाँचौं एसियन इन्डोर तथा मार्सल आर्ट्स गेम्सको भव्य उद्घाटन भएको थियो। मध्यराति १२ बजेसम्म चलेको भव्य उद्घाटन समारोहलाई तुर्कमेनिस्तानका राष्ट्रपति गुरबान्गुली बर्डिमुहामडोले उद्घाटन गरेका थिए। मार्च पासमा नेपालको तर्फबाट तेक्वान्दोका वीरबहादुर महराले राष्ट्रिय झन्डा बोकेका थिए। पहिला तेक्वान्दोकी नीमा गुरुङले बोक्ने भने पनि फ्लाइट ढिला भएकाले उनले मार्च पासमा झन्डा बोक्न पाइनन्। उनले भनिन्- 'मेरो फ्लाइट ढिलो भएको हुँदा नेपालको झन्डा बोक्ने अवसर मैले गुमाएँ।'

प्रतियोगितामा नेपालले आठ खेलमा सहभागिता जनाएको छ। तेक्वान्दो, बुद्धिचाल, पौडी, भारोत्तोलन, पुरुष थ्री वाई थ्री बास्केटबल, मुआ थाई, किक बक्सिङ र कुराँस खेलमा नेपालको सहभागिता रहेको छ। नेपाली टोलीमा १८ खेलाडी, प्रशिक्षक र अफिसियल गरी २७ जना रहेका छन्। नेपाली टोलीको सेभ द मिसनमा राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव केशवकुमार विष्ट रहेका छन्। एडमिन अफिसरका रूपमा राखेप प्रशासन विभाग प्रमुख वासुदेव आचार्य छन्।

प्रतियोगितामा सहभागी खेलाडीमा तेक्वान्दोबाट नीमा गुरुङ र वीरबहादुर महरा, बुद्धिचालमा मोनालिसा खम्बु र मदनकृष्ण कायस्थ, पौडीका शिरीष गुरुङ र निहारिका तुलाधर, मुआ थाईमा नवराज गुरुङ, भारोत्तोलनमा कमला श्रेष्ठ र प्रकाश केसी र कुराँसबाट अस्मिला छन्त्याल, दीपक छन्त्याल र जतान्ती श्रेष्ठ रहेका छन्। त्यस्तै बास्केटबलमा असिम श्रेष्ठ, विक्रम जोशी, विजय बुर्जा र सौरभ श्रेष्ठ रहेका छन्। किक बक्सिङमा दिवश श्रेष्ठ, निकेश श्रेष्ठ र राजनकुमार भुजेलले प्रतिस्पर्धा गर्नेछन्।

प्रशिक्षकमा तेक्वान्दोबाट हरिहरप्रसाद पाण्डे, बास्केटबलबाट दिनेशचन्द्र नकर्मी, भारोत्तोलनबाट जगदीशप्रसाद प्रधान, किक बक्सिङबाट रञ्जनकुमार भुजेल, बुद्धिचालका धरमबहादुर लामा, कुराँसबाट प्रतीक्षा खरेल र पौडीबाट मुकुन्दराज शर्मा रहेका छन्।

एसियन इन्डोर तथा मार्सल आर्ट्स गेम्समा एसियाका ४५ र ओसियाना देशका १९ गरी कुल ६४ देशका ४५ सय खेलाडीले विभिन्न २३ खेलमा ३ सय ४७ पदकका लागि प्रतिस्पर्धा गर्नेछन्। आयोजकका अनुसार प्रतियोगिता आयोजना गर्न सन् २०१० देखि अस्गाबातमा ओलम्पिक भिलेजको निर्माण थालनी गरिएको थियो।

भिलेज निर्माणको कार्य सन् २०१५ मा समाप्त भएको हो। त्यसको दुई वर्षपछि अहिले एसियन इन्डोर गेम्सको आयोजना भएको हो। प्रतियोगिताका लागि करिब ५ अर्ब अमेरिकी डलर बजेट रहेको पनि आयोजकले बताएको छ। तुर्कमेनिस्तानले सन् २०३२ को ओलम्पिक गेम्स आयोजना गर्न पनि लक्ष्य राखेको छ।

## धरहरा

### मन्त्रिमण्डल अझै ठूलो बनाऊ



मन्त्रिमण्डल विस्तारका बारेमा सर्वत्र चासो र चर्चाको विषय बनेको छ। संविधानमा २५ जनाभन्दा बढी मन्त्रिमण्डल विस्तार गर्न नपाइने संवैधानिक व्यवस्था गरिएको छ। तर सरकारले संक्रमणकालको फाइदा उठाउँदै मन्त्रिमण्डल बढाउने होडबाजी नै चालेको छ।

प्रधानमन्त्री शेरबहादुर देउवाले यसअघि आफैले कायम गरेको रेकर्ड तोडेर अहिले ५६ सदस्यीय मन्त्रिमण्डल बनाएका छन्। देउवाको पहिचान नै जम्बो मन्त्रिमण्डल बनाउने भएको छ। देउवाले धेरैपटक रेकर्ड राखिसकेका छन्। सानोभन्दा पनि हरेक काममा ठूलै दृष्टिकोणले हेर्ने बानी परेर पनि होला।

धरहराले दूरविन सोझ्याउँदा प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री देउवा अझ असन्तुष्ट देखिएको पाइयो। किन रहेछ भनेर फोकस गर्दा त अझै पनि मन्त्रिमण्डल विस्तार गरेर साठी जना जति पुर्‍याउन पाए हुन्थ्यो भन्ने तयारीमा रहेछन्। देउवाले यसपटक विस्तार हुने मन्त्रिमण्डल इतिहासमा अरू कसैले पनि तोड्न नसकून् भनेर जति सक्यो बढाउने भित्री इच्छा व्यक्त गरेको पाइयो। देउवाले अब लोकले के भन्छ भन्दा पनि सकेसम्म मन्त्रिपरिषद् बढाउनेतिर नै बढी ध्यान दिएको धरहराले दूरविन सोझ्याउँदा देख्यो।

## हङकङविरुद्ध नेपाली टोलीको घोषणा

काठमाडौं, (नेस)

विश्व क्रिकेट लिग च्याम्पियनसिपअन्तर्गत हकङकविरुद्ध खेल्ने नेपाली टोलीको घोषणा भएको छ।

पारस खड्का कप्तान रहेको १४ सदस्यीय नेपाली टोलीमा वसन्त रेग्मी, सोमपाल कामी र करण केसी, सन्दीप लामिछाने, सुशन बलरका रूपमा रहेका छन्।

यस्तै उपकप्तान ज्ञानेन्द्र मल्ल रहेको टोलीमा शदर भेषावकर, सागर पुन, विनोद भण्डारी, दीपेन्द्रसिंह ऐरी पनि छन्। नयाँ अनुहारका रूपमा ललित भण्डारी र सुशील कँडेल छन्। ललित लेफ्ट आर्म मिडियम पेस र कँडेल लेफ्ट आर्म स्पिनर हुन्। यसै गरी जितेन्द्र मुखिया, नरेश बुढायर, मेहबुब आलम र कुसल भुर्तेल भने वैकल्पिकमा परेका छन्।


# साधनाको नयाँ अंकका आकर्षणहरु

**जडीबुटीको प्रयोग : चिने अमृत, नचिने विष**

आधुनिक औषधिले निको हुन नसकेका रोग जडीबुटीको प्रयोगले ठीक भएका छन् भने यसको जथाभावी प्रयोगले ज्यान नै गएका पनि छन् । कसैका लागि यहाँ जडीबुटी अमृत भएको छ त कसैका लागि विष । आँसु नै आउने घटना विवरणसहित ठोस योजना र नीतिको अभावमा रनभुल्लमा परेको जडीबुटी उपचारसम्बन्धी खोजमूलक आवरण स्टोरी ।

**आवश्यकता बनेको स्वास्थ्य बिमा**

स्वास्थ्य उपचार गराउन नसक्दा धेरैको ज्यान गइरहेको अवस्थालाई मध्यनजर गरी सरकारले स्वास्थ्य बिमा कार्यक्रम शुरू गरेको छ । यो बिमा कहाँ-कहाँ लागू भएको छ, कसरी सदस्य बन्ने, कस्ता उपचार कसरी प्राप्त गर्ने ? जानकारीमूलक रिपोर्ट ।

**घुँडा दुखेर हैरान, के गर्ने ?**

अस्वस्थ जीवनशैलीका कारण धेरैलाई घुँडा दुख्ने समस्याले हैरान पारेको छ । दुखाइ सहने वा पेनकिलर खाएर केही क्षणलाई सन्चो बनाउने गर्दा यो समस्या झन् जटिल बन्न पुग्छ अनि अन्त्यमा शल्यक्रियाबाहेक विकल्प रहँदैन । त्यसो भए के गर्ने त ? घुँडा दुख्नेहरूका लागि उपयोगी रिपोर्टिङ ।

**बालबालिकामा लर्निङ डिस्अर्डर**

पढ्ने, लेख्ने, गणित हल गर्नेजस्ता सवालमा कुनै विषयमा बालबालिका निकै पछाडि देखिन्छन् भने लर्निङ डिसअर्डर भएको हुन सक्छ । समयमै मनोवैज्ञानिक उपचार गरे त्यस्ता बालबालिकालाई नर्मल अवस्थामा ल्याउन सकिन्छ । मनोविद्को उपयोगी लेख ।

**चाडपर्वका खाद्यपरिकार**

कुनै चाडपर्वमा मासुका परिकारलाई मात्र ग्राह्यता दिइएको हुन्छ भने कुनैमा गुलिया मिठाईका प्रकारलाई बढी प्राथमिकता दिइन्छ । यसरी ४-५ दिनसम्म एकै प्रकारको खाद्यपदार्थ खाँदा स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्न सक्छ । यसलाई कसरी सन्तुलित गर्ने त ? न्युट्रेसन विज्ञको जानकारीमूलक लेख ।

**गर्भावस्थामा रक्तचाप बढ्यो कि ?**

गम्भीर खालको रक्तचापको समस्या भैसकेपछि पनि आवश्यक उपचार नगरेको खण्डमा गर्भवती महिलालाई कम्पन छुट्ने समस्या देखा पर्न सक्छ । यस्तो अवस्थामा आमा तथा बच्चा दुवैको ज्यान जोखिममा हुन्छ । स्त्रीरोग विशेषज्ञको लेख ।

**स्वस्थकर जीवनका लागि लाइफस्टाइल मेडिसिन**

देख्दा निकै सामान्य लाग्ने जीवनशैली चिकित्सा विधि अपनाएर अहिलेको समयमा बिगबिगीका रूपमा रहेका मधुमेह, उच्च रक्तचाप, हार्ट अट्याक, डिप्रेसन, हड्डीका समस्या आदिको व्यवस्थापन तथा उपचार गर्न सकिन्छ । विज्ञद्वारा तयार पारिएको सुझावयुक्त आलेख ।

**सौन्दर्यप्रति टिनएजको आकर्षण, अनुहार बिग्रेला नि !**

**स्वाइन फ्लुले नछोड्ने नै भयो त ?**

**वृद्धवृद्धाका लागि हार्मोनी होम केयर**

**यौनलतको सिकार**

**साथमा**

तपाईंका घरमा हाम्रा डाक्टर, इन्ट्रेस्टिङ टेन हेल्थ फ्याक्ट्स, हेल्थ न्युज, जनअदालत, हेल्थसँग सम्बन्धित रोचक र उपयोगी टिप्सहरू ।




सर्वत्र बजारमा उपलब्ध छ ।


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ